# वार्षिक प्रगति प्रतिवेदन

आ. व. २०८०।८१



## थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इन्द्रायणी चौर, मकवानपुर

**संरक्षकः**
विष्णु बहादुर विष्ट
नगर प्रमुख

**सल्लाहकार**
भरत गोपाली
नगर उपप्रमुख

**निर्देशक**
कृष्ण गिरी

**सम्पादन समिति**
नवीन खालिङ
कुमार नेगी
सुरजकुमार भुजेल

**प्रकाशक**
थाहा नगरपालिका
सूचना शाखा

**प्रकाशन मितिः २०८१ साउन**

सर्वाधिकारः थाहा नगरपालिका, इन्द्रायणीचौर मकवानपुर

फोन नम्बर ०५७-४००५६

**इमेल**
**thahamunicipality@gmail.com**

**वेबसाइटः**
**https://thahamun.gov.np/**

**Tourism Website**
**https://tourism.thahamun.gov.np/**

## थाहा नगर कार्यपालिकाका सदस्यहरुको विवरणः

# नगर कार्यपालिकाका पदाधिकारीहरुको विवरण



विष्णु बहादुर विष्ट
नगर प्रमुख
९८५५०८९३४५



भरत गोपाली
नगर उप-प्रमुख
९८५५०८९३४४



हेरमान गोपाली
१ नं वडा अध्यक्ष
९८५५०८९३०१



बम बहादुर सिन्तान
२ नं वडा अध्यक्ष
९८५५०७४१८२



हिरेन्द्र कुमार रायमाझी
३ नं वडा अध्यक्ष
९८४५०७२४८९



नारायण लामा
४ नं वडा अध्यक्ष
९८४५०७०६२५



बिष्णु बहादुर गुरुङ
५ नं वडा अध्यक्ष
९८४५७९५५२७



राजेन्द्र भक्त श्रेष्ठ
६ नं वडा अध्यक्ष
९८५५०८९३०६



शिवराज थिङ
७ नं वडा अध्यक्ष
९८५५०७०२८७



हेम कुमार थिङ
८ नं वडा अध्यक्ष
९८४१५२०७०४



राजकुमार बलामी
९ नं वडा अध्यक्ष
९८५११६६०२५



हीरा बहादुर गमाल
१० नं वडा अध्यक्ष
९८४५०७२४८७



दिनेश बल
११ नं वडा अध्यक्ष
९८४५७८२३०३



टिकाराम स्याङतान
१२ नं वडा अध्यक्ष
९८५१०९३०४१



अनिता बल
कार्यपालिका सदस्य
९८१८००००३८



रितु कार्की
कार्यपालिका सदस्य
९८४३६१३६८२



पवित्रा ठकुरी
कार्यपालिका सदस्य
९८४५३२७०४४



चन्द्र माया थिङ
कार्यपालिका सदस्य
९८४५१२४४३३



अञ्जु श्रेष्ठ
कार्यपालिका सदस्य
९८०३९५२६०२



जनक बहादुर कामी
कार्यपालिका सदस्य
९८६०७३२३८६



राम प्रसाद वि.क.
कार्यपालिका सदस्य
९८६०२६२५९४



राम दर्जी
कार्यपालिका सदस्य
९८४५०७७४६५

# मेरो भनाइ



थाहा नगरपालिका कृषि र पर्यटन क्षेत्रका लागि परिचित पालिका हो । पूर्वाधार विकास यहाँको आवश्यकता हो । शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, उद्यमशीलता, सामाजिक समावेशीकरण लगायतका सवाल हाम्रा विकासका उद्देश्यहरु हुन् । अन्ततः थाहा नगरबासीलाई सेवामा सर्वसुलभ पहुँच, आवश्यकतामा आधारित विकास, सम्वृद्धि र सुशासन हाम्रो लक्ष्य हो । थाहा आन्दोलनका प्रणेता रुपचन्द्र विष्टको अभियान पनि यही थियो । उहाँकै दर्शनबाट नामाकरण भएको थाहा नगरपालिकाले विकास, सुशासन र पारदर्शितालाई पछ्याइरहेको छ । यहि ध्येयले हामी वार्षिक योजना तर्जुमा कार्यान्वयन र त्यसको प्रभाव मुल्याङ्कन गर्ने गर्दछौं । थाहा नगरपालिका कम जनसंख्या र बढी भौगोलिक विकटताले भेलिएको छ । १२ वटा वडा रहेको थाहामा ३८ हजार ८ सय ७० जनसङ्ख्या रहेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन अनुसार वडा नम्बर १ र ६ मात्र शहरी क्षेत्रमा सूचीकृत छ । १० वटा वडा ग्रामिण क्षेत्रमा सूचीकृत छ । अर्थात, नगरपालिकाको कुल क्षेत्रफलको ८०.४१ प्रतिशत क्षेत्र ग्रामिण क्षेत्र रहेको छ । यो तथ्याङ्क अनुसार पनि पालिकाको विकास गर्नुपर्ने भूगोल र क्षेत्रहरु फराकिलो छ भन्ने देखाउँछ । यद्यपि नगरपालिकाले नागरिकको आवश्यकता पहिचान र मागको आधारमा वार्षिक योजना निर्माण तथा कार्यान्वयनलाई तिव्रता दिँदै आएको छ । आर्थिक वर्ष २०८०/०८१ मा मात्र १ अर्ब ३ करोड २४ लाख ९० हजार २ सय ६५ मध्ये ८२ करोड ८६ लाख ८२ हजार ९ सय ३५ रुपियाँ खर्च भएको छ ।

आर्थिक वर्ष २०८०/०८१ का लागि तर्जुमा गरिएका बहुवर्षिय योजना बाहेक ९६ प्रतिशत योजना सम्पन्न भएका छन् । स्थानीय विकासका योजनामा उपभोक्ताहरुको १५ प्रतिशत श्रमदान नीति अवलम्बन गरिएको छ । नगरपालिकाको अनुगमन संरचनालाई चुस्त बनाइएको छ । यसले गर्दा गुणस्तरीय विकासका लागि मद्दत पुगेको छ । शैक्षिक क्षेत्रको विकासका लागि तर्जुमा भएका योजनाहरु कार्यान्वयनमा विद्यालयहरुसंग समेत सहकार्य गरिएको छ । नगरपालिकाको सुन्दरीदेवी माविमा सिभिल इन्जिनियरिङ र जनकल्याण माविमा कृषितर्फ बाली विज्ञान अध्यापन भैरहेको छ । थप प्राविधिक शिक्षाका लागि चित्लाङमा रहेको थाहा पोलिटेक्निक इन्स्टिच्युट, योग शिक्षाका लागि सुनौलो सिकाइ केन्द्र लगायतसंग सहकार्य भएको छ । नगरपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गरी कार्यान्वयनमा ल्याइएको छ । प्राथमिक स्वास्थ्य केन्द्रबाट प्रस्तावित १५ शैया अस्पतालको सेवा प्रवाह गरिएको छ । ११ वटा वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको छ भने पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको छ । कृषि, पशु, पर्यटन, रोजगरी जस्ता आर्थिक क्षेत्रहरुको विकासका लागि बजेट व्यवस्था गरी पूर्वाधार विकास र अनुदानका कार्यक्रमहरु संचालन गरिएको छ । प्राकृतिक, धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक रुपमा पर्यटन प्रवर्द्धनका लागि हेटौंडा उपमहानगरसहितको अन्तर स्थानीय तह सञ्जाल गठन भएको छ । सामाजिक समावेशीकरण, खानेपानी, विपद, फोहोरमैला व्यवस्थापनलगायतका क्षेत्रमा पालिका, प्रदेश र संघीय सरकारसंगको सहकार्यमा समेत विभिन्न योजना, अभियान तथा कार्यक्रमहरु संचालन गरिएको छ । दिगो विकासका १७ लक्ष्यलाई स्थानीयकरण गर्दै नगरपालिकाले बजेट, नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्दै आएको छ ।

नगरबासीको असीमित माग र सीमित स्रोतबाट सम्बोधन गर्नुपर्ने अवस्था चुनौतिपूर्ण छ । नागरिकहरु करप्रति अनुशासित छन् । तैपनि नगरपालिकाको आन्तरिक स्रोत कमजोर छ । आर्थिक वर्ष २०८०/०८१ मा संघ तथा प्रदेश सरकारबाट प्राप्त सिलिङ अनुसारको बजेट निकासा हुन सकेन । पालिकालाई प्राप्त सिलिङमा वित्तीय समानीकरण (संघ) ९३.६ प्रतिशत तथा संघीय राजश्व बाँडफाँड जम्मा ६१.२३ प्रतिशत मात्र प्राप्त भएको छ । त्यसैगरी प्रदेश राजश्व बाँडफाँड (सवारी कर) ८५.०७ र संघीय समपुरक अनुदान जम्मा ७५ प्रतिशत मात्र प्राप्त भएको छ । निकासाको यो आँकडा अनुसार हामीले तर्जुमा गरेको योजना कार्यान्वयन त गर्‍यौं तर भुक्तानी दिन सकेनौं । यसले हाम्रो वित्तीय प्रगतिमा धक्का पुगेको छ भने उपभोक्ता, सप्लायर्स र निर्माण व्यवसायीलाई भुक्तानी दिन नसक्दा पालिकाप्रति हेर्ने दृष्टिकोण फरक हुन पुगेको छ । तसर्थ संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय थप मजबुद बनाउनु आवश्यक देखिन्छ । पालिका र नगरबासीबीचको विकासको एजेण्डा साभा बनाउन हामी जहिल्यै तत्पर छौं । यो समीक्षा प्रतिवेदनले आगामी आर्थिक वर्षको योजना तर्जुमा र कार्यान्वयनलाई थप मार्गदर्शन गर्दछ भन्ने अपेक्षा लिएको छु ।

......................

नगर प्रमुख

विष्णु बहादुर विष्ट

# प्रतिवेदन बारे



थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा भए/गरेका आफ्ना गतिविधिहरुलाई मूल विषय बनाएर तयार पारेको वार्षिक प्रगति प्रतिवेदनलाई पुस्तिकाकै रुपमा प्रकाशन गर्ने जमर्को गरेको छ । यसअघि समीक्षा गोष्ठीमार्फत् प्रस्तुतीकरण, छलफल र निष्कर्ष प्रक्रिया अवलम्वन गरी सोको आधारमा अघि बढ्ने परम्परालाई थप परिमार्जन गर्दै समीक्षात्मक प्रतिवेदनलाई दस्तावेजीकरण गर्ने प्रयास एक अनुकरणीय कार्य सावित हुनेछ भन्ने मैले विश्वास लिएको छु।

प्रस्तुत प्रतिवेदनमा नगरको समग्र अवस्थाको झलक, महाशाखा/शाखा, वडा कार्यालयहरु र नगर मातहत कार्यालयहरुको समीक्षात्मक विवरणहरु समेटिएका छन् । उक्त विवरणहरुलाई सँगै अङ्कित तस्विरहरुले थप विश्वसनीय बनाउँछन् । आ. व. २०८०।८१ मा नगरको शाखा तथा वडाहरुबाट सम्पादन भएका गतिविधिहरुलाई एउटै दस्तावेजमा सङ्ग्रहित गर्दा यसले अन्तर विषय समन्वय, अन्तरशाखा समन्वय, अन्तरवडा समन्वयका साथै हामीजस्ता जनप्रतिनिधिहरुलाई विवरणहरुमा आधारित भएर एकसाथ प्रस्तुत हुन अझ बढी सहज हुनेछ। यो पुस्तिका एक दस्तावेज मात्र नभएर नगर कार्यपालिकाको एक अनुगमन प्रणालीको स्वरुपसमेत बन्नेछ भन्ने मेरो ठम्याइ रहेको छ।

थाहा नगरपालिका नामाकरणको आधार नै रुपचन्द्र विष्टको दर्शनसँग जोडिएको 'थाहा' हो जसबाट सुशासन, पारदर्शिता, लोकतन्त्र जस्ता बहुआयामिक पक्षहरुको पक्षपोषण हुनुपर्दछ। प्रस्तुत प्रतिवेदन पनि यसैको एउटा कडी हो। थाहा नगरपालिका र यसका विषयवस्तुहरुमा सरोकार राख्ने जोकोहीले यस प्रतिवेदनबाट प्रशस्त लाभ लिन सक्नेछन् । लेखक, पत्रकार, सोधकर्ता, विश्लेषक सबैको लागि यो प्रतिवेदन वस्तुगत सूचनाको एक श्रोत बन्न सक्नेमा दुईमत छैन।

प्रस्तुत प्रतिवेदनको अध्ययनबाट थाहा नगरपालिकाको विविध पक्षको अवस्थाको बारेमा साङ्गोपाङ्गो थाहा पाउन सकिन्छ । यसलाई आफ्नो अध्ययनको घेराभित्र मात्र सीमित नगरी त्यसबाट आफूलाई लागेका कुराहरु सुझावको रुपमा उपलब्ध गराइदिन म सबैसमक्ष अनुरोध गर्दछु।

अन्त्यमा, आ. व. २०८१।८२ अझ प्रगतिमय बनोस्, सबैलाई शुभकामना।

.......................

नगर उपप्रमुख

भरत गोपाली

# मेरो भन्नु



थाहा नगरपालिकामा आ.व. २०८०।०८१ मा नगरपालिका, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट गरिएका गरिएका कार्यक्रमहरु, विकास निर्माण, शासकीय गतिविधि, सेवा प्रवाह, शाखाहरुबाट सञ्चालित कार्यक्रमहरु, राजस्व सङ्कलनमा गरिएका प्रयासहरु, चालू तथा पूँजीगत खर्चको अवस्था, नगरपालिकाले स्वामित्व ग्रहण गरेका उल्लेखनीय कार्यहरु एवं आइपरेका समस्या र समाधानको लागि गरिएका प्रयासहरु लगायतका मूलभूत विषयहरु समावेश गरी आधिकारिक र लिखित दस्तावेजको रुपमा बार्षिक समीक्षा प्रतिवेदन प्रकाशन गर्न पाँउदा एकदमै खुसी लागेको छ । यस्तो दस्तावेज संस्थागत संस्मरण, प्रमाणको रुपमा सुरक्षित राख्न, सेवाग्राही तथा आम सरोकारवालाहरुको लागि उपयोगी हुने विश्वास लिएको छु ।

आ.व. २०८०।०८१ मा कूल बजेट रु १ खर्ब ३ करोड २४ लाख ९० हजार विनियोजन भएकोमा वि.सं. २०८० असार २४ गते सम्म सो को ८०.२६ प्रतिशत खर्च भएको छ । खर्च प्रतिशत हेर्दा संघ तथा प्रदेशको तुलनामा अत्यन्तै राम्रो प्रगति गर्न नगरपालिका सफल भएको छ । वित्तीय भन्दा भौतिक प्रगति अत्यन्तै धेरै भएको छ । काम सम्पन्न भएको झण्डै ४ करोड रुपैयाँ भुक्तानी दिन बाँकी रहेको छ। प्रोदभावी लेखा प्रणालीको दृष्टिबाट वित्तीय प्रगति मापन गर्दा खर्च प्रतिशत माथि उल्लेख गरे भन्दा धेरै हुन आँउछ।कोषमा प्राप्त रकमको ९६ प्रतिशत खर्च भएको छ।नगरपालिका स्थापना प्रश्चात पहिलो पटक कोषमा रहेको सबै श्रोत खर्च गर्न सफल भएको छ ।यसबाट गरपालिकाको खर्च क्षमता बढेको पुष्टि हुन्छ। झण्डै ९ करोडको दायित्व यस आर्थिक वर्षमा सरेको छ।

संघीय सरकारबाट प्रकाशित हुने सूचकहरुमा (LISA, FRA, कार्यसम्पादन सूचकाङ्क, बेरुजु) नगरपालिका अग्रस्थानमा रहेको छ ।सर्वसम्मत तथा पारदर्शी निर्णय प्रकृया, सरोकारवालाहरुसँगको छलफल र रायको आधारमा निर्णय लिने प्रणाली अबलम्बन गरिएको छ।मेयर, उप-मेयर तथा वडाध्यक्षबाट अभिभावकीय भूमिका निर्वाह भएको छ । नगरको आय व्यय विवरण र गतिविधिहरुको नियमित रुपमा प्रकाशन गरिएको छ ।सस्तो, सुलभ र पहुँचयोग्य आधारभूत स्वास्थ्य सेवा तथा रेफरल ल्याब सहितका केही विषेशज्ञ सेवाहरु प्रदान हुँदै आएको छ ।सुलभ रुपमा नगरपालिकाबाटै जनतालाई अक्सिजन उपलब्ध भैरहेको छ। नगरको गौरवको योजनाको रुपमा रहेको थाहा शीतभण्डार यसै वर्ष सम्पन्न हुँदै छ।पूर्ण रुपमा नगदरहित आर्थिक कारोबार रहेको छ । जनप्रतिनिधिको स्वामित्व र नेतृत्वमा नीति, बजेट एवं कार्यक्रम निर्माण हुने प्रणाली स्थापित भएको छ ।नगरको पहलमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकलाई राष्ट्रिय परिचयपत्रको सेवा प्रदान गरिएको छ।नगरका प्राय सेवाहरु डिजिटालाइजेन गरिएको छ। सुशासनलाई केन्द्रविन्दुमा राखी मासिक शाखा प्रखुहरुसँग तथा वडा सचिवहरुसँग बैठक हुँदै आएको छ। चालू खर्चलाई मितव्ययी गराउन आन्तरिक नियन्त्रणका औजारहरुको प्रयोग गरिएको छ । यसै वर्ष नगरपालिकाको संगठन संरचना तथा दरबन्दी तेरिज (O and M) सम्पन्न भएको छ ।

यद्यपि अन्तर सरकार समन्वय अभाव, न्युन आन्तरिक श्रोत परिचालन, संघबाट शसर्त अनुदानको अंक बढ्दै जानु र समानीकरणको रकम घट्दै जानु, संघ तथा प्रदेशले प्रतिवद्धता गरेको रकम प्राप्त नहुनु, राजस्व बाँडफाँडको रकम तोकिए भन्दा निकै न्युन प्राप्त हुनु, जटिल र प्रकृयामुखी खरिद प्रकृया, ठेकदारले समयमै काम नगर्नु जस्ता समस्याहरु रहेका छन् । दिगो विकास लक्ष्य प्राप्त गर्ने गरी उत्पादन र उत्पादकत्व बढाउनु, स्थानीय तहमा व्यापक रुपमा रोजगारी सिर्जना गर्नु तथा संघीय सरकारको आवधिक योजनाका लक्ष्यसँग सामन्जस्य हुने गरी स्थानीय आवश्यक्ता र सम्भाव्यताको आधारमा विकास निर्माण गर्नु, नजिकमा रहेका संघीय र प्रादेशिक राजधानीको सम्भाव्यता दोहन गर्न अवसर प्राप्त थाहालाई बेमौसमको तरकारी बालीमा व्यवसायिक, गुणस्तरीय पर्यटन मार्फत रोजगारी र स्वरोजगारी सिर्जना गरी स्थानीय सरकारको औचित्य पुष्टि गर्न चुनौतिपूर्ण रहेको छ ।

.................

कृष्ण गिरी

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


| विषयवस्तु | पृष्ठ |
|---|---|
| पृष्ठभूमि | १ |
| परिचय | १ |
| वडा विभाजन | २ |
| वार्षिक समीक्षाको औचित्य | २ |
| उद्देश्य | ३ |
| प्रतिवेदन तयारी विधि | ३ |
| वस्तुस्थिति विश्लेषण | ३ |
| सार्वजनिक सेवा तथा क्षमता विकास | ४ |
| जनशक्ति व्यवस्थापन तथा वडा समन्वय | ४ |
| सूचना प्रविधिको प्रयोग | ४ |
| सूचना शाखाबाट सञ्चालन भएका अन्य कार्यक्रम तथा गतिविधिहरु | ६ |
| राजश्व परिचालन | ७ |
| वित्तीय व्यवस्थापन | ८ |
| आर्थिक वर्ष २०८०/०८१ को आय र व्ययको अवस्था | ९ |
| क्षेत्रगत बजेट विनियोजन तथा खर्च विवरण | १० |
| जिन्सी व्यवस्थापन | ११ |
| सुशासन तथा संस्थागत विकास | १२ |
| वेरुजु फछ्र्यौट | १३ |
| संस्थागत क्षमता स्व-मूल्याङ्कन | १३ |
| स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन | १३ |
| स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन | १४ |
| नगर कार्यपालिकाको संगठन संरचना र जनशक्ति व्यवस्था | १४ |
| थाहा नगरपालिकाको संगठन संरचना बमोजिम दरबन्दी तेरिज | १४ |
| परियोजना तथा कार्यक्रमतर्फको जनशक्ति | १५ |
| विषयगत समितिको बैठक | १६ |
| सामाजिक विकास | १६ |
| साँस्कृतिक संरक्षण | १७ |
| पर्व सञ्चालनका लागि अक्षय कोष | १८ |
| पहिलो पटक थाहा पदक र स्थापना दिवस | १८ |
| व्यायामशाला सञ्चालन | १८ |
| सीप विकास र प्रविधि हस्तान्तरण | १९ |
| सार्वजनिक/ सामुदायिक पुर्वाधार निर्माण | १९ |
| ज्येष्ठ नागरिक केन्द्र मर्मत सहायता | १९ |
| दलित विद्यार्थीलाई उच्च शिक्षाका लागि छात्रवृति | १९ |
| बालमैत्री स्थानीय तह अभियान | १९ |
| उज्यालो बजार कार्यक्रमको निरन्तरता | २० |
| संघसंस्था सहकार्य | २० |
| प्राविधिक जनशक्ति उत्पादनका लागि शैक्षिक वृत्ति | २० |
| खेलकुदतर्फ | २० |
| खेलाडीहरुको बीमा | २० |
| थाहा नगरपालिकाको आधिकारिक जर्सी | २१ |

| | |
|---|---|
| नगरको सहयोगमा नगरस्तरीय खेलकुद प्रतियोगिता | २१ |
| खेलाडी बन्द प्रशिक्षणको व्यवस्था | २१ |
| विभिन्न प्रतियोगितामा सहभागिता | २१ |
| थाहा गोल्डकप | २२ |
| पाँचौ उपप्रमुख ब्याडमिन्टन प्रतियोगिता सम्पन्न | २२ |
| खेलकुदमा सहयोग | २२ |
| खेलमैदान निर्माण सहकार्य | २३ |
| खेल सामाग्री वितरण | २३ |
| शिक्षा, युवा तथा खेलकुद विकास | २३ |
| सार्वजनिक विद्यालयको विवरण | २३ |
| सामुदायिक विद्यालयको कक्षागत विवरण | २३ |
| निजी लगानीका विद्यालयको विवरण | २४ |
| सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी विवरणः | २४ |
| शिक्षकहरुका लागि सात दिने योग प्रशिक्षण | २४ |
| पर्व सञ्चालनका लागि अक्षय कोष | २४ |
| शिक्षकहरुका लागि सात दिने योग प्रशिक्षण | २४ |
| नवीनतम् खोजः प्रदेशको विद्यालयस्तरीय पहिलो कार्यक्रम | २५ |
| छैँटौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | २५ |
| प्रधानाध्यापक तथा विद्यालय कर्मचारीका लागि लेखा सम्बन्धी तालिम | २६ |
| तामाङ भाषा लिपि प्रबर्द्धन तथा पाठ्यक्रम प्रबोधीकरण सम्बन्धी तालिम | २६ |
| नगरपालिकामा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी घोषणा | २७ |
| शिक्षा शाखा अन्तर्गत बाह्य तालिममा  भाग लिएका शिक्षक, कर्मचारीको विवरण तालिका | २७ |
| स्वास्थ्य | २८ |
| थाहा नगरपालिका स्वास्थ्य संस्थाहरु | २८ |
| जनशक्तिको व्यवस्था | २९ |
| महिला स्वास्थ्य स्वयमसेविका पारस्परिक अवलोकन भ्रमण | ३० |
| आइ.पी.भी. खोप अभियान सञ्चालन | ३० |
| बीसौ महिला स्वास्थ्य स्वयम्सेविका दिवस मनाइयो | ३० |
| पूर्ण संस्थागत सुत्केरी कार्यक्रम | ३१ |
| DHIS2  र ELMIS सुदृढीकरण व्यवस्थापन तालिम | ३२ |
| रेबिज विरुद्धको खोप अभियान | ३२ |
| दादुरा-रुबेला खोप अभियान सञ्चालन | ३२ |
| पूर्ण खोप सुनिश्चितता घोषणा कार्यक्रम | ३३ |
| न्युनतम सेवा मापदण्ड कार्यक्रम संचालन तथा  सुदृढीकरण कार्यक्रम | ३३ |
| आमा सुरक्षा र प्रजनन् स्वास्थ्य कार्यक्रम अनुगमन र मूल्यांकन | ३४ |
| पोषण संबेदनशिल क्षेत्रका कार्यक्रम | ३४ |
| बज्रवाराहीमा एक्युपन्चर सेवा | ३४ |
| बर्थिंङ सेन्टरको लागि पावर ब्याकअप स्थापना | ३५ |
| जुनोटिक रोगहरु सम्बन्धि पैरवी तथा अभिमुखीकरण | ३५ |
| स्वास्थ्य बीमा कार्यक्रम | ३५ |
| मासिक औषधि उपचार खर्च | ३६ |
| अभिभावक शिक्षा कार्यक्रम संचालन | ३६ |
| पालिकास्तरीय पोषण कार्यक्रम समिक्षा तथा कार्य योजना तयारी कार्यक्रम | ३७ |
| क्षयरोग मुक्त अभियान कार्यक्रम | ३७ |

| | |
|---|---|
| End TB committee वडा स्तरीय क्षयरोग सुक्षम योजनाः | ३७ |
| क्षयरोग मुक्त अभियान कमिटीसंग मासिक तथा अर्धवार्षिक बैठक | ३७ |
| विद्यालयमा क्षयरोग सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम | ३७ |
| ACF -Active Case Finding | ३७ |
| १२ वटै स्वास्थ्य संस्थामा ओपीडी केसको क्षयरोग स्क्रिनिंङ | ३८ |
| विश्व क्षयरोग दिवस मनाइयो | ३८ |
| थाहाको १२ वटै स्वास्थ्य संस्थामा क्षयरोग फोकल पर्सन | ३८ |
| क्षयरोग नियन्त्रण सम्बन्धी अन्य गतिविधिहरुः | ३८ |
| ईटीबी रजिस्टर अद्यावधिक | ३९ |
| खानेपानी तथा सरसफाइ | ४० |
| सामाजिक सुरक्षा भत्ता | ४१ |
| व्यक्तिगत घटना दर्ता | ४२ |
| महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र | ४३ |
| जेष्ठ नागरिक धार्मिक अवलोकन भ्रमण | ४३ |
| महिला जनप्रतिनिधिहरुका लागि क्षमता अभिवृद्धि तालिम | ४३ |
| बालबिवाह सम्बन्धी विद्यालयस्तरीय सचेतनामूलक कार्यक्रम | ४४ |
| ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ४४ |
| एसइई दिएर बसेका विद्यार्थीहरुका लागि करियर काउन्सिलिङ तथा आर्ट अफ प्यारेन्टिङ कार्यक्रम | ४४ |
| अपाङ्गता परिचयपत्र वितरण | ४५ |
| सामाजिक सुरक्षा तथा पञ्जीकरणसम्बन्धी कार्यक्रमहरु | ४५ |
| सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना सम्बन्धी सुचना पाटी राख्ने कार्यक्रम | ४५ |
| राष्ट्रिय परिचयपत्र तर्फ | ४६ |
| पूर्वाधार विकास | ४६ |
| नक्सा पास | ४७ |
| उर्जा | ४८ |
| आर्थिक विकास | ४९ |
| कृषि विकास | ४९ |
| बाली अनुसारको क्षेत्रफल | ४९ |
| कृषिसंग सम्बन्धित संस्था वा फर्महरु | ४९ |
| कृषि फर्मको विवरण | ४९ |
| कृषक समूहको विवरणहरु | ४९ |
| कृषि सहकारीको विवरणहरु | ५० |
| कृषि विकास शाखा अन्तर्गतका कर्मचारी विवरणः | ५० |
| कृषि विकास शाखा संघीय सशर्त कार्यक्रम | ५१ |
| कृषि पकेट क्षेत्र विकास कार्यक्रमः | ५१ |
| तरकारी खेती प्रवर्द्धन कार्यक्कम | ५१ |
| साना सिँचाई कार्यक्कम | ५१ |
| मकै बाली प्रवर्द्धन कार्यक | ५२ |
| कृषि विकास शाखा प्रदेश सशर्त कार्यक्रम | ५२ |
| कुरिलो खेती प्रवर्द्धन कार्यक्रम | ५२ |
| तरकारी विकास कार्यक्रम (बेर्ना, प्रविधि र बजार) | ५३ |
| कृषि विकास शाखा निशर्त कार्यक्रम | ५३ |
| एक घर एक टनेल ५०% अनुदान | ५३ |
| मल्चिङ प्लाष्टिक वितरण ५०% अनुदानमा | ५४ |

| | |
|---|---|
| स्प्रेयर डियुल १६ लि. को ५०% अनुदानमा | ५४ |
| नमुना टनेल ५०% अनुदानमा ५०० वर्ग मि. र २५०० वर्ग मि. | ५४ |
| कृषि यान्त्रीकरणमा ५०% अनुदान | ५५ |
| मेयर वडा स्तरीय तरकारी पकेट प्याकेज कार्यक्रम | ५५ |
| बायोटिन कृषि चुन वितरण ७५% अनुदान | ५६ |
| फर्टिगेशन तथा आधुनिक तरकारी खेति तालिम | ५६ |
| एग्रोभेट संचालकलाई रिफ्रेसर तालिम | ५७ |
| तरकारी खेती सम्बन्धी ३ दिने तालिम | ५७ |
| बीउ आलु उत्पादन तालिम | ५७ |
| अगुवा कृषकलाई सम्मानित गर्ने कार्यक्रम | ५७ |
| पशु-पंक्षी विकास | ५८ |
| ८० प्रतिशत अनुदानमा जै घाँसको बीऊ वितरण | ५८ |
| विश्व पशुपंक्षी दिवसमा कृषि तथा पशुपंक्षी फामलाई भिटामिन र दाना सहयोग | ५९ |
| सप्ताहव्यापी पिपिआर खोप कार्यक्रम | ५९ |
| दुहुना गाइभैसी पालनमा ५० प्रतिशत अनुदान वितरण | ६० |
| ५० प्रतिशत अनुदानमा बाख्राको खोर सुधार कार्यक्रम | ६० |
| कृषक समूह तथा फर्महरुमा परजीबी नियन्त्रण कार्यक्रम | ६० |
| किसानलाई दुध बिक्रीको अभिलेख राख्न पासबुक | ६० |
| गाई भैसीमा कृतिम गर्भाधान गर्ने संख्या बढ्यो | ६१ |
| विश्व रेबिज तथा पशुपंक्षी दिवस | ६१ |
| पशु विकास शाखाबाट भएका अन्य कार्यक्रमहरुः | ६१ |
| सहकारी | ६२ |
| पल्स तथा ऋइएइःक्ष्क सम्बन्धी तालिम | ६२ |
| सहकारी संस्थाहरु | ६२ |
| उद्योग/वाणिज्य विकास | ६३ |
| पर्यटन विकास | ६५ |
| पर्यटक साङ्केतिक चिन्ह स्थापना | ६५ |
| पदमार्ग पहिचान तथा म्यापिङ प्रचारप्रसार | ६५ |
| पर्यटन प्रवर्द्धन सम्बन्धी भिडियो डकुमेन्ट्री निर्माण | ६५ |
| थाहा फोटो प्रदर्शनी | ६५ |
| पर्यटकीय आकर्षणका लागि प्रतिबिम्व निर्माण | ६६ |
| पर्यटन प्रवर्द्धन गर्न भिन्दै वेबसाइट | ६६ |
| थाहा नगरपालिकाको पर्यटकीय क्षेत्रहरु | ६६ |
| वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन | ६८ |
| स्वच्छ घर स्वच्छ शहर हराभरा थाहानगर अभियान | ६९ |
| दुई स्थानमा सेरिगेशन हाउस | ६९ |
| सरसफाइले रोजगारी | ६९ |
| विपद्मा नगर प्रहरी | ७० |
| न्यायिक तथा विधेयक समिति | ७० |
| ऐनहरु | ७१ |
| कार्यविधिहरु | ७१ |
| आर्थिक वर्ष २०८०/०८१ मा समितिको उजुरी र फछ्र्यौटको अवस्था | ७२ |
| रोजगार सेवा केन्द्र | ७३ |
| सञ्चालित आयोजना र रोजगारीको विवरण | ७३ |

| | |
|---|---|
| प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत् सञ्चालित अन्य कार्यक्रमहरु र प्रगति | ७६ |
| रोजगारीको नक्शाङ्कन तथा पार्श्वचित्र निर्माण | ७६ |
| श्रमको सम्मान राट्रको अभियान | ७७ |
| स्थानीय तहको रोजगार रणनीति तर्जुमाको थालनी | ७८ |
| श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको लागि सहजीकरण | ७८ |
| बोर्डबाट उपलब्ध हुने आर्थिक सहायतामा सहजीकरण | ७९ |
| रोजगार संवाद मञ्चको सञ्चालन | ७९ |
| लघु उधम विकास कार्यक्रम (मेड्पा) | ८० |
| सुरक्षित आप्रवासन(सामी) कार्यक्रम | ८० |
| नगर प्रहरी | ८२ |
| आगलागी नियन्त्रण सम्बन्धी कार्य | ८२ |
| वडागत आगलागी सम्बन्धी घटनाको विवरण | ८२ |
| विपद व्यवस्थापन | ८३ |
| वन तथा वातावरण संरक्षण | ८३ |
| नगर प्रहरीको आन्तरिक र बाह्य सुरक्षा सम्बन्धी | ८३ |
| राजस्व तथा कर सम्बन्धी | ८४ |
| बजार अनुगमन सम्बन्धी | ८४ |
| क्षमता विकास | ८४ |
| सार्बजनिक सम्पत्ति सम्बन्धी | ८४ |
| ढल निकास सम्बन्धी | ८५ |
| बजार ब्यवस्थापन सम्बन्धी | ८५ |
| सुधार गर्नुपर्ने पक्षहरु | ८५ |
| थाहा नगरपालिका वडागत प्रगति विवरण | ८६ |
| थाहा नगरपालिका वडा नम्बर-१ | ८६ |
| थाहा नगरपालिका वडा नम्बर-२ | ८७ |
| थाहा नगरपालिका वडा नंम्बर-३ | ८८ |
| थाहा नगरपालिका वडा नंम्बर-४ | ८९ |
| थाहा नगरपालिका वडा नं. ५ | ९० |
| थाहा नगरपालिका वडा नम्बर ६ | ९१ |
| थाहा नगरपालिका वडा नम्बर-७ | ९२ |
| थाहा नगरपालिका वडा नम्बर  ८ | ९३ |
| थाहा नगरपालिका वडा नम्बर ९ | ९४ |
| थाहा नगरपालिका वडा नम्बर-१० | ५५ |
| थाहा नगरपालिका वडा नम्बर-११ | ९६ |
| थाहा नगरपालिका वडा नम्बर-१२ | ९७ |
| निष्कर्ष | ९८ |

## पृष्ठभूमि

नेपालको संविधानमा राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग संघ प्रदेश र स्थानीय तहले संविधान र कानून बमोजिम गर्नेगरी उल्लेख गरिएको छ। संविधानको अनुसूची ४ मा उल्लेख भए अनुरुप ७ प्रदेशको व्यवस्था रहेको छ साथै अनुसूची ८ मा व्यवस्था भए वमोजिम स्थानीय तहको अधिकार सूची अनुरुप हाल कार्य सम्पादन भइरहेको छ। सविधान वमोजिम संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित शासन व्यवस्था सञ्चालनका लागि आम निर्वाचन सम्पन्न भई संविधानको मूल भावना मुताविक कार्यहरु अगाडि बढिरहेको छ।

आम नागरिकले प्रत्यक्ष रुपमा जनताको सरकारको अनुभूति गरिरहेको अवस्था छ। विगत लामो समयदेखि सञ्चालित केन्द्रीय एकात्मक राज्य व्यवस्थालाई २०७२ सालमा जारी नेपालको संविधान बमोजिम राज्यको पुन संरचना हुँदा २०७३ साल फाल्गुण २७ गते स्थानीय तहको रुपमा घोषणा भएको हो। निर्वाचित जनप्रतिनिधिहरुमार्फत शासन प्रणाली कार्यान्वयनमा आइरहेको छ। शासन प्रणालीलाई पारदर्शी, जवाफदेही बनाउन, सुशासन कायम गर्न र आम नागरिकलाई हरेक विकास निर्माण प्रक्रियामा सहभागी छु भन्ने अनुभूतिको महशुस भएको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को भावना अनुरुप सार्वजनिक निकायले आफूबाट सम्पादन भएका कार्यक्रम र सोको प्रगति प्रतिवेदन नियमित सार्वजनिकीकरण गर्नुपर्ने दायित्वको रुपमा लिएको छ। त्यस्तै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमालवी २०६५ मा सार्वजनिक निकायले सञ्चालन तथा सम्पादन गरेका कामको वार्षिक प्रगति समीक्षा गरी अभिलेख प्रकाशित गर्नु पर्ने व्यवस्था गरेको छ।

सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी र जनसहभागितामूलक बनाई प्रभावकारी ढङ्गले सार्वजनिक सेवा प्रवाह गरी सुशासनको प्रत्याभूति दिने सम्बन्धमा आवश्यक कार्य गर्दै आएको छ। थाहा नगरपालिकाका नागरिकलाई नगरबाट सञ्चालित हरेक कार्यक्रमको बारेमा जानकारी होस् भनेर नगरपालिकाका गतिविधिहरु सार्वजनिक गर्दै आएको छ। स्थानीय रेडियो, पत्रपत्रिका तथा अनलाइनका सञ्चार माध्यम र सामाजिक सञ्जालहरुमार्फत् सम्पूर्ण सूचना तथा जानकारी गराउँदै आएको छ। साथै यस नगरपालिकाको वेबसाइट www.thahamun.gov.np र फेसवुक पेजमार्फत सार्वजनिक गर्नु, कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गर्नु, गुनासो पेटिकाको व्यवस्था गर्नु, गुनासो सुन्ने र सूचना अधिकारीको व्यवस्था गर्नु, सार्वजनिक सुनुवाई गर्नु र स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गर्नुले नागरिकको सूचनाको हकको प्रत्याभूति गर्न सक्ने अवस्था सृजना भएको छ। यसै सन्दर्भमा यस थाहा नगरपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन भएका कार्यक्रमहरुको प्रगति समीक्षा २०८१ तयार गरी प्रकाशन गरिएको छ।

## परिचयः

नेपालको बागमती प्रदेश अन्तर्गत पर्ने नारायणी अञ्चलको पहाडी जिल्ला मकवानपुर एक हो। जिल्लाको साविकका गा.वि.स.हरु मध्ये **दामन, पालुङ, बज्रवाराही, आग्रा, टिस्टुङ र चित्लाङ गाविसलाई** समायोजन गरी थाहा नगरपालिका गठन गरिएको हो। २०७३ सालमा गठित स्थानीय निकाय पुनःसंरचना आयोगले गरेको सिफारिसबमोजिम मकवानपुर जिल्लामा २ वटा नगरपालिका र ८ वटा गाउँपालिकामा विभाजित भएको छ। २ वटा नगरपालिकामध्ये थाहा नगरपालिका पर्यटन तथा कृषि क्षेत्रमा सक्षम, यातायातका दृष्टिले केही दूर्गम, जातजातिको हिसावले केही बढी तामाङ जातिको बाहुल्यता तथा अन्य सबै मिश्रित जातिको बसोबास रहेको छ।

कुल क्षेत्रफल १९१.१२ वर्ग कि.मि. रहेको यस थाहा नगरपालिका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले एक प्रमुख पर्यटकीय गन्तब्य नगर हो। पर्यटकीय गन्तब्यहरुको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान विकास तथा पर्यटकीय पूर्वाधारहरुको विकास गरी पर्यटन उद्योगलाई एक प्रमुख आधारको रुपमा विकास गर्दै पालिका अघि बढिरहेको छ। जनतालाई सुनिश्चित एवम् जागरुप बन्न अभिप्रेरित गर्दै थाहा अभियान चलाउनु हुने स्वर्गीय रुपचन्द्र विष्टको स्मरण गर्दै यस नगरपालिकाको नाम थाहा नगरपालिका राखिएको छ।

यो नगरपालिका महाभारत श्रृङ्खलाको मध्य भागमा उपत्यकाको रुपमा रहेको छ। यस नगर क्षेत्रको उच्च भागमा रहेको दामन भ्यु टावर विश्वको सर्वोच्च शिखर सगरमाथासहित पच्चीस भन्दा बढी उच्च हिमशिखरहरुको प्रत्यक्ष मनमोहक दृश्यावलोकन गर्न सकिन्छ, जुन पर्यटकहरुको आकर्षणको लागि महत्वपूर्ण स्थलको रुपमा रहेको छ। आकर्षक पदमार्गको सम्भावना बोकेको शितोष्ण हावापानी, विभिन्न धार्मिक स्थलहरु, प्रशस्त जैविक विविधता जस्ता सम्पदाहरु रहेका कारण यस नगरलाई पर्यटकीय नगरको रुपमा विकास गर्न सकिने ठूलो सम्भावना रहेको छ।

प्रशस्त उर्वर कृषि भूमि यस क्षेत्रको अर्को वरदान सावित हुँदै गएको देखिन्छ । यस क्षेत्रका किसानहरुले वार्षिक एक अर्ब बढीको तरकारी मात्र देशका प्रमुख शहरहरु र छिमेकी देश भारतमा समेत निर्यात गर्ने गर्दछन् । मुलुकको सबैभन्दा जेठो राजमार्ग त्रिभुवन राजपथले करिब बीच भागबाट चिर्दै तराई र नेपालको राजधानी काठमाण्डौ जोडेको छ। जिल्ला सदरमुकाम र राजधानी काठमाण्डौको करिब बीच भागमा पर्छ भने नगरको चित्लाङ क्षेत्रबाट ७ कि.मि. दुरीमा काठमाण्डौ शहर रहेको छ। यसका बाबजुद पनि थाहा नगरले आन्तरिक एवम् बाह्य पर्यटकलाई आकर्षण गर्न नस्वीकारिरहेको अवस्थामा भोलिका दिनमा काठमाण्डौमा आउने विदेशी पर्यटकहरुलाई यस नगरतर्फ सरल एवम् सहज ढंगले आकर्षक गर्न प्रशस्त संभावना रहेको देखिन्छ।

नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम व्यवस्थापिकाको रुपमा यस नगरपालिकाको ६५ सदस्यीय नगर सभा रहेको छ। २२ सदस्यीय कार्यपालिका क्रियाशील छ। त्यस्तै न्याय निरुपणका लागि उपप्रमुखको संयोजकत्वमा नगर सभावाट आफूमध्येवाट निर्वाचित गरेका २ जना सदस्य रहेको न्यायिक समिति गठन भएको छ । नगर सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति र सुशासन समितिका साथै नगर कार्यपालिकाबाट सम्पादन हुने कार्य व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रयोजनार्थ कार्यपालिकाले कार्यपालिका सदस्यहरुको संयोजकत्वमा सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद व्यवस्थापन समिति र विधेयक समिति गठन भएको छ।

## यस नगरपालिकाको वडा विभाजन

| नयाँ वडा नं. | समावेस भएका साविकका गाविसहरु | साविकका वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | पालुङ १, २ र बज्रबाराही ६ र ७ | १, १२ | |
| २ | पालुङ ३, ४, ५, ६, ७, ८ र ९ | २-५ | |
| ३ | दामन १, २, ३ र ४ | ६, ७ | |
| ४ | दामन ५, ६ र ७ | ८, ९ | |
| ५ | दामन ८, ९ र बज्रबाराही ८ र ९ | १०, ११ | |
| ६ | बज्रबाराही १, २, ३, ४ र ५ | १३-१५ | |
| ७ | आग्रा २, ३, ४, ५ र ६ | २-६ | |
| ८ | आग्रा १, ७, ८ र ९ | १, ७-९ | |
| ९ | चित्लाङ १, २, ३, ४, ५ र ८ | १-५, ८ | |
| १० | चित्लाङ ६, ७ र ९ | ६, ७, ९ | |
| ११ | टिस्टुङ १, २, ३ र ५ | १-३, ५ | |
| १२ | टिस्टुङ ४, ६, ७, ८ र ९ | ४, ६-९ | |

## वार्षिक समीक्षाको औचित्य:

लोकतान्त्रिक शासन पद्धतिमा पारदर्शिता, जवाफदेहिता, सुशासन र विकास निर्माण प्रक्रियामा जनसहभागिता अनिवार्य शर्तहरु हुन् । यी शर्तहरु पुरा गर्ने दायित्व सार्वजनिक निकायहरु सवैको हुन आउँछ । सार्वजनिक निकाय जनताको प्रत्यक्ष सरोकारको निकाय हो । सार्वजनिक निकायहरु जनताप्रति जिम्मेवार रहनु पर्छ भन्ने सार्वजनिक प्रशासनको पनि सामान्य सिद्धान्त हो । सार्वजनिक निकाय एवम् संघ-सस्थाहरुले आफूले गरिरहेका काम कारवाहीवारे जनतालाई निरन्तर जानकारी गराइरहनु उसको जिम्मेवारी र दायित्व हुन आउँछ। यस प्रयोजनका लागि जारी गरिएका कानूनहरुमा जनतालाई सूचित गर्न स्वतः सार्वजनिकीकरणको व्यवस्था गरिएको छ । फलतः सार्वजनिक निकायको काम कारवाहीहरु पारदर्शी, जवाफदेही बनाउने, सुशासन कायम गर्ने र आम नागरिकलाई हरेक विकास निर्माण प्रक्रियामा सहभागी छु भन्ने अनुभूति महशुस गराउने मुल ध्येय हुनुपर्छ।

सूचनाको हक सम्बन्धी ऐन र नियमावलीमा गरिएको व्यवस्था वमोजिम सम्पादन गरिएका कार्यहरु सहितका अन्य सूचनाहरु सार्वजनिक निकायहरुले प्रत्येक तीन/तीन महिनामा स्वतः सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ। यसै पृष्ठभूमिमा हरेक आर्थिक वर्ष भित्र सम्पादन गरिएका कार्यहरुको वास्तविक अवस्था, त्यसको प्रभाव र उपलब्धी, कार्यान्वयनका चरणमा आइपरेका समस्या तथा चुनौतिहरु, समस्या समाधानका लागि पहल गरिएका कदमहरु र आगामी दिनमा गर्नुपर्ने कार्यहरुको सङ्गालो दस्तावेजको रुपमा निर्माण गरी आम

नागरिकलाई सूचित गर्नु अपरिहार्य रहेको छ। केही वर्ष यता सरकारले कार्य सम्पादनमा आधारित अनुदान वितरण पद्धति लागु गरेको र नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदनलाई एउटा महत्वपूर्ण सूचकको रुपमा राखिएकाले यसको अपरिहार्यता अझ बढी पुष्टि गरेको छ। यस किसिमको दस्तावेजले भावी दिनमा, नीति निर्माता, योजनाकार र कार्यान्वयनकर्ताहरुलाई मार्ग निर्देश गर्न सहयोग पुग्नुका साथै थप सुधारको लागि पृष्ठपोषण प्राप्त हुने अपेक्षा समेत गरिएको छ।

## उद्देश्यः

यस थाहा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरिएका कार्यहरुको वास्तविक अवस्था, त्यसको प्रभाव र उपलब्धि, कार्यान्वयनका चरणमा आइपरेका समस्या तथा चुनौतिहरु, समस्या समाधानका लागि पहल गरिएका कदमहरु र आगामी दिनमा गर्नुपर्ने कार्यहरुको सँगालो दस्तावेजको रुपमा निर्माण गरी आम नागरिकलाई सूचित गर्नु यस प्रगति प्रतिवेदनको मुख्य उद्देश्य रहेको छ। यसको अतिरिक्त देहायका उद्देश्यहरु रहेका छन् ।

- थाहा नगरपालिकाको काम कारबाहीहरु पारदर्शी, जवाफदेही बनाउनु, सुशासन कायम गर्नु ,
- आम नागरिकलाई विकास निर्माण प्रक्रियामा सहभागी गराइएको छ भन्ने अनुभूति गराउनु,
- नीति निर्माण र योजना कार्यान्वयनको अवस्थावारे जानकारी गर्नु,
- वार्षिक प्रगति प्रतिवेदन, आ.व. २०८०/०८१ नगरले वहुआयमिक क्षेत्रमा गरेका नियमित, आकस्मिक र विकासात्मकलगायतका कामको सम्बन्धमा आम नागरिकलाई अवगत गराउनु,
- नगरले वर्षभरि गरेका कार्यहरुको बारेमा मूल्याङ्कन गर्नु,
- अध्ययन अनुसन्धानकर्ताका लागि सन्दर्भ सामग्रीको रुपमा विकास गर्नु,
- नगरपालिकाले गरेको अभ्यासहरुको जानकारी गराउनु।

## प्रतिवेदन तयारी विधिः

सूचनाको हक सम्बन्धी ऐन र नियमावलीमा गरिएको व्यवस्था वमोजिम सम्पादन गरिएका कार्यहरु सहितका अन्य सूचनाहरु सार्वजनिक निकायहरुले प्रत्येक तीन/तीन महिनामा स्वतः सार्वजनिक गर्ने प्रावधान रहेको छ। आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन भएका र हुन नसकेका कार्यक्रमहरुको सन्दर्भमा वार्षिक प्रतिवेदन तयारी ढाँचा विकास गरी महाशाखा, शाखा तथा वडा कार्यालयवाट प्राप्त भएका विषय वस्तुहरुलाई समेटेर वार्षिक प्रगति प्रतिवेदन दस्तावेजको रुपमा तयार गरी सार्वजनिक गर्न यो प्रतिवेदन तयार गरिएको छ।

वार्षिक प्रगति प्रतिवेदन लेखनका लागि समग्र ढाँचालाई वस्तुनिष्ट र विश्वसनीय बनाउने प्रयास गरिएको छ। पालिकास्तरमा प्रशासन महाशाखा प्रमुख नवीन खालिङको संयोजकत्वमा रोजगार संयोजक कुमार नेगी र सूचना अधिकारी सुरजकुमार भुजेल सदस्य रहेको समितिबाट प्रतिवेदनलाई अन्तिम रुप दिएको छ।

## वस्तुस्थिति विश्लेषण

नेपालको संविधान अनुसार मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानीय तहहरु निर्माण भई आम निर्वाचनको माध्यमबाट पहिलो पटक वि.सं. २०७४ सालदेखि स्थानीय सरकारहरु गठन भई कार्य सञ्चालनमा आएका छन् । यस थाहा नगरपालिकाले संविधानको अनुसूची ८ वमोजिमका अधिकार सूचीभित्र रही आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था वमोजिम स्थानीय तहहरुले अषाढ महिनाको १० गतेभित्र व्यवस्थापिकाको रुपमा रहेको गाउँ वा नगर सभामा आगमी वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । उक्त समय सीमालाई आधार मानी हरेक स्थानीय तहहरुले योजना निर्माणका चरणहरु पूरा गरी आफुले सञ्चालन गर्ने कार्यक्रमहरुको दस्तावेजको रुपमा हरेक वर्ष वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दै आएका छन् । फलतः यस थाहा नगरपालिकाले समय सीमाभित्र वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दै आएको छ।

स्थानीय स्तरमा योजना तर्जूमा सम्बन्धी दिग्दर्शन, २०७५ लाई समेत ध्यानमा राखी यस थाहा नगरपालिकाले टोल वस्तीका आवश्यकताहरु परिपूर्ति गर्ने सम्वन्धमा वस्ती स्तरवाटै योजनाहरुको छनौट गराउने, वस्ती स्तरवाट आएका योजनाहरु वडा समितिबाट प्राथमिकीकरण गरी नगरपालिकामा आउने प्रणालीको विकास गरिएको छ। नगरपालिकाको स्रोत साधनलाई वडाको जनसंख्या, भूगोल, राजश्वमा योगदान जस्ता सूचकहरुको आधारमा वडा सिलिङ निर्धारण गरी योजनाहरुको व्यवस्थापन गर्दै आएको छ। आर्थिक वर्ष

२०८०/०८१ का लागि २०८० आषाढ १० गते नीति तथा कार्यक्रम र बजेट नगर सभामा प्रस्तुत गरी सोही दिन संशोधन सहित पारित गरिएको थियो । पारित भएको नीति तथा कार्यक्रम र बजेटभित्र रही वार्षिक कार्यक्रम सञ्चालन गरिएको सन्दर्भमा आ.व. २०८०/०८१ को लागि तय भएका नीति तथा कार्यक्रम, सञ्चालित कार्यक्रमहरुको अवस्था, बजेटको व्यवस्थापन र प्राप्त प्रतिफल र खर्चको अवस्था निम्न वमोजिम विश्लेषण गरिएको छ।

## सार्वजनिक सेवा तथा क्षमता विकास

### जनशक्ति व्यवस्थापन तथा वडा समन्वय :

संगठानिक लक्ष्य तथा उद्देश्य हासिल गर्न जनशक्ति व्यवस्थापन एक महत्वपूर्ण भूमिका रहन्छ। यस नगरपालिकाले संघीय सरकारवाट निर्धारण गरिएको संरचना र दरवन्दीलाई समेत ध्यानमा राखेर दशौं नगरसभाबाट आफ्नो संगठन संरचना स्वीकृत गरी सोही अनुसार कर्मचारीलाई कार्य जिम्मेवारी दिएर नगरका नीति तथा कार्यक्रम अनुरुपका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। नगरको नियमित कार्यसञ्चालनका लागि आवश्यकताका आधारमा सेवा करारमा कर्मचारी भर्ना गरी सेवा प्रदान गर्दै आएको छ। हाल नगरमा स्थायी, अस्थायी, करार र ज्यालादारीका कर्मचारी कार्यरत रहेका छन।

### सूचना प्रविधिको प्रयोग:

थाहा नगरपालिकाले विद्युतीय सेवा प्रवाहका लागि विभिन्न सफ्टवेयर तथा वेब पोर्टल र सामाजिक सञ्जालहरु प्रयोगमा ल्याएको छ। यी माध्यमहरुबाट नागरिकहरुलाई सेवामा सहज पहुँच विस्तार गर्नका लागि र सूचना सन्देशहरु नागरिकसमक्ष पुऱ्याउनका लागि उपयोगी भएको छ। पालिकाले प्रयोगमा ल्याएका सूचना प्रविधिको विद्युतीय माध्यमहरुः

| क्र.सं. | विवरण | किसिम | प्रयोगकर्ता | प्रयोग |
|---|---|---|---|---|
| १. | एकिकृत सम्पत्ति कर प्रणाली **(IPT)** | सफ्टवेयर | पालिका र १२ वटै वडा कार्यालयहरु | कर तथा राजश्व संकलन |
| २. | Elmis | सफ्टवेयर | स्वास्थ्य शाखा र नगरका सबै स्वास्थ्य संस्थाहरु | खोप, औषधि, स्वास्थ्य सामाग्रीहरुको अभिलेख व्यवस्थापन गर्ने। |
| ३. | SuTRA | सफ्टवेयर | आर्थिक प्रशासन शाखा | पालिकाको विनियोजन लेखाङ्कन गर्ने र लेखापालन सम्बन्धी अभिलेख व्यवस्थापन गर्ने। |
| ४. | SuTRA (Revinue) | सफ्टवेयर | पालिकाको राजश्व शाखा र १२ वटै वडा कार्यालयहरु | पालिकाको राजश्व व्यवस्थापन गर्ने। |
| ५. | DHIS2 | सफ्टवेयर | स्वास्थ्य शाखा र नगरका सबै स्वास्थ्य संस्थाहरु | स्वास्थ्य सेवा व्यवस्थापन गर्ने। |
| ६. | Medi Pro HMS | सफ्टवेयर | पालुङ स्वास्थ्य चौकी | फार्मेसी, ल्याब व्यवस्थापन तथा ग्राहक बिलिङ गर्ने। |
| ७. | EMIS | सफ्टवेयर | शिक्षा शाखा तथा सबै विद्यालयहरु | शैक्षिक स.स्था, शिक्षक तथा विद्यार्थीहरुको अभिलेख राख्ने प्रणाली। |

| | | | | |
|---|---|---|---|---|
| ८. | SAMI | सफ्टवेयर | सुरक्षित आप्रवासन परियोजना (सामी) | वैदेशिक रोजगार सम्बन्धी सूचना व्यवस्थापन गर्ने। |
| ९. | emis.pmep.gov.np | | रोजगार सेवा केन्द्र | प्रधानमन्त्री रोजगार कार्यक्रमको तथ्याङ्क व्यवस्थापन गर्ने। |
| १०. | fewims.feb.gov.np | | रोजगार सेवा केन्द्र | वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सहायता सम्बन्धी आवेदन व्यवस्थापन गर्ने। |
| ११. | VERSP MIS | सफ्टवेयर | पालिकाको १२ वटै वडा कार्यालयहरु | व्यक्तिगत घटना दर्ता गर्ने |
| १२. | GMS | सफ्टवेयर | पालिकाको एमआइएस सेवा इकाइ र १२ वटै वडा कार्यालयहरु | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताको सम्बन्धमा दर्ता गुनासो दर्ता प्रणाली। |
| १३. | DIGITIZATION | सफ्टवेयर | पालिकाको एमआइएस सेवा इकाइ र १२ वटै वडा कार्यालयहरु | व्यक्तिगत घटना दर्ताको पुरानो अभिलेख हेर्ने। |
| १४. | NHWMIS | सफ्टवेयर | | |
| १५. | eTB Portal | सफ्टवेयर | क्षयरोग मुक्त अभियान कार्यक्रम। | TB को विरामीहरुको विविरण इन्ट्री गर्ने अनलाइन प्रणाली। |
| १६. | Pams | सफ्टवेयर | जिन्सी शाखा | कार्यालयको टिक्ने/नटिक्ने सामानको अभिलेख व्यवस्थापन गर्ने। |
| १७. | Cgas | सफ्टवेयर | आर्थिक प्रशासन शाखा | |
| १८. | epf | सफ्टवेयर | आर्थिक प्रशासन शाखा | कर्मचारी संचय कोष व्यवस्थापन गर्ने। |
| १९. | ird portal | सफ्टवेयर | आर्थिक प्रशासन शाखा | कर तथा राजश्व दाखिला गर्ने। |
| २०. | ipfms (modified version of cgas) | सफ्टवेयर | आर्थिक प्रशासन शाखा | |
| | https://www.vaccine.mohp.gov.np | | | कोभिड खोप लगाइएको व्यक्तिको qr code बनाउने प्रणाली। |
| २१. | COPOMIS | सफ्टवेयर | सहकारी शाखा | सहकारी संस्थाहरुको विवरण सुरक्षित गर्ने। |
| २२. | https://www.thahamun.gov.np | वेबसाइट | थाहा नगरपालिका सूचना प्रविधि शाखा/सूचना | नगरपालिकाको आधारिकारिक सूचना |

| | | | | |
|---|---|---|---|---|
| | | | शाखा | सन्देश प्रवाह गर्ने |
| २३. | https://www.tourism.thahamun.gov.np | वेबसाइट | थाहा नगरपालिका पर्यटन शाखा | थाहा नगरपालिकाको पर्यटकीय क्षेत्रको प्रवर्द्धन/प्रचार गर्ने |
| २४. | https://www.khanepani.thahamun.gov.np | वेबसाइट | थाहानगर खानेपानी व्यवस्थापन बोर्ड | खानेपानी व्यवस्थापन सम्बन्धी सूचना सन्देश तथा विवरणहरुको जानकारी दिने |
| २५. | https://www.facebook.com/thahamunofficial | फेसबुक पेज | थाहा नगरपालिका सूचना प्रविधि शाखा/सूचना शाखा | नगरपालिकाको आधारिकारिक सूचना सन्देश प्रवाह गर्ने |
| २६. | feims.dofe.gov.np | | रोजगार सेवा केन्द्र | श्रम स्वीकृति/पुनः श्रम स्वीकृति |

**सूचना शाखाबाट सञ्चालन भएका अन्य कार्यक्रम तथा गतिविधिहरुः**

- 'सम्वृद्ध थाहानगर' रेडियो कार्यक्रम पाक्षिक उत्पादन, प्रशारण
- स्थानीय सरकार लोकल्याणकारी सन्देश
- स्थानीय पालिका क्यालेण्डर प्रकाशन
- मिडिया मार्फत सार्वजनिक सुनुवाइ कार्यक्रम
- होटल अनलाइन सिस्टम अद्यावधिक
- नगरपालिकाको त्रैमासिक प्रगति बुलेटिन प्रकाशन

स्थानीय सञ्चार माध्यमसंगको सहकार्यमा थाहा नगरपालिकाबाट जारी हुने सन्देश तथा सूचनाहरु सञ्चार माध्यममार्फत् प्रशारण गरिएको छ । थाहा नगरपालिकाले प्रमुखतः तपसिलका नगरपालिका क्षेत्र भित्रकै सञ्चार माध्यमहरुसंगको सहकार्यमा सूचना तथा सन्देशहरु प्रवाह हुने गरेको छ। यसका अलवा अन्य सञ्चार माध्यमहरुमार्फत् पनि सूचना तथा सन्देशहरु प्रकाशन प्रशारण गर्ने गरिएको छ।

तपसिलः

- रेडियो पालुङ
- रेडियो दामन
- रेडियो इन्द्रसरोवर
- रेडियो राजमार्ग
- विकास खबरपत्रिका
- https://www.thahapati.com
- https://www.thahatimes.com
- https://www.palikapress.com
- थाहा एक्सप्रेस

## राजश्व परिचालनः

नेपालको संविधान कार्यान्वयन पश्चात संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह हुने र राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्न सक्ने व्यवस्था रहेको छ । यस सन्दर्भमा थाहा नगरपालिकाको पनि एक छुट्टै संचित कोष रहने सो कोषमा नगरपालिकाको आन्तरिक श्रोतको रकम रहने व्यवस्था छ । त्यसैले आन्तरिक राजश्वलाई दीगो भरपर्दो तथा थप विश्वसनीय बनाउन यसका समग्र श्रोतहरुको पहिचान, विश्लेषण र प्रक्षेपण गर्दै राजश्वको दायरामा विस्तार गरी आन्तरिक राजश्वमा वृद्धि गर्दै जाने अभिप्रायले प्रत्येक आर्थिक वर्षका लागि अग्रिम रुपमा राजश्व प्रक्षेपण गरी यसमा भएका समस्याहरुलाई नीतिगत रुपमा समाधान गर्दै लैजानुपर्दछ ।

आर्थिक वर्ष २०८०।०८१ मा आन्तरिक आयलाई थप सुधार गर्दै लैजाने उद्देश्य सहित रु. २१,९०,९८,४५८ प्राप्त हुन सक्ने अनुमान गरिएको थियो । जस अनुरुप ९,९३,७२,६९८।६९ अर्थात ४५.३६ प्रतिशत मात्र राजश्व प्राप्त भएको छ ।

**आन्तरिक श्रोत**

| क्र.सं. | शीर्षक | प्रस्तावित आय (रु.) | वास्तविक आय (रु.) | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पत्ति कर | ७०००००० | ७१६०३६३.८३ | १०२.२९ |
| २ | भूमिकर/मालपोत कर | २००५०००० | २२३१८२७३ | १११.३१ |
| ३ | बहाल कर | २०००००० | ३१२५७३४.७३ | १५६.२९ |
| ४ | बहाल विटौली कर | ५०००० | ५८२०० | ११६.४० |
| ५ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ५०००००० | १६०९५७० | ३२.१९ |
| ६ | अन्य कर | १२५५४८४५८ | ६३९५६१८.८८ | ५.०९ |
| ७ | पर्यटन शुल्क | ५०००० | ० | ०.०० |
| ८ | अन्य सेवा तथा बिक्री | १००००० | ० | ०.०० |
| ९ | यातायात क्षेत्रको आम्दानी | १००००० | ० | ०.०० |
| १० | नक्सापास दस्तुर | १०००००० | ११८०२७.३६ | ११.८० |
| ११ | अन्य दस्तुर | ५०००००० | २५३१०५०.०६ | ५०.६२ |
| १२ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३०००००० | ४९०५१०१ | १६३.५० |
| १३ | अन्य राजश्व | २००००० | १६०५५२०.८६ | ८०२.७६ |
| १४ | बैंक मौज्दात | ५०००००००० | ४९५४५२३९ | ९९.०९ |
| **जम्मा** | | २१९०९८४५८ | ९९३७२६९८.७ | ४५.३६ |

*-स्रोतः सुत्र प्रणाली*

राजश्व प्राप्तिमा लक्ष्य अनुसारको प्रगति राजस्वको असुली परिमाणमा सकारात्मक देखिए तापनि गुणात्मकतामा प्रगति हासिल भएको देखिँदैन । पालिकाले वि.सं. २०७१ भाद्रबाट सम्पति कर लागू भएपछि यस नगरपालिकाको आन्तरिक आय केही फराकिलो भएको देखिन्छ। सम्पत्ति कर भन्दा बाहेक अन्य आन्तरिक आयका मूल श्रोतहरु भनेको घर नक्सा पास र अभिलेखीकरण, व्यवसाय दर्ता तथा नवीकरण, विभिन्न सिफारिस, धितो मूल्याङ्कन, आयश्रोत प्रमाणित जस्ता क्षेत्रहरु नै प्रमुख देखिन्छन् । यसरी प्रक्षेपित आन्तरिक आयमा प्रगति हासिल हुन नसक्नुमा घाटा बजेट नै प्रमुख कारण हो । बजेटको आकार बढाउने क्रममा नगरपालिकाले तयार गरेको बजेटलाई पूरा गर्न आन्तरिक आय अनुमान गर्दा यथार्थ भन्दा बढी अनुमान गरिएको छ। यसका अलवा सम्पत्ति कर, मालपोत तथा भूमिकर, बहाल कर, बहाल बिटौली कर अनुमानित राजश्व भन्दा आम्दानी भएको छ। दामन भ्यु टावर सञ्चालनका लागि २० वर्षे ठेक्का लागेको छ, अन्य आयका संभावनाहरुको खोजी गरिएको छ। यी कार्यहरुबाट आन्तरिक आय वृद्धि गर्ने थप बाटो खुलेको छ।

## वित्तीय व्यवस्थापनः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य संघीय कानूनमा व्यवस्था भएका प्रावधानले प्रत्येक स्थानीय सरकारलाई पूर्ण सरकारको पहिचान दिएको छ। स्थानीय सरकारको प्रशासनिक एवं राजनीतिक संयन्त्र नगर सभा, कार्यपालिका र न्यायिक समिति महत्वपूर्ण अंगको रुपमा रहेका छन् । सरकार सञ्चालनका तीनवटै अंगहरु सार्वजनिक जवाफदेहिता र उत्तरदायित्व वहन गर्ने सवालमा होस या प्रशासनिक सेवा प्रवाहमा होस् क्रियाशिल भएर काम गरिरहेका छन् ।

नगरले प्रत्येक आर्थिक वर्ष बजेट बक्तव्यमार्फत् नीति तथा कार्यक्रमसँग तादम्यता हुने गरी बजेटको व्यवस्था गर्दै आइरहेको छ। अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ तथा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम प्राप्त हुने राजस्व बाँडफाँड, संघीय सरकार तथा प्रदेश सरकारबाट निकासा प्राप्त हुने समानीकरण अनुदान, विशेष अनुदान, समपूरक अनुदान र सशर्त अनुदानको हिस्सालाई एकमुष्ठ बजेटको रुपमा प्रक्षेपण गरी सोको बाँडफाँड योजना परियोजनाका तथा कार्यक्रमहरुमा समानुपातिक विकासमा लगानी गर्दै आइरहेको छ भने नगरले संकलन गर्ने आन्तरिक आयको हिस्सालाई समेत नगरको समग्र विकास कार्यमा लगानी गर्ने गरिएको छ।

लेखा प्रणालीलाई प्रभावकारी बनाउन **SuTRA, CGAS, Online Vouching, PAMS** अन्य सफ्टवेयरहरुको समेत प्रयोग गरिएको छ। वित्तीय पारदर्शिता प्रवर्द्धन गर्न आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने कानूनी व्यवस्था छ भने खर्चको पारदर्शिता, औचित्यता, कार्यदक्षता र प्रभावकारिता परीक्षण गर्न संघ, प्रदेश तथा स्थानीय तहले निर्माण गरी कार्यान्वयनमा ल्याइएको कानूनहरु अवलम्वन गरिएको छ।

## आर्थिक वर्ष २०८०/०८१ को आय र व्ययको अवस्था (-सुत्र प्रणालीबाट):

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

### आय

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ४५,०४,००,०००.०० | ४१,७०,७४,४०३.९५ | ९२.६ | ३,३३,२५,५९६.०५ |
| १३३११ समानिकरण अनुदान | १२,४०,००,०००.०० | ११,५३,२०,०००.०० | ९३ | ८६,८०,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २९,०४,००,०००.०० | २८,०४,४७,१९६.९५ | ९६.५७ | ९९,५२,८०३.०५ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २,१०,००,०००.०० | १,४८,७२,९८९.०० | ७०.८१ | ६१,२७,०११.०० |
| १३३१४ विषेश अनुदान चालु | १,००,००,०००.०० | २६,८४,२१८.०० | २६.८४ | ७३,१५,७८२.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ५०,००,०००.०० | ३७,५०,०००.०० | ७५ | १२,५०,०००.०० |
| प्रदेश सरकार | १२,१२,३६,०००.०० | ११,१९,१७,१०६.७५ | ९२.३१ | ९३,१८,८९३.२५ |
| १३३११ समानिकरण अनुदान | १,२६,८२,०००.०० | १,२६,८२,०००.०० | १०० | ०.०० |
| १३३१२ शसर्त अनुदान चालु | ५,८०,५४,०००.०० | ५,७२,१८,३८९.७५ | ९८.५६ | ८,३५,६१०.२५ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ४५,००,०००.०० | २२,३३,५००.०० | ४९.६३ | २२,६६,५००.०० |
| १३३१४ विषेश अनुदान चालु | ६०,००,०००.०० | २८,८०,६१७.०० | ४८.०१ | ३१,१९,३८३.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ४,००,००,०००.०० | ३,६९,०२,६००.०० | ९२.२६ | ३०,९७,४००.०० |
| राजस्व बाडफाड | २४,१७,५५,८०७.०० | १७,०३,२१,०३८.१० | ७०.४५ | ७,१४,३४,७६८.९० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ११,८२,०२,०००.०० | ६,८७,२५,०८१.७९ | ५८.१४ | ४,९४,७६,९१८.२१ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८,३५,५३,८०७.०० | ७,१०,८१,७५०.९८ | ८५.०७ | १,२४,७२,०५६.०२ |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्‌युत सम्बन्धी रोयल्टी | २,००,००,०००.०० | १,५९,०९,५३०.३३ | ७९.५५ | ४०,९०,४६९.६७ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २,००,००,०००.०० | १,४६,०४,६७५.०० | ७३.०२ | ५३,९५,३२५.०० |
| अन्तरिक श्रोत | २१,९०,९८,४५८.०० | ९,९३,७२,६९८.६९ | ४५.३६ | ११,९७,२५,७५९.३१ |
| ११३१३ सम्पती कर | ७०,००,०००.०० | ७१,६०,३६३.८२ | १०२.२९ | (१,६०,३६३.८२) |
| ११३१४ भुमिकर/मालपोत | २,००,५०,०००.०० | २,२३,१८,२७३.०० | १११.३१ | (२२,६८,२७३.००) |
| ११३१७ वहाल कर | २०,००,०००.०० | ३१,२५,७३४.७३ | १५६.२९ | (११,२५,७३४.७३) |
| ११३१८ वहाल विटौरी कर | ५०,०००.०० | ५८,२००.०० | ११६.४ | (८,२००.००) |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५०,००,०००.०० | १६,०९,५७०.०० | ३२.१९ | ३३,९०,४३०.०० |
| ११६९१ अन्य कर | १२,५५,४८,४५८.०० | ६३,९५,६१८.८८ | ५.०९ | ११,९१,५२,८३९.१२ |
| १४१९१ पर्यटन शुल्क | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | १०,००,०००.०० | १,१८,०२७.३६ | ११.८ | ८,८१,९७२.६४ |
| १४२४९ अन्य दस्तुर | ५०,००,०००.०० | २५,३१,०५०.०६ | ५०.६२ | २४,६८,९४९.९४ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३०,००,०००.०० | ४९,०५,१०१.०० | १६३.५ | (१९,०५,१०१.००) |
| १४५२९ अन्य राजस्व | २,००,०००.०० | १६,०५,५२०.८६ | ८०२.७६ | (१४,०५,५२०.८६) |
| ३२१२२ बैंक मौज्दात | ५,००,००,०००.०० | ४,९५,४५,२३८.९८ | ९९.०९ | ४,५४,७६१.०२ |
| जम्मा | १,०३,२४,९०,२६५.०० | ७९,८६,८५,२४७.४९ | ७७.३५ | २३,३८,०५,०१७.५१ |

### व्यय

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ५२,५८,७८,०००.०० | ४६,६६,०३,२६६.२७ | ८८.७३ | ५,९२,७४,७३३.७३ |
| २११११ पारिश्रमिक कर्मचारी | २७,४१,९८,०००.०० | २६,८४,६४,२६०.८४ | ९७.९१ | ५७,३३,७३९.१६ |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,१०,००,०००.०० | १,०७,१२,४०१.०० | ९७.३९ | २,८७,५९९.०० |
| २११२१ पोशाक | २०,५०,०००.०० | १६,७०,०००.०० | ८१.४५ | ३,८०,०००.०० |
| २११२३ औषधीउपचार खर्च | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| २११३१ स्थानीय भत्ता | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २११३२ महंगी भत्ता | ५०,००,०००.०० | १४,९४,०००.०० | २९.८८ | ३५,०६,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ६,२०,०००.०० | ५,९६,९४०.०० | ९६.२८ | २३,०६०.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५,००,०००.०० | २,२१,०००.०० | ४४.२ | २,७९,०००.०० |
| २११३९ अन्य भत्ता | ३०,५०,०००.०० | २६,२६,६५५.०० | ८६.१२ | ४,२३,३४५.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ३०,००,०००.०० | ३०,००,०००.०० | १०० | ०.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ६,५०,०००.०० | ६,३०,०००.०० | ९६.९२ | २०,०००.०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ५०,०००.०० | २७,५००.०० | ५५ | २२,५००.०० |
| २२१११ पानी तथा बिजुली | १५,५३,०००.०० | १५,०५,१३३.०० | ९६.९२ | ४७,८६७.०० |
| २२११२ संचार महसुल | २५,८९,०००.०० | २३,३४,३६६.०० | ९०.१६ | २,५४,६३४.०० |
| २२२११ इन्धन (पदाधिकारी) | २०,००,०००.०० | १०,३०,४६६.०० | ५१.५२ | ९,६९,५३४.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २२,९२,०००.०० | २१,९४,७०४.०० | ९५.७५ | ९७,२९६.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३१,३०,०००.०० | ३०,२७,७३२.०० | ९६.७३ | १,०२,२६८.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ४,७०,०००.०० | ४,१९,९५४.०० | ८९.३५ | ५०,०४६.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २,००,०००.०० | १,९८,०४२.०० | ९९.०२ | १,९५८.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १,००,०००.०० | ९८,१५५.०० | ९८.१६ | १,८४५.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ५,००,०००.०० | २९,९६७.०० | ५.९९ | ४,७०,०३३.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ७४,६४,०००.०० | ६३,६२,७९८.०० | ८५.२५ | ११,०१,२०२.०० |
| २२३१२ पशुपंक्षीहरूको आहार | ३,००,०००.०० | ३,००,०००.०० | १०० | ०.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ४८,६०,०००.०० | ४२,५६,५१०.०० | ८७.५८ | ६,०३,४९०.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १३,००,०००.०० | ९,१८,३८१.०० | ७०.६४ | ३,८१,६१९.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २७,०५,०००.०० | १६,८९,०६६.०० | ६२.४४ | १०,१५,९३४.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | २९,५०,०००.०० | २८,९४,१२५.०० | ९८.११ | ५५,८७५.०० |
| २२४११ सेवा र परामर्श खर्च | ११,००,०००.०० | ५,४०,११४.०० | ४९.१ | ५,५९,८८६.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५,३५,०००.०० | २,२५,४३५.०० | ४२.१४ | ३,०९,५६५.०० |
| २२४१३ करार सेवा शुल्क | ३,२२,००,०००.०० | २,९१,९६,९०३.६१ | ९०.६७ | ३०,०३,०९६.३९ |
| २२५११ कर्मचारी तालिम खर्च | २४,००,०००.०० | ११,१५,५९२.०० | ४६.४८ | १२,८४,४०८.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २४,५०,०००.०० | १०,०१,४५३.०० | ४०.८८ | १४,४८,५४७.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ५,००,०००.०० | ५,००,०००.०० | १०० | ०.०० |
| २२५२२ कार्यक्रम खर्च | ६,७०,०३,७९९.०० | ४,८९,८५,१५२.८२ | ७३.११ | १,८०,१८,६४६.१८ |
| २२५२९ विविध कार्यक्रम खर्च | १,५९,४१,०००.०० | ९४,०२,५१६.०० | ५८.९८ | ६५,३८,४८४.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | २६,३०,०००.०० | १९,८४,४००.०० | ७५.४५ | ६,४५,६००.०० |
| २२६१२ भ्रमण खर्च | १२,१०,००१.०० | ११,९४,३४१.०० | ९८.७१ | १५,६६०.०० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २,००,०००.०० | १,३३,४५०.०० | ६६.७३ | ६६,५५०.०० |
| २२६१९ अन्य भ्रमण खर्च | २,५०,०००.०० | २,३३,४००.०० | ९३.३६ | १६,६००.०० |
| २२७११ विविध खर्च | १,३९,२६,२००.०० | १,०६,८१,९१०.०० | ७६.७ | ३२,४४,२९०.०० |
| २२७२१ सभा सञ्चालन खर्च | १९,८४,०००.०० | १७,९८,९४०.०० | ९०.६७ | १,८५,०६०.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ३,६९,१०,०००.०० | ३,४४,४९,८६२.०० | ९३.३३ | २४,६०,१३८.०० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | १७,१५,०००.०० | ७,०१,४९५.०० | ४०.९ | १०,१३,५०५.०० |
| २५३१५ अन्य सस्था सहायता | ८,००,०००.०० | ६,५८,९७५.०० | ८२.३७ | १,४१,०२५.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १०,४०,०००.०० | ८,७६,६७६.०० | ८४.३ | १,६३,३२४.०० |
| २७२१३ औषधीखरिद खर्च | ९४,१६,०००.०० | ५८,५२,७५८.०० | ६२.१६ | ३५,६३,२४२.०० |
| २८१४२ घरभाडा | २,००,०००.०० | १,९८,१६०.०० | ९९.०८ | १,८४०.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | २,००,०००.०० | १९,८००.०० | ९.९ | १,८०,२००.०० |
| २८१४९ अन्य भाडा | १,८६,०००.०० | १,४९,७७७.०० | ८०.५३ | ३६,२२३.०० |
| पूंजीगत | ५०,६६,१२,२६५.०० | ३६,२०,७९,६६९.२६ | ७१.४७ | १४,४५,३२,५९५.७४ |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ३,२२,००,०००.०० | २,९४,६१,४२०.०० | ९१.५ | २७,३८,५८०.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ४,४२,००,०००.०० | ४,०१,१९,६९८.७५ | ९०.७७ | ४०,८०,३०१.२५ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| ३११२१ सवारी साधन | ६,५०,०००.०० | ५,१६,८००.०० | ७९.५१ | १,३३,२००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ४६,५०,०००.०० | ३७,४५,०६५.०० | ८०.५४ | ९,०४,९३५.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २६,६०,०००.०० | १३,७३,७६७.०० | ५१.६५ | १२,८६,२३३.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | १,५५,६६,०००.०० | १,४७,७१,५८०.५० | ९४.९ | ७,९४,४१९.५० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ९४,४०,८००.०० | ३७,९४,३१४.०० | ४०.१९ | ५६,४६,४८६.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | २२,१०,७९,७२८.०० | १८,०७,१३,२३४.११ | ८१.७३ | ४,०३,६६,४९३.८९ |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | २,१६,२१,७७१.०० | १,६२,३४,४४५.९० | ७५.०८ | ५३,८७,३२५.१० |
| ३११५५ सिंचाई संरचना निर्माण | १,१२,१०,७००.०० | ५६,९६,३९५.०० | ५०.८१ | ५५,१४,३०५.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | २,२१,९९,२९५.०० | ७९,५१,७५८.०० | ३५.८२ | १,४२,४७,५३७.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | ७,००,०००.०० | ५१,५५१.०० | ७.३६ | ६,४८,४४९.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ११,९३,३३,९७१.०० | ५,७४,४९,६४०.०० | ४८.१४ | ६,१८,८४,३३१.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | २,००,०००.०० | २,००,०००.०० | १०० | ०.०० |
| जम्मा | १,०३,२४,९०,२६५.०० | ८२,८६,८२,९३५.५३ | ८०.२६ | २०,३८,०७,३२९.४७ |

आर्थिक वर्ष २०८०/०८१ को कुल बजेट रु. १,०३,२४,९०,२६५ मध्ये रु ८२,८६,८२,९३५।५३ अर्थात ८०.२६ प्रतिशत खर्च भएको छ। यस मध्ये चालु तर्फ विनियोजित बजेटको ८८.७३ प्रतिशत र पुँजीगततर्फ विनियोजित रकमको ७१.४७ प्रतिशत बजेट खर्च भएको छ। यसवाट तुलनात्मक रुपमा पूँजीगत खर्च गर्ने कार्यशैलीमा सुधार भए पनि लक्ष्य अनुरुप हुन सकेको देखिँदैन। यसो हुनुमा प्रमुखतः संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान, राजश्व बाँडफाँड तथा समपुरक अनुदान कमजोर हुनु हो। पालिकालाई प्राप्त भएको सिलिङमा संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान ९३.६ प्रतिशत तथा संघीय राजश्व बाँडफाँड जम्मा ६१.२३ प्रतिशत मात्र प्राप्त भएको छ। त्यसैगरी प्रदेश राजश्व बाँडफाँड (सवारी कर) ८५.०७ र संघीय समपुरक अनुदान जम्मा ७५ प्रतिशत मात्र प्राप्त भएको छ। यि अनुदानहरुको बजेट सिलिङ प्राप्त भएको तर यथार्थ आम्दानीका लागि निकासा प्राप्त नभएकोले पालिकाको लक्ष्य अनुसारको वित्तीय प्रगती हासिल हुन नसकेको हो। निकासागत रुपमा विश्लेषण गर्ने हो भने ९६ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।

## क्षेत्रगत बजेट विनियोजन तथा खर्च विवरण

आ.व. : २०८०/८१

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | **५,३७,४६,५००.००** | **४,१३,८८,०८२.१२** | **७७.०१** |
| १ | कृषि | ३,२८,१२,०००.०० | २,८७,४२,१६८.३० | ८७.६ |
| २ | उद्योग | १२,७५,०००.०० | १०,४०,३४४.८२ | ८१.५९ |
| ३ | पर्यटन | ९३,२१,५००.०० | ३७,०८,४२०.०० | ३९.७८ |
| ४ | सहकारी | १०,५०,०००.०० | ५,७०,८०२.०० | ५४.३६ |
| ५ | जलश्रोत तथा सिंचाई | १०,००,०००.०० | ९,५०,९३७.०० | ९५.०९ |
| ६ | पशुपन्छी विकास | ८२,८८,०००.०० | ६३,७५,४१०.०० | ७६.९२ |
| **२** | **सामाजिक विकास** | **३९,६३,७२,४९९.००** | **३४,८२,३२,४६७.६८** | **८७.८५** |
| १ | शिक्षा | २६,३३,५२,०००.०० | २५,२७,८८,५५४.०० | ९५.९९ |
| २ | स्वास्थ्य | ७,८६,४०,०००.०० | ६,६५,९०,३५२.६८ | ८४.६८ |
| ३ | खानेपानी तथा सरसफाई | २,२४,८३,५००.०० | ८३,८६,८०९.०० | ३७.२९ |
| ४ | भाषा तथा संस्कृति | ९०,१७,६४४.०० | ३५,१२,९५४.०० | ३८.९६ |
| ५ | युवा तथा खेलकुद | ९४,७२,३५५.०० | ५९,२९,०४९.०० | ६२.५९ |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण | १,३४,०७,०००.०० | १,१०,२४,७४९.०० | ८२.२३ |
| **३** | **पूर्वाधार विकास** | **४१,३२,०५,४६५.००** | **३०,१२,४७,२०६.७६** | **७२.९** |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **२,४३,२५,०००.००** | **१,९४,५४,८८१.००** | **७९.९८** |
| १ | विपद व्यवस्थापन | १,०८,००,०००.०० | ८७,४८,६६७.०० | ८१.०१ |
| २ | मानब संशाधन विकास | १८,००,०००.०० | ७,९३,४१०.०० | ४४.०८ |

| | | | | |
|---|---|---|---|---|
| ३ | कानुन तथा न्याय | २०,००,०००.०० | १८,२३,२०६.०० | ९१.१६ |
| ४ | तथ्यांक प्रणाली | १०,२४,०००.०० | १०,२१,१२०.०० | ९९.७२ |
| ५ | श्रम तथा रोजगारी | ६६,५६,०००.०० | ६२,५१,५२७.०० | ९३.९२ |
| ६ | प्रशासकीय सुशासन | २०,४५,०००.०० | ८,१६,९५१.०० | ३९.९५ |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१४,४८,४०,८०१.००** | **११,८३,६०,२९७.९७** | **८१.७२** |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४,४८,४०,८०१.०० | ११,८३,६०,२९७.९७ | ८१.७२ |
| कुल जम्मा | | १,०३,२४,९०,२६५.०० | ८२,८६,८२,९३५.५३ | ८०.२६ |

तसर्थ, यस आर्थिक वर्षमा यथार्थ आम्दानीका आधारमा ९६ प्रतिशत वित्तीय प्रगती भएको छ । बाँकी ४ प्रतिशत पनि संघ तथा प्रदेशको सशर्ततर्फको फिर्ता हुने बजेट हो । साल तमामीका बेला पालिकामा अन्तिम भूक्तानीका लागि पेश हुन आएका ९ करोड ४० लाख बजेट अभावमा आगामि आर्थिक वर्षका लागि दायित्व सृजना भएको छ ।

## जिन्सी व्यवस्थापन:

जिन्सी सामानहरूको आम्दानी तथा प्राप्ति खर्च एवम् उपयोग र बाँकी, सोको अभिलेख, संरक्षण, नियन्त्रण, निरीक्षण, सो सम्बन्धी प्रमाण कागजातहरू र जिन्सी सम्बन्धी अभिलेखहरूको विश्लेषण, मूल्याङ्कन तथा प्रतिवेदन समेतलाई जिन्सी स्रेस्ता प्रणाली भनिन्छ । यस श्रेस्तालाई थाहा नगरपालिकाले अवलम्बन गर्दै आएको छ । जिन्सी निरीक्षण प्रतिवेदनको आधारमा जिन्सी व्यवस्थापनमा ध्यान दिदै आएको छ । त्यस्तै गरी कार्यालयको अन्तिम लेखा परीक्षणबाट जिन्सी व्यवस्थापनको अवस्थालाई सुक्ष्म रुपमा अवलोकन गरी राय सुझावहरु दिने गरिन्छ । जिन्सी व्यवस्थापनले नै कार्यालयको सौन्दर्यताको परिचय दिने हुँदा यसलाई क्रमशः व्यवस्थापन गरिएको छ । जिन्सी व्यवस्थापनलाई प्रणाली **PAMS** मा राख्ने गरिएको छ । यसले सेवा प्रवाहमा थप मजबुद बनाएको छ ।

| क्र.सं. | विवरण | खरिद परिमाण | ह.फा.परिमाण | कार्यालयमा प्रयोग परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | डेक्सटप कम्प्युटर | २० | १४ | ६ | |
| २ | ल्यापटप | १२ | ७ | ५ | |
| ३ | फोटो कपिमेशिन | ५ | २ | ३ | |
| ४ | प्रिन्टर | ८ | ७ | १ | |
| ५ | अफिस दराज | २२ | १५ | ७ | |
| ६ | र्‍याक | १५ | १४ | १ | |
| ७ | अफिस टेबुल | ३० | २७ | ३ | |
| ८ | रिभल्विङ चेयर | ३३ | २५ | ८ | |
| ९ | सिलाई मेशिन | २ | २ | ० | |
| १० | ईन्भटर | १४ | १३ | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | टेबुल फ्यान | १ | ० | १ | |
| १२ | प्रोजेक्टर | २ | २ | ० | |
| १३ | मोटरसाईकल | १ | ० | १ | |
| १४ | जेनेरेटर | १ | १ | ० | |
| १५ | बायो मेट्रिक एनलाइजर | २ | २ | ० | |
| १६ | वासिङ मेशिन | १ | १ | ० | |
| १७ | मिटिङ चेयर | ६२ | ६२ | ० | |
| १८ | मोबाईल | २ | १ | १ | |
| १९ | कम्प्युटर टेबुल | ४ | ० | ४ | |
| २० | बुकेश दराज | ० | ० | ० | |
| २१ | सिसि क्यामेरा | २१ | ५ | १६ | |
| २२ | फायर एक्टिनगिसर | २२ | ३ | १९ | |
| २३ | स्मार्ट बोर्ड | २७ | २६ | १ | |

## सुशासन तथा संस्थागत विकास

मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सृजना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानूनी तथा संस्थागत व्यवस्था भएको छ।

मुलुक संघीयतामा गई सकेपछि संघ, प्रदेश र स्थानीय गरी तीन तहको व्यवस्था गरी मुलुकको संघीय शासन व्यवस्था सञ्चालन भई रहेको छ । ७५३ वटा स्थानीय तहमध्ये थाहा नगरपालिका एउटा स्थानीय तह हो, यस स्थानीय तहको सुशासन तथा संस्थागत विकासको अवस्था तथा सुदृढीकरणका लागि गरिनु पर्ने कामको बारेमा यस नगरपालिकाले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, नियमावली २०६५, विद्युतीय शासन ऐन, सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन, लेखा परीक्षण ऐन, स्थानीय सरकार संचालन ऐन लगायत आफैले बनाउको सुशासन व्यवस्थापन ऐन, २०७६ वमोजिम सुशासन तथा संस्थागत विकास सम्बन्धी कार्य भई रहेको अवस्था छ।

जस अनुसार नागरिक वडापत्र सबैको पहुँचमा सबैले सजिलै देख्न र हेर्न सकिने ठाउँमा राखिएको छ। सूचना पाटी र होडिङ वोर्डको व्यवस्था गरिएको साथै बेला-बेलामा आउने उजुरीका लागि उजुरी पेटिकाको व्यवस्था गरिएको छ । कार्यालयमा गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको समेत व्यवस्था गरिएको छ। कार्यालयबाट सम्पादित कार्यहरु आम नागरिक समक्ष पुऱ्याउन स्थानीय रेडियो, पत्रपत्रिका र अनलाइन सञ्चार माध्यमबाट प्रचारप्रसार गर्ने गरिएको छ।

यसका साथै सार्वजनिक लेखा समिति, सुशासन समिति र आलेप शाखाबाट नियमित काम भइरहेका छन् । कार्यपालिकाको नियमित वैठक, वडा समितिहरुको नियमित बैठक, शाखा प्रमुखहरुको मासिक बैठक, वडा सचिबहरुको नियमित बैठक आदिले सुशासन र संस्थागत विकासमा भारी टेवा पुगिरहेको छ। कार्यालयबाट प्रदान गर्ने सेवा तथा नागरिकको सन्तुष्टि र गुनासाको बारेमा सार्वजनिक सुनुवाइको व्यवस्था गरिएको छ।

## वेरुजु फछ्र्यौंट

बेरुजु भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई आर्थिक कारोबार गरेको भनी लेखा परीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार बुझाउँछ। लेखा परीक्षणबाट देखिएका हिनामिना र असुल उपर गर्नुपर्ने ठहरिएका बाहेकका बेरुजु सम्परीक्षण गरी नियमित प्रक्रियाबाट फछ्र्यौट तथा बेरुजुको लगत कट्टा गरिनेछ। लेखा परीक्षणबाट कायम भएका बेरुजु प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गराई बेरुजु फर्छौट गर्ने र गराउने जिम्मेवारी कार्यालय प्रमुख तथा जिम्मेवार व्यक्तिको हो तर बेरुजु फछ्र्यौटको लागि तत्परता देखाउनु पर्ने पहिलो कर्तव्य जसको नाममा बेरुजु छ स्वयम् उसको हो।

| आर्थिक वर्ष | बेरुजु (रु.) | बेरुजु प्रतिशत |
|---|---|---|
| २०७८/०७९ | ११४२२७००० | ६.५३ |
| २०७९/०८० | १३८६६००० | ०.६३ |

## संस्थागत क्षमता स्व-मूल्याङ्कन

स्थानीय तहको कार्य प्रक्रिया र उपलब्धिहरुको वारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र स्थानीय तहहरुको बीचमा तुलना योग्य सूचकहरु निर्धारण गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहहरुलाई सक्षम र प्रभावकारी बनाउने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वः मूल्याङ्कन कार्यविधि, २०७७ जारी गरेको छ। संस्थागत क्षमता स्व मूल्याङ्कनका लागि विभिन्न १० वटा विषय क्षेत्रमा १०० वटा सूचकहरु निर्धारण गरिएको छ।

स्थानीय तह संस्थागत क्षमता स्व मूल्याङ्कन कार्यविधि, २०७७ जारी भए पश्चात आ.व. २०७७/०७८ देखि संस्थागत क्षमता स्वःमूल्याङ्कनको कार्य शुरुवात भएको छ। आ.व. २०७६/०७७ मा यस नगरपालिकाले गरेको कार्य सम्पादनका आधारमा बागमती प्रदेश सुशासन केन्द्रले संस्थागत क्षमता स्व मूल्याङ्कन गरेको थियो । तोकिएका सूचकहरुको आधारमा मूल्याङ्कन हुदाँ थाहा नगरपालिकाले ७४.२५ अङ्क प्राप्त गर्न सफल भएको थियो । विशेष गरी ० अङ्क प्राप्त भएका सूचकहरुको विश्लेषण गरी उक्त सूचकहरुको आधारमा कार्य सम्पादनमा जोड दिनु पर्ने देखिएको छ।

| आर्थिक वर्ष | प्राप्त अंक |
|---|---|
| २०७८/०७९ | ८६.२५ |
| २०७९/०८० | ७४.२५ |

## स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन

संघीय सरकारले प्रणालीमार्फत् नै स्थानीय तहहरुको वित्तिय सुशासन जोखिम मुल्याङ्कन गर्ने गरिएको छ। यो मूल्याङ्कनले स्थानीय तहहरुलाई वित्तीय सुशासन कायम गर्नको लागि थप उत्प्रेरित गरेको छ। स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ मा भएका व्यवस्थालाई पूर्णरुपमा कार्यान्यन गर्नु आवश्यक छ।

| आर्थिक वर्ष | प्राप्त अंक |
|---|---|
| २०७८/०७९ | ७८ |
| २०७९/०८० | ७३.५ |

## स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन

संघीय सरकारले वार्षिक रुपमा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मुल्याङ्कन कार्यविधि, २०७८, पहिलो संशोधन, २०७९ बमोजिम मुल्याङ्कन गर्ने गरेको छ । स्थानीय तहलाई वित्तिय समानीकरण अनुदान वितरण गर्दा यहि कार्यविधिको मूल्याङ्कनलाई समेत आधार मान्ने गरिएको छ। यस मूल्याङ्कनमा थाहा नगरपालिकाले पनि भाग लिँदै समानीकरण अनुदान प्राप्त गर्ने गरेको छ।

| आर्थिक वर्ष | प्राप्त अङ्क |
|---|---|
| आर्थिक वर्ष २०८०/०८१ का लागि | ५३.८६ |
| आर्थिक वर्ष २०८१/०८२ का लागि | ६०.६६ |

## नगर कार्यपालिकाको संगठन संरचना र जनशक्ति व्यवस्था

नेपालको संविधान, २०७२ वमोजिम प्रदेश र स्थानीय तहहरु निर्माण भए पछि उक्त निकायहरुबाट सेवा प्रवाह जनस्तरसम्म चुस्त, सहजता र प्रभावकारी रुपमा पुऱ्याउन जनशक्ति व्यवस्थापनका लागि कर्मचारी समायोजन ऐन, २०७४ वमोजिम राज्यबाट जारी विभिन्न ऐन कानूनको परिधिभित्र रही स्थायी रुपमा सेवा प्रवेश गरेका निजामती सेवा र स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन गर्ने प्रयोजनार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त संगठन संरचनाका आधारमा समायोजन भएका कर्मचारीहरु र विभिन्न सेवाहरु सञ्चालनार्थ नगरपालिका आफैले करार सेवामा व्यवस्थापन गरेका कर्मचारीहरु यस नगरपालिकाको जनशक्तिको रुपमा रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ११ दफा ८३ मा कर्मचारीहरु समायोजन पश्चात स्थानीय तहहरुले आफ्नो कार्य बोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था रहेको र सोको आधारमा दफा ८३ को ३ वमोजिम तयार भएको संगठन संरचना मिति २०८० पुस २५ गतेको १४औं नगर सभााट स्वीकृत भई कार्यान्वयन हुँदै आएको छ।

### थाहा नगरपालिकाको संगठन संरचना बमोजिम दरबन्दी तेरिज

| क्र.सं. | पद | सेवा/समुह | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | करार पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन/सा.प्र. | १ | १ | - | - | |
| २ | अधिकृत सातौ/आठौं | प्रशासन/सा.प्र. | २ | २ | १ | - | १ जना काजमा आएको |
| ३ | अधिकृत सातौ/आठौं | शिक्षा/शि.प्र. | २ | २ | - | - | |
| ४ | अधिकृत सातौ/आठौं | स्वास्थ्य/हे.ई. | १ | - | १ | - | |
| ५ | अधिकृत सातौ/आठौं | कृषि/कृषि प्रसार | १ | १ | - | - | |
| ६ | अधिकृत सातौ/आठौं | कृषि/पशु चिकित्सा | १ | १ | - | - | |
| ७ | अधिकृत सातौ/आठौं | प्रशासन/लेखा | १ | १ | - | - | |
| ८ | अधिकृत सातौ/आठौं | ईन्जिनियरिङ/सिभिल | १ | १ | - | - | |
| ९ | अधिकृत सातौ/आठौं | ईन्जिनियरिङ/आर्किटेक | १ | - | १ | १ | |
| १० | सहायक पाचौं/छैठौं | प्रशासन/सा.प्र. | २४ | २२ | ५ | - | २ जना काजमा आएको १ जना काजमा गएको |
| ११ | सहायक पाचौं/छैठौं | ईन्जिनियरिङ/सिभिल | १४ | ९ | ५ | ९ | ३ जना काजमा गएको |
| १२ | सहायक पाचौं/छैठौं | ईन्जिनियरिङ/सिभिल/सर्भे | २ | - | २ | २ | |
| १३ | सहायक पाचौं/छैठौं | शिक्षा/शि.प्र. | १ | - | १ | - | |
| १४ | सहायक पाचौं/छैठौं | प्रशासन/लेखा | २ | ३ | - | - | १ जना काजमा गएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | सहायक पाचौं/छैठौं | कृषि/कृषि प्रसार | ६ | ३ | ३ | ४ | |
| १६ | सहायक पाचौं/छैठौं | कृषि/भेटेरिनरी | ५ | ४ | १ | २ | |
| १७ | सहायक पाचौं/छैठौं | स्वास्थ्य/हे.ई./क.न. (न.पा.) | २ | १ | १ | - | |
| १८ | सहायक पाचौं/छैठौं | स्वास्थ्य/हे.ई./क.न. (स्वास्थ्य चौकी) | २५ | १७ | ८ | ८ | |
| १९ | सहायक पाचौं/छैठौं | स्वास्थ्य/ल्या.अ./ल्या.ट./अकुपन्चरिष्ट (स्वास्थ्य चौकी) | ६ | ६ | - | - | |
| २० | सहायक पाचौं/छैठौं | स्वास्थ्य/हे.ई./क.न. (आधारभुत/शहरी स्वास्थ्य केन्द्र) | १२ | १२ | - | - | |
| २१ | सहायक चौथो | स्वास्थ्य/हे.ई. | १ | - | १ | १ | |
| २२ | सहायक चौथो | प्रशासन/सा.प्र. | ७ | ६ | १ | - | वडा सहायक, दता चलानी, न.प्र. र न.उ.प्र. सचिवालय |
| २३ | सहायक चौथो | विविध | १ | १ | - | - | इलेक्ट्रिसियन |
| २४ | नगर प्रहरी सहायक निरीक्षक | विविध | १ | १ | - | - | |
| २५ | नगर प्रहरी हवल्दार | विविध | २ | २ | - | - | |
| २६ | नगर प्रहरी जवान | विविध | ७ | ७ | - | - | |
| २७ | हेभी सवारी चालक | प्राविधिक | ४ | ४ | - | - | |
| २८ | हलुका सवारी चालक | प्राविधिक | ३ | ३ | - | - | |
| २९ | श्रेणीविहिन का.स. (न.पा.) | प्रशासन/सा.प्र. | १७ | १७ | - | - | |
| ३० | श्रेणीविहिन का.स. (स्वास्थ्य संस्था) | प्रशासन/सा.प्र. | ११ | ११ | - | - | |
| ३१ | भान्छे | प्रशासन/सा.प्र. | १ | १ | - | - | |
| ३२ | स्वीपर | विविध | ४ | ४ | - | - | |
| जम्मा | | | १६९ | १४३ | ३१ | २७ | |

संघीय र प्रदेश सरकारको सहयोग र समन्वयमा नगरपालिकाबाट सञ्चालित परियोजनाहरु सुरक्षित आप्रवासन कार्यक्रम (सामी), प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना, कृषि र पशुतर्फ 'एक गाउँ, एक प्राविधिक', कृषि स्नातक र सूचना प्रविधितर्फ कर्मचारीहरु कार्यरत छन् भने नगरपालिका अन्तर्गत रहनेगरी थाहानगर खानेपानी व्यवस्थापन बोर्ड गठन गरी कर्मचारी भर्ना तथा पदस्थापना गरिएको छ।

## परियोजना तथा कार्यक्रमतर्फको जनशक्ति

| क्र.सं. | पद | सेवा/समुह | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | परियोजनाको नाम |
|---|---|---|---|---|---|---|
| १ | रोजगार संयाजक | प्रशासन/सा.प्र. | १ | १ | - | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| २ | रोजगार सहायक | प्रशासन/सा.प्र. | १ | १ | - | |
| ३ | सब-इन्जिनियर | ईन्जिनियरिङ/सिभिल | १ | १ | - | |
| ४ | क्षयरोग कार्यक्रम संयोजक | स्वास्थ्य/हे.ई. | १ | १ | - | क्षयरोग कार्यक्रम |
| ५ | MIS Operater | प्रशासन/विविध | १ | १ | - | MIS सेवा इकाई |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | फिल्ड सहायक | प्रशासन/सा.प्र. | १ | १ | - | |
| ७ | वित्तिय साक्षरता सहजकर्ता | प्रशासन/सा.प्र. | १ | १ | - | सुरक्षित आप्रवासन कार्यक्रम (सामी) |
| ८ | मनोसामाजिक परामर्शकर्ता | प्रशासन/सा.प्र. | १ | १ | - | |
| ९ | उद्योग विकास सहजकर्ता | प्रशासन/सा.प्र. | १ | १ | - | मेड्पा कार्यक्रम |
| १० | पशु स्वास्थ्य प्राविधिक | कृषि/भेटेरिनरी | २ | २ | - | एक गाउँ एक प्राविधिक |
| ११ | नायव प्राविधिक सहायक | कृषि/कृषि प्रसार | २ | १ | १ | |
| **जम्मा** | | | १३ | १२ | १ | |

## विषयगत समितिको बैठक

थाहा नगरपालिकामा बजेट कार्यक्रम तर्जुमा कार्यान्वयन तथा पालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनका लागि विभिन्न विषयगत समिति गठन गरिएको छ। नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था तथा सो ऐनले दिएको अधिकार प्रयोग गरी गठन भएका समितिहरु क्रियाशील रहेका छन्।

| **समितिको नाम** | **बैठक संख्या** |
|---|---|
| सुशासन समिति | ३ पटक |
| सार्वजनिक लेखा समिति | ५ पटक |
| विधायन समिति | २ पटक |
| नगर कार्यपालिका बैठक | १२ पटक |
| आर्थिक विकास समिति | १७ पटक |
| सामाजिक विकास समिति | ९ पटक |
| पूर्वाधार विकास समिति | ५ पटक |
| वन, वातावरण तथा विपद व्यवस्थापन समिति | ६ पटक |
| नगरस्तरीय विपद व्यवस्थापन समिति | २ पटक |
| स्थानीय राजश्व परामर्श समिति | ८ पटक |
| न्यायिक समितिको इजलास तथा बैठक | ५५ पटक |
| अपाङ्गता परिचयपत्र वितरण गर्ने स्थानीय समन्वय समिति | ५ पटक |
| नगरस्तरीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक समिति | ६ पटक |
| चालुकोष लगानी व्यवस्थापन समिति | २ वटा |
| योजना अनुगमन तथा सुपरीवेक्षण समिति | ३० पटक |
| मलखाद्य आपूर्ति तथा व्यवस्थापन समिति | २१ पटक |

## सामाजिक विकास

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको प्रत्याभूति गरेको छ। आधारभूत तथा माध्यमिक तहको शिक्षाको व्यवस्था स्थानीय तहको एकल अधिकारको रुपमा संवैधानिक व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षा सम्बन्धी निर्धारण गरेको २३ वटा क्षेत्र भित्र रही यस थाहा नगरपालिकाले माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ।



आम नागरिकको शिक्षामा पहँच सुनिश्चित गर्न नगर भित्र ५३ वटा सामुदायिक र १० वटा संस्थागत विद्यालयहरु सञ्चालनमा रहेका छन् । सामुदायिक विद्यालयमा अहिले कार्यालय सहयोगी, बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी तथा सबै शिक्षकहरु गरी ४ सय २३ जना क्रियाशील छन् । कतिपय विद्यालयले निजी स्रोतमा पनि केही सख्यामा शिक्षकहरुको व्यवस्था गरी विद्यालयभित्र गरिने शैक्षिक क्रियाकलापहरु हुदै आएको छ।

थाहा नगरपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा पालिका घोषणा भएको छ । बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणको महत्वपूर्ण सूचक बालबालिका भर्ना रहेकोले तथ्याङ्क संकलनको कार्य गरिएको छ। नगरका माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय र सूचना प्रविधिको विस्तार जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको छ। आधारभूत तहमा सूचना प्रविधिको विस्तार, पुस्तकालयको व्यवस्थापन, बुक कर्नरको व्यवस्थापन, पधानाध्यापकहरुको बैठक एवं विषयगत समितिको बैठकहरु मार्फत शैक्षणिक योजना निर्माण र कार्यान्वयन, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन, परीक्षा प्रणालीमा सुदृढीकरण, सरोकारवालाहरुसँगको अन्तरक्रिया जस्ता कार्यहरु गरी शैक्षिक गुणस्तर सुधारमा जोड दिएको छ।

नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रूपमा स्थापित गरे अनुसार गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ तरिकाबाट जनतालाई पुऱ्याउनु नेपाल सरकारको नीति रहेको छ। नेपाल सरकारले निर्धारण गरे अनुसारको नीति तथा कार्यक्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गरी गुणस्तरीय सेवा प्रदान गर्न पालिका स्तरमा स्वास्थ्य सेवाको योजना तर्जुमा गर्ने, कार्यक्रम सञ्चालन तथा सेवा प्रदान गर्ने, कार्यक्रमको अनुगमन गर्ने र गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चत गर्ने प्रमुख जिम्मेवारी तथा दायित्व रहेको छ।

यस नगरपालिका भित्र स्वास्थ्य सेवा सरल र सहज रुपमा उपलव्ध गराउन १२ वटा स्वास्थ्य संस्थाहरु सञ्चालित रहेका छन् । सरकारी संस्थाहरुमा कार्यरत १०१ जना स्वास्थ्यकर्मीहरुवाट गुणात्मक स्वास्थ्य सेवाहरु प्रवाहको प्रयास हुदै आएको छ। मुख्यत स्वास्थ्य संस्था मार्फत प्रतिकारात्मक, उपचारात्मक र प्रबर्दनात्मक सेवा दिनको लागि खोप, सुरक्षित मातृत्व, परिवार नियोजन, पोषण, क्षयरोग, कुष्ठरोग, विरामी जाँच जस्ता सेवाहरु सञ्चालित छन् ।

## साँस्कृतिक संरक्षणतर्फ

नगरपालिकाको स्वीकृत नीति तथा कार्यक्रम अनुसार विभिन्न जाती, धर्मले मनाउने विशेष पर्व तथा चाडहरु लक्षित कार्यक्रम तथा विशेष कार्यक्रमबाट सहकार्य गरिएको छ। यसै कार्यक्रम अन्तर्गत देहाय बमोजिमका जात्रा,पर्व तथा मेलाहरुमा सहयोग प्रदान गरिएको छ।

- कोतमौला पुजा (पालुङ तथा बज्रवाराही )
- नगरस्तरीय ल्होसार कार्यक्रम
- ल्होसार कार्यक्रम (बालुवाचौर )
- १२ वर्षे नाच (पालुङ र कुन्छाल )
- बुद्ध जयन्ती कार्यक्रम
- एकादशी मेला (आग्रा)

- कार्तिक नाँच (चित्लाङ)




## पर्व सञ्चालनका लागि अक्षय कोष

नगरपालिकाले नगरको मुख्य जात्राहरुका रुपमा मनाईदै आएका र आर्थिक रुपमा समेत खर्चिलो रहदै आइरहेका जात्रा तथा पर्वहरुलाई मनाउनका लागि सहजता बनाउन सम्बन्धित समुदायसमेतको आर्थिक सहभागितामा जात्रा पर्व सञ्चालनार्थ अक्षय कोषको व्यवस्था गर्ने सम्बन्धमा नगरपालिकाको स्वीकृत नीति बमोजिम देहायका समुदाय/समितिको समेत रु. २/२ लाख आर्थिक सहभागितामा नगरपालिकामार्फत् रु. ४/४ लाख थप गरी अक्षय कोष खाता सञ्चालन गरिएको छ।

- ईन्द्रायणी भगवती कालाभैरव गुठी संरक्षण समिति, थाहा २
- बज्रवाराही गुठी संरक्षण समिति, थाहा ६

## पहिलो पटक थाहा पदक र स्थापना दिवस



यस नगरपालिका घोषणा भई स्थापना भएको दिनको सम्झना स्वरुप थाहा नगरपालिकाले प्रथम पटक आफ्नो स्थापना दिवश विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाइएको छ। स्थापना दिवसका अवसरमा प्रथमपटक थाहा सेवा पदकमार्फत् थाहा नगरपालिकाका प्रथम नगरप्रमुख लवशेर विष्ट तथा उपप्रमुख खड्ग बहादुर गोपालीलाई सम्मान गरिएको थियो भने थाहा आर्थिक पदकबाट थाहा ६ का पर्यटन उद्यमी अर्जुन सिं ठकुरी तथा थाहा ३ का श्याम विष्ट र थाहा सस्कृति तारा पदकबाट थाहा ६ का टिकालाल कर्माचार्यलाई सम्मान गरिएको थियो। उक्त अवसरमा नगरप्रमुख ११ विरुद्ध प्रमुख प्रशासकीय अधिकृत ११ बीच मैत्रीपूर्ण फुटवल प्रतियोगितासमेत आयोजना गरिएको थियो।

## व्यायामशाला सञ्चालन

नगरपालिकाले स्थानीय रुपमा क्रियाशील गराउने गरी दर्ता प्रक्रियामा समावेश गराएको स्थानीय संस्थाहरुलाई विविध कार्यक्रमसहित परिचालन गर्दै आएको छ। चालु आ.व. ०८०/०८१ को स्वीकृत कार्यक्रमबमोजिम थाहा नगरपालिकाको वडा नं ३/४ स्थित थानाबजार बुद्धचोक बजार व्यवस्थापन समितिसँगको सञ्चालन व्यवस्थापन सम्झौता बमोजिम ब्यायमशाला सामाग्रीको खरिदमा रु.२,५०,०००/ सहायता प्रदान गरिएको छ र हालसम्म थाहा नगरपालिकामा नगरपालिकाको सहयोगमा थाहा ३ शिखरकोट सहित २ स्थानमा व्यायमशाला सञ्चालन हुदै आइरहेको छ।

## सीप विकास र प्रविधि हस्तान्तरण

स्वीकृत कार्यक्रम अनुसार थाहा नगरपालिकामा व्यवसाय सञ्चालन गर्दै आइरहेका तपसिलका व्यवसायीहरुलाई ७० प्रतिशत अनुदान र तपसिलका विपन्न नागरिकहरुलाई सीप प्रवर्द्धन तथा जिविकोपार्जन सहायताका लागि १०० प्रतिशत अनुदानमा देहायका प्रविधि हस्तान्तरण गरिएको छ।

तपसिल :

### क. ७० प्रतिशत अनुदानतर्फ :

- निमा कृषि फार्म, थाहा-७ : मिनिटिलर थान १
- सेती गणेश किराना पसल, थाहा-३ : मिल १ थान
- सावित्री कपडा पसल, थाहा-३ : जुकी सिलाई मेसिन र पिको मेसिन १/१ थान
- सेवा लेडिज टेलर्स, थाहा-६ : जुकी सिलाई मेसिन र पिको मेसिन १/१ थान
- नर्वे ढुङ्गा टेलर्स, थाहा-११ : जुकी सिलाई मेसिन १ थान
- मञ्जुश्री मोटरसाकिल एण्ड अटो वर्कसप, थाहा-७ : कम्प्रेसर मेसिन,वासिङ मेसिन र ब्याट्रि चार्जर १/१ थान

### ख. १०० प्रतिशत अनुदानतर्फ :

- राम बहादुर सुनार, थाहा-७ : काष्ठ सामाग्री निर्माणमा प्रयोग हुने प्रविधिहरु
- अमिर भोम्जन, थाहा-१ : पेन्टिङका लागि स्थान निर्माण सहयोग।

## सार्वजनिक/ सामुदायिक पुर्वाधार निर्माण

समुदायको आवश्यकता र लागत साझेदारीमा नगरपालिकामार्फत् सार्वजनिक सामुदायिक पूर्वाधारहरु निर्माण गर्ने र व्यवस्थापन गर्दै आइरहेकोमा यस चालु वर्षमा देहायका स्थानमा देहायका पुर्वाधार तयार गरिएको छ।

- मऱ्याङघाट निर्माण, थाहा ८ - चिट्टा निर्माण,
- थाहा ६ दलित समुदायका लागि चिट्टा निर्माण,
- थाहा ८ सामुदायिक भवन (अर्चना बाबाधाम)।

## ज्येष्ठ नागरिक केन्द्र मर्मत सहायता

थाहा ३ मा अवस्थित सीताराम ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको भवन मर्मतका लागि रकम माग भई आएकोमा ज्येष्ठ नागरिक केन्द्रको भवनको अपूरो कामका लागि सहयोग गरिएको छ।

## दलित विद्यार्थीलाई उच्च शिक्षाका लागि छात्रवृति

चालु आ.व. ०८०/०८१ का लागि थाहा नगरपालिकामा स्थायी बसोबास गर्ने देहायका तह र विद्यामा अध्ययनरत विद्यार्थीहरुलाई देहायका दरले छात्रवृत्ति प्रदान गरियो।

- प्राविधिक धारको डिप्लोमा तह अध्ययनरत ३ जनालाई प्रति विद्यार्थी रु.१५०००/- का दरले।
- स्नातक तह अध्ययनरत २ जनालाई प्रति विद्यार्थी रु.१५०००/- का दरले।
- १० जोड २ तह अध्ययनरत २३ जनालाई प्रति विद्यार्थी रु. ८०००/- का दरले।

## बालमैत्री स्थानीय तह अभियान

थाहा नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार थाहा नगरपालिकाको १२ वटै वडाहरु मध्ये आ. व. २०८०|८१ मा वडा नं ७ देखि १२ सम्म घरधुरी सर्वेक्षण गरी बाल प्रोफाईल तयार गरिएको भने थाहा १ र ३ लाई बालमैत्री वडा घोषणाका लागि तयार गर्नका लागि

विद्यालय, टोल तथा वडामा बाल क्लवहरुको गठन सम्पन्न भई नगरस्तरीय बाल भेला आयोजना गरी आ.व. ०८१/०८२ का लागि योजनाहरु संकलन गर्ने कार्य सम्पन्न भइसकेको छ । २ जना वडा बालमैत्री सहजकर्ता नियुक्त गरी कार्य प्रारम्भ भइरहेको छ । थाहा नगरपालिकाको पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको एम्बुलेन्सलाई मर्मत गर्नका लागि सहकार्य समेत गरिएको छ।

### उज्यालो बजार कार्यक्रमको निरन्तरता

नगरपालिकाअन्तर्गत् दर्ता भएका बजार व्यवस्थापन समिति तथा टोल विकास संस्थाहरुलाई क्रियाशील बनाउँदै संस्थाहरुको सहकार्यमा बजार क्षेत्र उज्यालो बनाउने कार्यक्रमको निरन्तरता दिईदै आएको छ भने ७ स्थानमा सौर्य सडक बत्ती व्यवस्थापन गरिएको छ । साथै बजार क्षेत्रमा बजार समितिको अनुरोधमा बजार क्षेत्रलाई व्यवस्थित गर्न सहकार्यमा विविध कार्यक्रमहरु बजारमा सिसिक्यामरा जडान, प्रतिक्षालय व्यवस्थापन, सार्वजनिक शौचालय व्यवस्थापन, प्रवेशद्धार निर्माण लगाएत कार्यहरुसमेत हुँदै आएको छ।

### संघसंस्था सहकार्य

यस सामाजिक विकास शाखा थाहा नगरपालिकाको NGO Desk का रुपमा समेत कामकाज गर्दै आइरहेकोमा विभिन्न गैरसरकारी संस्थाहरुसँगको सहकार्यमा विविध कार्यक्रमहरु समेत सम्पन्न गरिएको छ।

- स्थानीय स्काउट सञ्चालन तथा व्यवस्थापन
- लैङ्गिक हिंसा, मनोसामाजिक परामर्श र बाल विवाहविरुद्धको कार्यक्रम
- गोले बंश राष्ट्रिय भेला कार्यक्रम।

### प्राविधिक जनशक्ति उत्पादनका लागि शैक्षिक वृत्ति

थाहा नगरपालिकाले आफ्नो क्षेत्रबाट प्राविधिक धारका योग्य जनशक्ति तयार गर्ने योजनाका साथ चालु आ.व. ०८०/०८१ मा उपप्रमुख शैक्षिक वृत्ति कोषका रुपमा एक कोष खडा गरी रु.२,००,०००/- राखिएको छ।

### खेलकुदतर्फ

### खेलाडीहरुको बीमा

थाहा नगरपालिकामार्फत प्रतिनिधित्व गर्ने फुटबल ,भलिवल तथा कराँते  खेलसँग सम्बन्धीत खेलाडीहरुको अभिलेख तयार गरी जिल्लामा नै पहिलोपटक खेलाडीहरुको दुर्घटना बीमा गरिएको छ । चालु आ.व सम्म लागु हुनेगरी प्रति खेलाडी रु. ५ लाख बरावरको बीमाङ्क कायम गरी ५४ खेलाडीको बीमा एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडमा गरिएको छ।



## थाहा नगरपालिकाको आधिकारिक जर्सी

नगरपालिकाबाट प्रतिनिधित्व गर्ने खेलाडीहरुको जर्सीमा एकरुपता ल्याउनका लागि थाहानगर खेलकुद विकास समितिको सिफारिसमा थाहा नगरपालिकाको नारालाई प्रतिनिधित्व गर्ने गरी २ थरीका जर्सीलाई आधिकारिकता प्रदान गरिएको र सोहीबमोजिमका जर्सीहरु खेलाडीहरुलाई नगरपालिकाले वितरण गर्ने गरिएको छ।

## नगरको सहयोगमा नगरस्तरीय खेलकुद प्रतियोगिता

नगरपालिकाले स्वीकृत वार्षिक कार्यक्रमहरुअन्तर्गत् नगरको आर्थिक सहयोगमा देहाय बमोजिमका नगरस्तरीय खेलहरु सञ्चालन गरिएको छ।

**देहाय :**

| क्र.सं | प्रतियोगिता | व्यवस्थापन गर्ने संस्था | नगरपालिकाको सहयोग | कैफियत |
|---|---|---|---|---|
| १ | नगरस्तरीय फुटबल प्रतियोगिता | वडा नं ९ स्तरीय खेलकुद विकास समिति ,चित्लाङ | रु.३,००,०००/ | |
| २ | नगरस्तरीय भलिवल प्रतियोगिता | वडा नं ५ स्तरीय खेलकुद विकास समिति | रु.१,००,०००/ | |
| ३ | नगरस्तरीय कराँते प्रतियोगिता | नेपाल कराँते महासंघ शाखा थाहा | रु. २,००,०००/ | |

## खेलाडी बन्द प्रशिक्षणको व्यवस्था

नगरपालिकामार्फत् छनौट भएका र जिल्ला /प्रदेश स्तरका प्रतियोगितामा सहभागी हुने खेलाडीहरुलाई बन्द प्रशिक्षण आवासीय तथा आवास व्यवस्था नभएका गरी सञ्चालन गरिएको थियो । खेलाडीहरुको टिमबीच भातृत्व तथा सामूहिक खेल भावना र खेल कौशलमा स्तर वृद्धि गर्न सहायकसिद्ध भएको बन्द प्रशिक्षण विशेषगरी देहायका खेल र खेलाडीलाई प्रदान गरिएको थियो।

**देहाय :**

- जिल्लास्तरीय राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता अर्न्तगतका छात्र/छात्रा भलिवल र कब्बडी खेलाडीलाई आवासीय बन्द प्रशिक्षण ।
- जिरी युवा सञ्जालको आयोजनामा भएको प्रदेशस्तरीय भलिवल खेलमा सहभागी खेलाडीलाई दिवा बन्द प्रशिक्षण।
- थाहा गोल्डकपमा सहभागी हुन छनौट भएका २७ जनालाई १९ दिने फुटवलको आवासीय बन्द प्रशिक्षण।

## विभिन्न प्रतियोगितामा सहभागिता



नगरपालिकाको तर्फबाट आ.व. ०८०/०८१ मा देहायका प्रतियोगिताहरुमा नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गर्दै खेलहरुमा सहभागी भएको थियो । जसमा देहाय बमोजिमको उपलब्धीहरु समेत हात परेको थियो।

- जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, हेटौडा तेस्रो
- प्रदेशस्तरीय भलिवल प्रतियोगिता, जिरी उपविजेता

- स्व. सुर्दशन स्मृति फुटवल प्रतियोगिता, हेटौडा — सेमीफाइनल
- सहिद रुद्र पाखिन तथा सहिद बासुदेव स्मृति फुटसल प्रतियोगिता, मकवानपुर गढी — सेमीफाइनल
- जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता, हेटौडा — सेमीफाइनल
- प्रकाश दहाल स्मृति भलिवल, महाँकाल ललितपुर — उपविजेता

## थाहा गोल्डकप




थाहा नगरपालिकाको पहिचान र गौरवका रुपमा स्व. रुपचन्द्र विष्टको थाहा आन्दोलनलाई सम्मान गर्ने सोचका साथ थाहा नगरपालिकामा खेलाईने खेलहरु मध्येको सबैभन्दा ठुलो प्रतियोगिताका रुपमा पाँचौ संस्करणको थाहा गोल्डकप प्रतियोगिता थाहानगर खेलकुद विकास समितिको आयोजना र शिखर क्लव शिखरकोटको व्यवस्थापनमा सम्पन्न भएको छ। देशका ए डिभिजन खेलाडी तथा केही विदेशी खेलाडीहरुसमेतको सहभागितामा सम्पन्न खेलको लाइभ प्रशासण देशकै लोकप्रिय खेल मिडिया गोल नेपाल मार्फत् भएको थियो। कुल १२ टोली समावेश भएको प्रतियोगितामा थाहा नगरपालिकाको नगरस्तरीय फुटवल प्रतियोगिताबाट उत्कृष्ट छानिएका खेलाडीहरु मध्येबाट नगरको प्रतिनिधित्व गर्ने एक टोली समेत सहभागी थियो।

## पाँचौ उपप्रमुख ब्याडमिन्टन प्रतियोगिता सम्पन्न



युवाहरुमा लोकप्रिय बन्दै गईरहेको ब्याडमिन्टन खेल अर्न्तगत थाहानगर ब्याडमिन्टन संघसँगको सहकार्यमा थाहानगर खेलकुद विकास समितिले पाँचौ उपमेयर ब्याडमिन्टन प्रतियोगिता सम्पन्न गरिएको छ।

## खेलकुदमा सहयोग

नगर खेलकुद समितिले नगरक्षेत्रमा खेलाइने विभिन्न प्रतियोगिताहरुमा गर्ने आर्थिक सहयोगलाई नीति बनाई नियमित गर्नका लागि भएको निर्णय बमोजिम अनुमति माग गरी प्रतियोगिता सञ्चालन गरेका देहायका प्रतियोगिताहरुमा सहयोग गरेको थियो।

- प्रथम २४८८ कप फुटबल सिमभञ्याङ- रु.४००००/
- स्वच्छन्द भैरव यूवा क्लवको आयोजनामा सम्पन्न जिल्ला स्तरीय भलिवल - रु.४००००/
- जुनियर रेडक्रस नाटेश्वरको व्यवस्थापनमा सम्पन्न शिक्षक भलिवल - रु.४००००/

### खेलमैदान निर्माण सहकार्य

समितिको पहलमा थाहा ९ चित्लाङमा फुटबल मैदान निर्माण गरिएको छ र उक्त मैदानमा थाहा नगरस्तरीय अन्तरवडा फुटबल प्रतियोगितासमेत सम्पन्न गरिएको छ। नगरपालिका खेलकुद समितिको २ लाख सहित नगर प्रमुखस्तरीय निर्णयबाट थप ३ लाख गरी कुल ५ लाख बजेट व्यवस्था गरिएको थियो।

### खेल सामाग्री वितरण

थाहा नगरपालिकाको विभिन्न वडा तथा युवा क्लवहरुलाई खेल सामाग्रीहरु समेत वितरण गरिएको थियो।

## शिक्षा, युवा तथा खेलकुद विकास

नेपालको संविधानको भाग ३ धारा ३१ मा भएको शिक्षा सम्बन्धी हक पुरा गर्ने गराउने प्रयोजनका लागि स्थानीय तहको एकल अधिकारको रुपमा रहेको अनुसूची ८ मा भएको आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (२) ज मा उल्लेखित २३ वटा काम, कर्तव्य र अधिकार वमोजिम यस नगरपालिकाभित्र शैक्षिक सेवाहरु गुणस्तरीय र प्रभावकारी रुपमा प्रवाह गर्न शैक्षिक सस्थाहरु र जनशक्तिको विद्यमान अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

### सार्वजनिक विद्यालयको विवरण

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | प्राथमिक विद्यालय | ३४ वटा |
| २. | निम्न माध्यमिक विद्यालय | ८ वटा |
| ३. | माध्यमिक विद्यालय | ११ वटा |
| **जम्मा** | | **५३ वटा** |

### सामुदायिक विद्यालयको कक्षागत विवरण

| क्र.सं. | विद्यालय | संख्या |
|---|---|---|
| १. | बाल विकास केन्द्र | ६२ वटा |
| २. | कक्षा-१ देखि ३ सम्म | ६ वटा |
| ३. | कक्षा १ देखि ५ सम्म | २८ वटा |
| ४. | कक्षा १ देखि ८ सम्म | ८ वटा |
| ५. | कक्षा १ देखि १० सम्म | ५ वटा |
| ६. | कक्षा १ देखि १२ सम्म | ६ वटा |

| क्र.सं. | सामुदायिक सिकाइ केन्द्र | संख्या |
|---|---|---|
| १. | सुनौलो सामुदायिक सिकाइ केन्द्र | १ वटा |

## निजी लगानीका विद्यालयको विवरण

| क्र.सं. | विद्यालयको तह | संख्या |
|---|---|---|
| १. | बाल विकास सञ्चालन भएको | २ वटा |
| २. | कक्षा ५ सम्म सञ्चालन भएको | २ वटा |
| ३. | कक्षा १० सम्म सञ्चालन भएको | ६ वटा |
| ४. | कक्षा ६ सम्म सञ्चालन भएको | १ वटा |
| **जम्मा** | | **११ वटा** |

## सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी विवरणः

| विवरण | बाल विकास | कक्षा १ देखि ५ सम्म | कक्षा ६ देखि ८ सम्म | कक्षा ९ देखि १० सम्म | कक्षा ११ देखि १२ सम्म | प्राविधिक धारतर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| शिक्षक संख्या | ६२ | १९३<br>दरबन्दी १६०<br>राहत ३३ | ५०<br>दरबन्दी २१<br>राहत २९ | ३७<br>दरबन्दी २१<br>राहत १६ | ६ | १८ | ३६६ |

| बाल विकास केन्द्र | प्राथमिक तह शिक्षक दरबन्दी | | | निमाविं तह शिक्षक दरबन्दी | | | उच्च मावि |
|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | दरबन्दी | राहत | जम्मा | दरबन्दी/करार |
| ६२ | १६० | ३३ | १९३ | २१ | २८ | ५० | ६ |

| मावि दरबन्दी | | | प्राविधक धारतर्फ | | | | विद्यालय कर्मचारी | कार्यालय सहयोगी | रिक्त का. स. |
|---|---|---|---|---|---|---|---|---|---|
| दरबन्दी | राहत | जम्मा | ल्याब ब्वाय | सहायक प्रशिक्षक | प्रशिक्षक/सह प्रशिक्षक | जम्मा | | | |
| १७ | २० | ३७ | २ | ४ | १२ | १८ | ११ | ५३ | १ |

| नगरपालिका अनुदान शिक्षक | | | | |
|---|---|---|---|---|
| बाल विकास केन्द्र | प्रा.वि | निमावि | मावि | **जम्मा** |
| ० | ० | ५ | ० | **५** |

## शिक्षकहरुका लागि सात दिने योग प्रशिक्षण

थाहा नगरपालिका भरका सार्वजनिक र निजी लगानीका विद्यालयहरूमा कार्यरत ६१ जना शिक्षकहरूलाई दुई चरणमा योग प्रशिक्षण तालिम दिइएको छ। दुई चरणमा भएको तालिम पालुङ जेसिज सभाहल र सुनौला सामुदायिक केन्द्रमा सञ्चालन गरिएको थियो।

सहभागीहरुलाई अन्तर्राष्ट्रिय योगगुरू राजन बिडारीले योगका सैद्धान्तिक र व्यावहारिक ज्ञान नगरपालिका भरका ६१ जना शिक्षकहरूलाई दैनिक दैनिक ३ घण्टा योग प्रशिक्षण गर्नु भएको थियो। कार्यक्रमको व्यवस्थापन सुनौलो सामुदायिक केन्द्रका अध्यक्ष रुपचन्द्र गोपाली र सामाजिक परिचालक रेणु गोपालीले गर्नुभएको थियो।

## नवीनतम् खोजः प्रदेशको विद्यालयस्तरीय पहिलो कार्यक्रम



बागमती प्रदेश स्तरीय नवीनतम् खोज, नवप्रर्तन सम्बन्धी विद्यालस्तरीय कार्यक्रमको प्रारम्भ बैशाख २७ गते जनकल्याण माविमा भएको छ । कार्यक्रमको उद्घाटन प्रमुख अतिथि सामाजिक विकास मन्त्री कुमारी मोक्तानले पानसमा दीप प्रज्ज्वलनबाट भएको थियो । कार्यक्रममा अध्यक्षता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजीवकुमार स्याङ्तान, अथिति ३ नंम्बर वडा अध्यक्ष हिरेन्द्रकुमार रायमाझी रहनु भएको थियो ।

कार्यक्रम सञ्चालन बागमती प्रदेश सामाजिक विकास मन्त्रालयका सूचना अधिकारी रमा खतिवडाले गर्नु भएको थियो भने सहजीकरण मन्त्रालयका महाशाखा प्रमुख गोपालप्रसाद कडेल, जीवशास्त्री अणुविज्ञ डा. गिरिराज त्रिपाठी, युवा वैज्ञानिकद्वय भुवन र निर्मलले गर्नुभएको थियो ।

## छैँटौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता



थाहा नगरपालिकाको व्यवस्थापनमा छैँटौं राष्ट्रपति रनिङ शिल्ड एवम् मेयर कप भलिबल प्रतियोभएको छ । नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टले उद्घाटन गर्नु भएको सो कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली, थाहा नगरपालिकस्तरीय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू नेपाली काँग्रेसका प्रमोद जोशी, नेकपा एमालेका अच्युतमप्रसाद ढकाल, नेकपा माओवादी केन्द्रका विनोदकुमार लामा, राष्ट्रिय स्वतन्त्र पार्टीका जयराम केसी, नेकपा एकीकृत समाजवादीका सुरेन्द्रा थापामगर, राष्ट्रिय जनमोर्चा नेपाल, दिनेश विष्ट र पत्रकार शम्भु अधिकारीको उपस्थिति थियो भने कार्यक्रम सञ्चालन कार्यपालिका सदस्य अनिता बलले गर्नुभएको थियो ।

कार्यक्रममा नगरपालिकाभरका १७ माध्यमिक विद्यालयहरू मध्ये स्वच्छन्द भैरव मावि र सरस्वती विद्या मन्दिरबाहेकका विद्यालहरुको सहभागिता रह्यो । प्रतियोगितामा जनकल्याण मावि प्रथम भएको थियो । प्रतियोगितामा ६ सय २३ विद्यार्थीको सहभागिता रहेको थियो ।

## प्रधानाध्यापक तथा विद्यालय कर्मचारीका लागि लेखा सम्बन्धी तालिम




थाहा नगरपालिका भरका सार्वजनिक विद्यालयका कार्यरत प्रधानाध्यापक तथा विद्यालय कर्मचारीहरूका लागि दुई दिने अनुशिक्षण दिइएको छ । कार्यक्रमको उद्घाटन नगरपालिका प्रमुख विष्णुबहादुर विष्टबाट तालिमको ब्यानर पढेर गर्नुभयो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, शिक्षा समिति सदस्य अर्जुन सुनार, प्रशिक्षकहरू टङ्कप्रसाद उपाध्याय, दिनानाथ श्रेष्ठ, सन्दीप पौडेल, कार्यक्रम सञ्चालक सूर्यबहादुर थिङको रह्यो ।

दुई दिने कार्यक्रमको समापन समारोहमा सहभागीका तर्फबाट बालकुमारी प्राविका सुजाता थिङ, स्वच्छन्द भैरव माविका सञ्जीव बलामीले तालिममा सिकेका जिन्सी स्रेस्ता, प्रशिक्षक त्रयले दिएका लेखा सम्बन्धी सिद्धान्तका आधारमा व्यावहारिक प्रयोग गर्ने कुरामा आफूहरूमा ज्ञान, सीप र क्षमता बढेको, कानूनी प्रक्रिया पुर्याउँदा विद्यालयको लेखा परीक्षण कार्य सरलीकरण हुने, गोश्वारा भौचरलाई व्यवस्थित प्रयोग गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमको अन्तमा विद्यालयका प्रधानाध्यापक गणेशमान श्रेष्ठले तालिमबाट सिकेका जिन्सी, लेखाङ्कन सम्बन्धी सिकेका कुरालाई व्यावहारिक प्रयोग हुनेछ भनी विश्वास दिलाउनुभयो ।


## तामाङ भाषा लिपि प्रबर्द्धन तथा पाठ्यक्रम प्रबोधीकरण सम्बन्धी तालिम



थाहा नगरपालिका शिक्षा शाखाको आयोजनामा तामाङ भाषा सम्बन्धी तीन दिने पाठ्यक्रम प्रबोधीकरण तथा पुनर्ताजगी तालिम संचालन गरिएको छ । नेपाल तामाङ घेदुङ थाहानगरका अध्यक्ष दीपक थिङको अध्यक्षतमा कार्यक्रम संचालन गरिएको हो ।

शिक्षा शाखा प्रमुख माधवविक्रम मल्ले तामाङ मातृभाषा शिक्षणले बालबालिकाको विद्यालय छोड्ने दरमा कमी आउने, आफ्ना मातृभाषामा अध्ययन अध्यापन कार्यले बालबालिकामा रहेको भाषा प्राप्ति संयन्त्र बलियो हुने तर्क अघि गर्नुभयो । कार्यक्रममा थाहा नगरभित्रका २५ विद्यालयबाट एकएक जना सहभागिता रह्यो । कार्यक्रममा तामाङ लिपि विशेषज्ञ मङ्गल तामाङले प्रश्न निर्माण कार्यमा नगरपालिकाबाट सहयोग हुने अपेक्षा राख्नुभयो ।

## थाहा नगरपालिकामा अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी घोषणा




थाहा नगरपालिकामा अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी घोषणा गरिएको छ। बागमती प्रदेश सरकारका सामाजिक विकास मन्त्री तथा प्रमुख अतिथि कुमारी मोक्तानले घोषणा गर्नु भएको हो । घोषणा कार्यक्रम थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टको अध्यक्षतामा सम्पन्न भएको थियो । नगरका उपप्रमुख भरत गोपाली, बागमती प्रदेश शिक्षा निर्देशनालयका महानिर्देशक दीपेन्द्र सुवेदी, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी लगायतका राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिले अनिवार्य शिक्षा शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख अथितिबाट विद्यार्थीहरूलाई पोशाक, झोला वितरण वितरण भएको थियो । कार्यक्रमको प्रगति विवरण, स्वागत मन्तव्य तथा कार्यक्रमको औचित्य बारेमा शाखा प्रमुख माधवविक्रम मल्लबाट भएको थियो । कार्यक्रममा विद्यार्थी, राजनीतिक दलका प्रतिनिधिहरू, जनप्रतिनिधिहरू, शिक्षक, प्रधानाध्यापक, संघसंगठनका प्रतिनिधिहरुको उपस्थिति थियो ।

## शिक्षा शाखा अन्तर्गत बाह्य तालिममा भाग लिएका शिक्षक, कर्मचारीको विवरण तालिका

| कार्यक्रमको नाम | अवधी (दिन) | सहभागीको नाम, पद | कैफियत |
|---|---|---|---|
| स्थानीय तहका शिअका लागि क्षमता वृद्धि सम्बन्धी कार्यशाला | १ | माधवविक्रम मल्ल, शाअ, थाहा नगरपालिका | |
| विषयगत कस्टमाइज्ड | ५ | जितेन्द्र यादव, शिक्षक, इन्द्रायणी मावि | |
| वार्षिक कार्यक्रम अभिमुखीकरण, क्षमता अभिवृद्धि | ३ | माधवविक्रम मल्ल, शाअ, थाहा नगरपालिका | |
| अख्तियार दुरुपयोग सम्बन्धी कार्यशाला | १ | १ जना शाखा प्रमुख | |
| शिक्षा सम्बन्धी समन्वयात्मक बैठक | १ | सुर्य बहादुर थिङ, विनि, थाहा नगरपालिका | |
| गणित सम्बन्धी विषयगत कस्टमाइज्ड | ५ | बजरंगप्रसाद सिन्हा, शिक्षक, जनकल्याण मावि | |
| बाल विकास सहजकर्ता पुनर्ताजगी | ५ | ३२ जना शिक्षकहरू | |
| सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | २ जना शिक्षक रमेश स्याङ्तान (घाटदेवी आवि), देवचन्द्र ढकाल (मत्स्यनारायण मावि) | |
| नमूना विद्यालय सहजीकरण कार्यशाला | १ | १ जना शाखा प्रमुख माधवविक्र मल्ल | जकमावि |
| कक्षा ५,८,१० अङ्ग्रेजी शिक्षक निर्देशिका | ३ | १ जना शिक्षक, पेमाकला पाण्डे भुसाल, कल्याण प्रावि,थाहा-५ | |
| अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी सम्झौता | १ | २ जना प्रप्रअ, शिक्षा शाखा प्रमुख | |
| विद्यालयको भौतिक पूर्वाधार निर्माण एवम् मर्मत सम्भार कार्यको व्यवस्थापन सम्बन्धी अनुभव आदानप्रदान कार्यक्रम | १ | १ शाखा प्रमुख, माधवविक्रम मल्ल | |
| विद्यालयमा समता र समावेशी शिक्षा | ५ | १ जना प्रअ सुन्दरीदेवी माविका हरिकृष्ण कार्की | |
| विद्यायलय नक्साङ्कन, भौतिक सर्वेक्षण | १ | २ जना अधिकृतहरू ई. सन्तोष बोहोरा, अधिकृत सुर्य बहादुर थिङ | |

| | | | |
|---|---|---|---|
| प्रारम्भिक कक्षा शिक्षक सम्बन्धी | १ | १ जना प्रअ नाटेश्वर माविका धर्मेन्द्रप्रसाद अर्याल | |
| शिक्षा योजना, **IEMIs\ Desktop Version** को अभिमुखीकरण | ४ | १ जना शाखा प्रमुख माधवविक्रम मल्ल | **युसएड, CEHRD** |
| माशि नेपाली विषयको पेशागत तालिम | १० | १ जना माशि तृतीय श्रेणीका स्थायी शिक्षक रामकुमार बल | |
| अँग्रेजी विषयसम्बन्धी कस्टमाइज्ड | ५ | ३ जना शिक्षकहरू सोनी विष्ट, सन्देश गोपाली, सबिना सापकोटा | |
| २०८० सालमा नियुक्ति भएका प्राथमिक शिक्षकहरू | ३ | सेवा प्रवेश तालिम ५ मध्ये ३ जना सहभागी | |
| **TPd** गणित विषय शिक्षक | १ | निमाशि तृतीय गणित शिक्षक राजेन्द्र सिं डडाल | |
| गणित अनलाईन तालिम | १० | २ जना सञ्जिता पाठक, बजरंगप्रसाद सिन्हा द्वय माशि तृ.गणित शिक्षक | |

## स्वास्थ्यतर्फ :

नेपालको संविधानको भाग ३ धारा ३५ मा भएको स्वास्थ्य सम्बन्धी हक पुरा गर्ने गराउने प्रयोजनका लागि स्थानीय तहको एकल अधिकारको रुपमा रहेको अनुसूची ८ मा भएको आधारभूत स्वास्थ्य र सरसफाइ व्यवस्थापन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (२) झ मा उल्लेखित १२ वटा काम, कर्तव्य र अधिकार वमोजिम यस नगरपालिका भित्र स्वास्थ्य सेवाहरु गुणस्तरीय र प्रभावकारी रुपमा प्रवाह गर्न स्वास्थ्य संस्थाहरु र जनशक्तिको व्यवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

### थाहा नगरपालिका स्वास्थ्य संस्थाहरु:

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १. | नयाँबस्ती आधारभूत स्वास्थ्य केन्द्र | थाहा-१ |
| २. | पालुङ स्वास्थ्य चौकी | थाहा-२ |
| ३. | पालुङ प्राथमिक स्वास्थ्य केन्द्र | थाहा-४ |
| ४. | दामन शहरी स्वास्थ्य केन्द्र | थाहा-४ |
| ५. | भुमीस्थान आधारभूत स्वास्थ्य केन्द्र | थाहा-५ |
| ६. | बज्रबाराही स्वास्थ्य चौकी | थाहा-६ |
| ७. | देउखेल शहरी स्वास्थ्य केन्द्र | थाहा-७ |
| ८. | आग्रा स्वास्थ्य चौकी | थाहा-८ |
| ९. | चित्लाङ स्वास्थ्य चौकी | थाहा-९ |
| १० | टौखेल शहरी स्वास्थ्य केन्द्र | थाहा-१० |
| ११. | टिष्टुङ स्वास्थ्य चौकी | थाहा-११ |
| १२ | लिति आधारभूत स्वास्थ्य केन्द्र | थाहा-१२ |

## जनशक्तिको व्यवस्था:

| क्र.स. | स्वास्थ्य संस्था | पद | तह | स्वीकृत दरवन्दी संख्या | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | पालुङ प्राथमिक स्वास्थ्य केन्द्र र १५ शैय्या अस्पताल | मेडिकल अधिकृत (१५ शैया **PHC**) | आठौ | १ | ३ | ३ |
| | | हे.अ. | पाँचौ/छैठौ | १ | २ | ३ |
| | | स्टाफ नर्स | पाँचौ/छैठौ | १ | ३ | ४ |
| | | अ.न.मी. | चौथौ/पाँचौ/छैठौ | ३ | १ | ४ |
| | | अ.हे.ब.र सि.अ.हे.ब. | चौथौ/पाँचौ/छैठौ | ३ | - | ३ |
| | | ल्या.अ.र ल्या.टे. | चौथौ/पाँचौ/छैठौ | १ | २ | ३ |
| | | फार्मेसी सहायक | पाँचौ | - | १ | १ |
| | | रेडियो ग्राफर **x ray** | पाँचौ | - | २ | २ |
| | | का.स. | श्रेणी विहिन | २ | ४ | ६ |
| २ | चित्लाङ, आग्रा, बज्रवाराही, टिस्टुङ स्वास्थ्य चौकी | हे.अ.र सि.अ.हे.ब. | छैठौ | ५ | - | ५ |
| | | अ.न.मी. (वर्थिङ सहित) | चौथौ र पाँचौ | १५ | - | १५ |
| | | अ.हे.ब. | चौथौ र पाँचौ | १० | - | १० |
| | | ल्या.अ. र ल्या.टे. | चौथौ/पाँचौ | १ | ५ | ५ |
| | | एक्युपंचारीस्ट | पाँचौ | - | १ | १ |
| | | का.स. | | - | ५ | ५ |
| ३ | टौखेल दामन शहरी देउखेल शहरी स्वास्थ्य केन्› र नयाँ बस्ती लिती भुमिथान आधारभूत स्वास्थ्य केन्द्र | हे.अ.रअ.हे.ब. (दरबन्दी तेरीज अनुसार) | चौथौ/पाँचौ | - | ६ | ६ |
| | | स्टाफ नर्स र अ.न.मी. ( दरबन्दी तेरीज अनुसार ) | चौथौ/पाँचौ | - | ६ | ६ |
| | | का.स. (दरबन्दी तेरीज अनुसार | | - | ६ | ६ |
| ४ | जनकल्याण, बज्रबाराही, बागेस्वरी र सुन्दरीदेवी | विद्यालय नर्स | पाँचौ | ४ | - | ४ |
| ५ | स्वास्थ्य शाखा | | चौथो/पाँचौ/छैठौं/सातौ | ३ | १ | ४ |
| | | **जम्मा** | | ५४ | ४७ | १०१ |

## महिला स्वास्थ्य स्वयमसेविका पारस्परिक अवलोकन भ्रमण




महिला स्वास्थ्य स्वयमसेविकाको आफूमा रहेको स्वास्थ्य सम्बन्धी ज्ञान सीप क्षमता बढाई कम गर्न प्रोत्साहित गर्न उत्कृस्ट स्वास्थ्य संस्थाहरु पोखराको हेम्जा स्वास्थ्य चौकी र मुक्तिनाथको मार्फा स्वास्थ्य चौकीमा पारस्परिक अवलोकन भ्रमण कार्यक्रम गरिएको छ।

भ्रमण कार्यक्रममा थाहा नगरपालिका अन्तर्गतका ५४ जना महिला स्वास्थ्य स्वयंसेविकाहरु र पालिका अन्तर्गतका १२ वटै स्वास्थ्य संस्थाका प्रमुखहरुको सहभागिता रहेको थियो । कार्यक्रमबाट सिकाइ भएका उपलब्धीहरुलाई पालिकाका महिला स्वास्थ्य स्वयंसेविकाहरु र स्वास्थ्य संस्था प्रमुखहरुमार्फत् कार्यन्वयनमा जाने प्रतिवद्धता व्यक्त भएका छन्।

## आइ.पी.भी. खोप अभियान सञ्चालन




थाह नगरपालिकाका स्वास्थ्य संस्थाहरुमार्फत् आइ.पी.भी. खोप लगाइएको छ। स्वास्थ्य संस्थाको सेवा क्षेत्रभित्र रहेका वि.सं. २०७३ बैशाखदेखि ७५ असोजसम्म जन्मेका १ हजार ४ सय बाल बालिकाहरुलाई विद्यालयमा पुगेर उक्त खोप लगाइएको हो । खोप अभियानमा स्वास्थ्यकर्मीहरु खटिएका थिए।

## बीसौ महिला स्वास्थ्य स्वयम्सेविका दिवस मनाइयो



'स्वास्थ्य क्षेत्रमा दिगो विकास महिला स्वास्थ्य स्वयम्सेविकाको संयुक्त प्रयास' भन्ने नाराका साथ थाहा नगरपालिकाको सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा २० सौ महिला स्वास्थ्य स्वयम्सेविका दिवस मनाइएको छ । दिवसको अवसरमा सम्बन्धित स्वास्थ्य संस्थाहरुमा विविध कार्यक्रम गरेर मनाइएको हो।

## पूर्ण संस्थागत सुत्केरी कार्यक्रम



थाहा नगरपालिकाको ११ वटा वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको छ । थाहा नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म उक्त वडाहरुलाई पूर्ण संस्थागत वडा घोषणा गरिएको हो ।

घरमा शुन्य सुत्केरी भएको जानकारी गराउन साथै त्यसलाई निरन्तरता दिलाई संस्थागत सुत्केरी संख्या वृद्धि गराई मातृ मृत्यु तथा बिरामी हुने अवस्थामा कमी ल्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो । यो कार्यक्रमलाई निरन्तरता र दिगोपना ल्याउन थाहा नगरपालिका जनस्वास्थ्य कार्यालय मकवानपुर, समुदाय स्वास्थ्यकर्मीहरुले प्रतिवद्धता जाहेर भएको छ ।

| स्वास्थ्य संस्थाको नाम /वडा नंम्बर | ठेगाना | लक्षित संख्या | गर्भवती दर्ता संख्या | सुत्केरी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| नयाँबस्ती आ.स्वा.केन्द्र, | थाहा-१ | ४५ | ३१ | २३ | |
| पालुङ स्वास्थ्य चौकी | थाहा-२ | ५३ | ४४ | ४७ | |
| दामन शहरी स्वास्थ्य केन्द्र | थाहा-४ | | २२ | २९ | |
| पालुङ प्रा. स्वास्थ्य केन्द्र | थाहा-४ | १४६ | १३८ | १२२ | |
| भूमिस्थान आ.स्वा.के. | थाहा-५ | | १५ | १० | |
| बज्रबाराही स्वास्थ्य चौकी | थाहा-६ | ५५ | ७९ | ६९ | |
| देउखेल शहरी स्वास्थ्य केन्द्र | थाहा-७ | ५९ | १४ | २९ | |
| आग्रा स्वास्थ्य चौकी | थाहा-८ | ४९ | ३४ | २८ | |
| चित्लाङ स्वास्थ्य चौकी | थाहा-९ | ६० | ४९ | ४२ | |
| टौखेल शहरी स्वास्थ्य केन्द्र | थाहा-१० | | ७ | ७ | |
| टिष्टुङ स्वास्थ्य चौकी | थाहा-११ | १०६ | ४६ | ३९ | |
| लिती आ.स्वा.के. | थाहा-१२ | | १० | ४ | |
| **जम्मा** | | | ४८९ | ४४९ | ९१.८२ |

## DHIS2 र ELMIS सुदृढीकरण व्यवस्थापन तालिम



थाहा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा रहेका कर्मचारीहरुलाई 2DHIS र eLMIS तालिम दिइएको छ । कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नका लागि तालिमको आयोजना गरिएको हो । स्वास्थ्य शाखा र अन्तर्गतका संस्थाहरुको अभिलेख व्यवस्थापन तथा रिपोटिङका लागि प्रयोग गरिनी यी दुई प्रणालीको सम्बन्धमा तालिम दिइएको हो । प्रणालीमार्फत् अभिलेख व्यवस्थापन र रिपोटिङ सम्बन्धी कार्य गर्दा एकरुपता हुने भएकोले तालिम दिइएको हो । ३/३ दिनसम्म सञ्चालन भएको उक्त तालिममा नगरपालिकाका स्वास्थ्य शाखाका कर्मचारी तथा पालिका अन्तर्गतका स्वास्थ्य संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## रेबिज विरुद्धको खोप अभियान



थाहा नगरपालिकाको वडा नंम्बर ६ को चुलीप्रान र शिखरखेलमा रेबिज प्रकोप फैलिएपछि खोप अभियान नै संचालन गरिएको छ । सो क्षेत्रमा रेबिजकै कारण २ जनाको मृत्यु भएपछि जोखिम क्षेत्र नै मानेर अभियान सञ्चालन गरिएको हो ।

जोखिम क्षेत्रका ३ सय ५० जना खोप लगाइएको छ । समुदायमा रेबजका कारण त्रासदी भएका कारण उच्च प्राथमिकतामा राखी कार्य गरिएको थियो । सो अवसरमा एक हजार २ सय विद्यार्थी तथा विद्यालयका शिक्षकहरुलाई रहेको त्रास हटाउन जनचेतनामूलक कार्यक्रम समेत सञ्चालन गरिएको थियो ।

## दादुरा–रुबेला खोप अभियान सञ्चालन

नगरपालिका अन्तर्गत्का स्वासथ्य संस्थाहरुमार्फत् दादुरा-रुबेला खोप अभियान सञ्चालन गरिएको छ । अभियानका लागि नौ महिनादेखि पाँच वर्षमुनिका २ हजार ५८५ बालबालिका लक्षित गरी अभियान सञ्चालन गरिएकोमा २ हजार ५१८ अर्थात ९७.४१ प्रतिशत बालबालिकालाई खोप लगाइएको छ ।




रुवेला खोप प्रदान गरी दादुरा, रुबेला र कन्जेनिटल रुबेला सिण्ड्रमको संख्यामा उल्लेख्य रुपमा कमी ल्याई यी रोगहरूबाट हुने अपाङ्गता र मृत्युदरलाई शून्य अवस्थामा पुऱ्याउने र दादुरा र रुवेला निवारण तर्फ उन्मुख गर्न यो अभियान सञ्चालन गरिएको हो । लक्षित समूहलाई शतप्रतिशतमा खोप लगाई खोप अभियानसंगै नियमित खोप सुदृढीकरण गरी पूर्ण खोप सुनिश्चितताको कार्य प्रभावकारी बनाउन अभियान सञ्चालन गरिएको हो ।

## पूर्ण खोप सुनिश्चितता घोषणा कार्यक्रम



थाहा नगरपालिकालाई पूर्ण खोप सुनिश्चिततका कार्यक्रम घोषणा गरिएको छ। पूर्ण खोप घोषणा भई सकेको थाहा नगरपालिकालाई वार्षिक क्यालेण्डर अनुसार वार्षिक रुपमा खोप सुनिश्चतता घोषणा गरिएको हो। नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपना तथा सुक्ष्मयोजना तयारी गरी यस कार्यक्रमका लागि तयारी गरिएको थियो।

कार्यक्रमको प्रमाणीकरण जिल्ला स्वास्थ्य कार्यालयले गरेको थियो।

## न्युनतम सेवा मापदण्ड कार्यक्रम संचालन तथा  सुदृढीकरण कार्यक्रम



थाहा नगरपालिकाअन्तर्गत् रहेका स्वास्थ्य संस्थाहरुमा न्युनतम सेवा मापदण्ड कार्यक्रम संचालन तथा  सुदृढीकरणकरण कार्यक्रम सञ्चालन भएको छ। वार्षिक स्वीकृत कार्यक्रम अनुसार १२ वटै स्वास्थ्य संस्थामा यो कार्यक्रम भएको छ। यस कार्यक्रम अन्तर्गत अभिमुखीकरण, समीक्षा, फलोअप, अनुगमन तथा सुदृढीकरणका कार्यहरु गरिएको छ।

यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/०८१ का लागि स्वास्थ्य संस्थाहरुले देहाय बमोजिमको अंक पाएका छन्।

**देहाय :**

| | | |
|---|---|---|
| १. नयाँबस्ती आधारभूत स्वास्थ्य केन्द्र | थाहा-१ | प्राप्त अंक : ७८ |
| २. पालुङ स्वास्थ्य चौकी | थाहा-२ | प्राप्त अंक : ८९ |
| ३. पालुङ प्राथमिक स्वास्थ्य केन्द्र | थाहा-४ | प्राप्त अंक : ४१ |
| ४. दामन शहरी स्वास्थ्य केन्द्र | थाहा-४ | प्राप्त अंक : ७८ |
| ५. भूमेस्थान आधारभूत स्वास्थ्य केन्द्र | थाहा-५ | प्राप्त अंक : ७४ |
| ६. बज्रबाराही स्वास्थ्य चौकी | थाहा-६ | प्राप्त अंक : ९८ |
| ७. देउखेल शहरी स्वास्थ्य केन्द्र | थाहा-७ | प्राप्त अंक : ८६ |
| ८. आग्रा स्वास्थ्य चौकी | थाहा-८ | प्राप्त अंक : ९३ |
| ९. चित्लाङ स्वास्थ्य चौकी | थाहा-९ | प्राप्त अंक : ८७ |
| १०. टौखेल शहरी स्वास्थ्य केन्द्र | थाहा-१० | प्राप्त अंक : ७६ |
| ११. टिष्टुङ स्वास्थ्य चौकी | थाहा-११ | प्राप्त अंक : ९५ |

१२. लिति आधारभूत स्वास्थ्य केन्द्र थाहा-१२ प्राप्त अंक : ५९

उल्लेखित अंकको आधारमा बज्रवाराही स्वासथ्य चौकी मकवानपुर जिल्लामै उत्कृष्ट भएको छ । बज्रवाराहीले न्युनतम सेवा मापदण्डमा पाएको अंक जिल्लामै सबैभन्दा बढी भएकोले स्वास्थ्य कार्यालय मकवानपुरले परस्कृत गरेको छ।

## आमा सुरक्षा र प्रजनन् स्वास्थ्य कार्यक्रम अनुगमन र मूल्यांकन



स्वास्थ्य संस्थामा आमा सुरक्षा र प्रजनन् स्वास्थ्य  कार्यक्रम अन्तर्गत भइरहेको कार्यक्रमको अनुगमन र मूल्याङ्कन गरिएको छ । कार्यक्रम अन्तर्गत थाहा नगरपालिकाको ८ वटा स्वास्थ्य संस्थाहरुको मूल्याङ्कन गरिएको थियो ।

अनुगमनको क्रममा वर्थिङ सेन्टरको अवस्थाको अवलोकन गर्दा सुत्केरी कक्ष व्यवस्थित रहेको र स्वास्थ्य संस्थामा दक्ष प्रसुतीकर्मीद्वारा सेवा दिइएको छ।

## पोषण संबेदनशिल क्षेत्रका कार्यक्रम

थाहा नगरपालिकाको सबै वडाहरुलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिएको छ । स्वास्थ्यकर्मीको सहयोग तथा महिला स्वास्थ्य स्वयंसेविकाको नेतृत्वमा स्वास्थ्य आमा समूहको बैठकमा १ हजार दिनभित्रका महिला तथा उनीहरुको घरपरिवारका सदस्यहरुलाई पोषिलो खानाको प्रदर्शनी यस कार्यक्रम अन्तर्गत गरिएको छ। त्यस्तै थानीय स्तरमा पाइने खाद्य बस्तु चार किसिमको खाना अन्न र कन्दमुल, गेडागुडी, पशुजन्य, हरियो सागसब्जी तथा फलफूललाई नाङ्लो राखी प्रदर्शन गरी हरेक खानाको महत्व र प्रयोग बारे घरपरिवार र समुदायलाई सिकाउने उद्देश्य अनुसार नै कार्यक्रम सञ्चालन भएको छ।



यो कार्यक्रम ५४ स्वास्थ्य आमा समूह बैठकमा संचालन गरिएको थियो । कार्यक्रममा स्थानीयस्तरमा पाइने सामग्रीको प्रयोगलाई प्रोत्साहन गरी आफ्नो दैनिकी भोजनमा चार किसिमको खानाको प्रयोग गर्नुको महत्व स्पष्ट पारेको र आफ्नो व्यवहारमा लागु गर्न प्रोत्साहन गरिएको ५४ वटा स्वास्थ्य आमा समूहमा कार्यक्रम संचालन करिब १ हजार जनाले सहभागिता जनाएका छन् ।

## बज्रवाराहीमा एक्युपन्चर सेवा

थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको एक्युपन्चर उपचार केन्द्रबाट सेवा प्रवाह भइरहेको छ। यस सेवा केन्द्रकाट आर्थिक वर्ष २०८०/०८१ मा ६ हजार १ सय ७७ जनाले सेवा लिएका छन् ।

प्राकृतिक चिकित्सा प्रणाली अन्ततर्गत चाइनिज उपचार पद्दतिबाट उक्त सेवा केन्द्रमा उपचार हुने गरेको छ। विगत ७ वर्षदेखि निरन्तर निःशुल्क अकुपञ्चर सेवा प्रदान गर्दै आएको सेवा केन्द्रमा थाहा नगरपालिकाको १२ वटै वडा, छिमेकी पालिकाहरु तथा हेटौंडा, काठमाण्डौंबाट समेत बिरामीहरु उपचारको लागि पुग्ने गरेका छन्। विगत ७ वर्षमा करिब ६ हजार मानिसले यहाँबाट सेवा लिइसकेको सेवा केन्द्रको अभिलेख छ।

## बर्थिंङ सेन्टरको लागि पावर ब्याकअप स्थापना

यस थाहा नगरपालिकाअन्तर्गत्  मातहतका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिरहेको संस्थागत सुत्केरी बिद्युत आपूर्ति नभएको समय पनि सहज र बिना कठिनाई सेवा प्रदान गर्न र सेवालाई गुणस्तरीय र निरन्तरता दिन पावर ब्याकअप इन्भर्टर जडान गरिएको छ।

कार्यक्रम अन्तर्गत टिस्टुङ स्वास्थ्य चौकी, नयाँ वस्ती शहरी स्वास्थ्य केन्द्र, दामन शहरी स्वास्थ्य केन्द्र, पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा ब्याकअप व्यवस्थापन गरिएको छ।

## जुनोटिक रोगहरु सम्बन्धि पैरवी तथा अभिमुखीकरण



सर्पदंश तथा जुनोटिक रोगको बढी प्रभावित हुने महिनामा तथा अन्य समयमा जुनोटिक समस्याहरुका समबन्धमा स्थानीय सञ्चार माध्यमहरुबाट जनचेतनामूलक सन्देश प्रकाशन र प्रसारण गरिएको छ । साथै यस कार्यक्रम अन्तर्गत् रही एकदिने अभिमुखीकरण कार्यक्रम थाहा नगरपालिकाको सभा हलमा गरिएको छ।

कार्यक्रम थाहा नगरपालिकाको १२ वटै स्वास्थ्य संस्थाका प्रमुखहरुको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम भएको थियो । कार्यक्रममा जोखिममा रहेका मानिसहरुमा रेबिज, सर्पदंश तथा अन्य जुनोटिक रोगहरुको न्युनिकरण हुने तथा स्वास्थ्यकर्मीहरुमा उक्त रोग सम्बन्धि जनचेतना अभिवृद्धि भएको छ।

## स्वास्थ्य बीमा कार्यक्रम:

थाहा नगरपालिकाअन्तर्ग रहेको पालुङ प्राथमिक स्वास्थ्य केन्द्रबाट स्वास्थ्य बीमा सम्बन्धी सेवा प्रपाह भैरहेको छ।  स्वास्थ्य केन्द्रमा सञ्चालित फार्मेसीबाट बीमामा आवद्ध बिरामीहरुको औषधि वितरण हुने गरेको छ। वि.सं २०७८ को जनसंख्या अनुसार कुल ९,७४९ मध्ये हालसम्म पालिकाको ४,४४६ परिवार मात्र बीमा कार्यक्रममा आवद्ध भएका छन् ।

वडागत रुपमा स्वास्थ्य बीमा कार्यक्रममा आवद्धता विवरण:

- थाहा १ : ४६७ परिवार
- थाहा २ : ५७४ परिवार
- थाहा ३ : ७२४ परिवार
- थाहा ४ : ४२१ परिवार
- थाहा ५ : १८५ परिवार
- थाहा ६ : ३७२ परिवार
- थाहा ७ : १७३ परिवार
- थाहा ८ : ११३ परिवार
- थाहा ९ : ३७३ परिवार
- थाहा १० : २५० परिवार
- थाहा ११ : ४३६ परिवार
- थाहा १२ : ३५८ परिवार
- जम्मा : ४४४६ परिवार

## मासिक औषधि उपचार खर्च::

नेपाल सरकारको कार्यविधि अनुसार थाहा नगरपालिकाका ८९ जना दीर्घरोगीहरुले मासिक उपचार खर्च पाउने गरेका छन् । नगरपालिकाबाट उनीहरुले मासिक ५ हजारका दरले उपचार खर्च पाउने गरेका हुन् ।

वडागत उपचार खर्चका लाभग्राहीहरुको विवरणः

| वडा नम्बर | उपचार खर्च पाउने संख्या |
|---|---|
| वडा नं १ | ५ |
| वडा नं २ | १० |
| वडा नं ३ | ९ |
| वडा नं ४ | ११ |
| वडा नं ५ | ४ |
| वडा नं ६ | १३ |
| वडा नं ७ | ४ |
| वडा नं ८ | २ |
| वडा नं ९ | ९ |
| वडा नं १० | १३ |
| वडा नं ११ | ६ |
| वडा नं १२ | ३ |
| **जम्मा** | ८९ |

## अभिभावक शिक्षा कार्यक्रम संचालन




थाहा नगरपालिकाको १२ वटै वडाहरुमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । प्रारम्भिक बाल्यअवस्थाको महत्व र आवश्यकता प्रष्ट गर्ने, शिशु र बालबालिकालाई आवश्यक पोषणयुक्त खाना खुवाउने ज्ञान, सीप अभिवृद्धि गर्नेलगायतका उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो ।

त्यसैगरी शिशु र बालबालिकालाई स्वास्थ्य स्याहार र सरसफाई गर्ने सीप अभिवृद्धि गर्ने, बालकेन्द्रित क्रियाकलाप र खेल, खेलौना सहितको वातावरण उपलब्ध गर्न प्रतिवद्ध गराउने, प्रारम्भिक साक्षरता र पुर्वगणितीय अवधारणा र सीप सम्बन्धी प्रष्ट पार्ने, बालबालिकालाई विना भेदभाव बाँच्न, सिक्न, सहभागी हुन र संरक्षण गर्न प्रेरित गर्नेलगायतका अन्य थुप्रै उद्देश्यहरु यस कार्यक्रममा समेटिएका छन् ।

कार्यक्रममा लक्षित समुहलाई विभिन्न विषयवस्तु जस्तै स्तनपानको महत्व, बाल घातक सरुवा रोग सम्बन्धि जानकारी, बालबालिका स्याहार बारे जानकारी, अभिभावकहरुले आफ्नो महत्वको  बारे जानकारी उपलब्ध गराइएको छ।

### पालिकास्तरीय पोषण कार्यक्रम समिक्षा तथा कार्य योजना तयारी कार्यक्रम

पालिकास्तरीय पोषणको समीक्षा तथा आगामी कार्ययोजना निर्माण गरिएको छ। पोषण कार्यक्रमको गत आर्थिक वर्ष २०७९/०८० को अवस्थाको विषयमा कार्यक्रममा समीक्षा गरिएको थियो।

कार्यक्रममा १२ वटै स्वास्थ्य संस्था प्रमुख स्वास्थ्यकर्मीहरु र पोषणको फोकल पर्सनहरुलाई सहभागी गराई कार्यक्रमको दिगोपनाको लागि कार्य योजना बनाइएको छ।

## क्षयरोग मुक्त अभियान कार्यक्रम:

### End TB committee वडा स्तरीय क्षयरोग सुक्षम योजना:

समुदायस्तरमा क्षयरोगको निदान, रोकथाम र उपचारका क्रियाकलापहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि थाहा नगरपालिकामा यो कार्यक्रम आर्थिक वर्ष २०७९/०८० बाट कार्यान्वयनमा रहेको छ। सम्भावित क्षयरोग प्रभावित व्यक्तिहरु छुट हुन गई रोगको प्रकोप बढ्दै गएको विद्धमान अवस्थालाई मध्येनजर गर्दै समुदायमा आधारित भएर कार्यक्रम सञ्चालन भैरहेको छ। रोग नियन्त्रण तथा निवारणका लागि समुदायलाई जिम्मेवार बनाउनका लागि समुदाय स्वयंको संलग्नताबाट समस्याहरुलाई सूक्ष्म रुपमा पत्ता लगाई सबै क्षयरोगी प्रभावित व्यक्तिहरुलाई उपचारको दायरामा ल्याउन यो कार्यक्रम गरिएको हो।

### क्षयरोग मुक्त अभियान कमिटीसंग मासिक तथा अर्धवार्षिक बैठक


क्षयरोग मुक्त नेपाल घोषणा अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, साझेदार संघसंस्था तथा स्थानीय तहसँग समन्वय गर्न कार्यक्रममा सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्न यो समितिको बैठक बसिएको हो। बैठकमा रोगमो अवस्था, संक्रमणको अवस्था लगायतको विषयमा छलफल भएको छ। बैठकमा कार्यक्रम कार्यान्वयनको समेत मासिक रुपमा समीक्षा हुने गरेको छ। आर्थिक वार्ष २०८०/०८१ मा यस्तो बैठक १८ पटक बसी विभिन्न वटा निर्णय भएका छन्।

### विद्यालयमा क्षयरोग सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम

कार्यक्रमको उद्देश्य अनुसार विद्यालयस्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन भएको छ। पालिका क्षेत्रमा रहेका विद्यालय मध्ये ४ वटा विद्यालयमा क्षयरोग सम्बन्धी कक्षा सञ्चालन भएको छ।

यसका लागि पाठयोजना बनाई ४ वटा विद्यालयमा स्कूल नर्स र ४ वटा विद्यालयमा स्वास्थ्य शिक्षा शिक्षकबाट कक्षा सञ्चालन गरिएको छ। यसबाट समुदायमा क्षयरोगका नियन्त्रण तथा रोकथामका लागि सहयोग पुग्ने अपेक्षा लिइएको छ।

### ACF -Active Case Finding



यस कार्यक्रम अन्तर्गत क्षयरोग संक्रमित पत्ता लगाउने उद्देश्यले गरिएको हो। स्वयंसेवकहरुको प्रभावकारी परिचालन र खकार र x-ray माध्यमबाट समुदायमा रहेका बिरामीहरु पत्ता लगाउने गरिएको छ। शीघ्र उपचारमा ल्याउनको लागि यो कार्यक्रमले सहयोग पुग्ने पुगेको छ।

सक्रिय क्षयरोग खोजपड्ताल अन्तर्गत चारसय जनाको खकार संकलन गरिएको छ। एक्सरे विधिबाट क्षयरोग परीक्षण, निदान र औषधि सेवन सुचारु गरिएको हाल अहिले सम्म थाहामा ८९ जना क्षयरोग बिरामी पत्ता लागेको छ।

## १२ वटै स्वास्थ्य संस्थामा ओपीडी केसको क्षयरोग स्क्रिनिंङ



क्षयरोगको जोखिम समूहरुमा एच.आई.भी., मधुमेह, लागूऔषध प्रयोगकर्ता, ज्येष्ठ नागरिक, COPd लगायत अन्य जोखिम व्यक्तिहरु पनि पर्दछन् । यी व्यक्तिहरुमा क्षयरोग लाग्ने सम्भावना धेरै हुने तथा क्षयरोग सहसंक्रमण भएको अवस्थामा क्षयरोग निको हुने दरमा पनि असर पर्न सक्दछ भन्ने अनुमान गरिएको छ। तसर्थ सबै जोखिम समूहहरुमा समयमा क्षयरोग निदान गरी उपचार गरी क्षयरोगको जोखिम कम गर्न यो कार्यक्रम गरिएको छ ।

क्षयरोग पीएमई committee थाहाको १२ वटै स्वास्थ्य संस्थामा स्थापना तथा पुनरालोकन गरिएको छ। क्षयरोग प्रभावित व्यक्ति तथा बिरामीहरू, समुदाय, राजनीतिकर्मीको सहभागीतामा कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्नाले कार्यक्रमको प्रभावकारिता जबाफदेहीता एवं दिगोपना हुने हुँदा यो प्रणाली स्थापना गर्न लागिएको हो। यस प्रणालीमा समुदाय, बिरामी, क्षयरोग प्रभावित परिवार, स्वास्थ्यकर्मी र स्थानीय तह सम्मिलित भएर आवश्यकता पहिचान गरी योजना तर्जुमा गर्नेछन्। योजना सम्पन्न पश्चात् त्यसको प्रभावकारिताको मूल्याङ्कन गर्न यो कार्यक्रम गरिएको हो।

## विश्व क्षयरोग दिवस मनाइयो




विश्व क्षयरोग दिवस भव्यताको साथ मनाइएको छ। क्षयरोग कार्यक्रमप्रति नीति निर्माण तहसम्मको प्रभावकारी राजनैतिक प्रतिवद्धता हासिल गर्ने उद्देश्यले दिवस मनाइएको हो। प्रत्येक वषएको २४ मार्चलाई यो दिवसको रुपमा बनाउने गरिन्छ।

रोबर्ट कोचले क्षयरोगको जीवाणु पत्ता लागेको स्मरणमा यो दिवस मनाइँदै आएको छ। यस दिवसको असरमा क्षयरोगबाट मृत्यू भएकाहरुको सम्झना, उपचाररत बिरामीहरुको शीघ्र स्वास्थ्य लाभको कामना र भविष्यमा कसैले पनि क्षयरोगको कारणले मृत्यूवरण गर्न नपरोस् भन्ने चाहना सहित यो दिवस मनाइएको हो।


## थाहाको १२ वटै स्वास्थ्य संस्थामा क्षयरोग फोकल पर्सन

नगरपालिकाको १२ वटै वडामा क्षयरोग फोकल पर्सन तोकिएको छ। क्षयरोगको औषधी अभावका कारण क्षयरोगका बिरामी उपचार अवरोध हुन नदिन एवम् क्षयरोग निदानका लागि आवश्यक प्रयोगशाला सामग्री उपलब्ध गराउन र क्षयरोगका बिरामीको अभिलेख अद्यावधिक गर्नका लागि यो विधि अपनाई कार्यान्वयनमा ल्याइएको हो।

## क्षयरोग नियन्त्रण सम्बन्धी अन्य गतिविधिहरु:

- थाहाको क्षयरोग CNr *(Case Notification Rate)* २१७.५ जसले बिरामी स्वास्थ्य संस्थाको पहुँचमा आएको दरलाई जनाउँछ । यसबाट बिरामीले अरूलाई क्षयरोग सर्नबाट रोकिन्छ र अर्को बिरामी आफै स्वस्थ हुँदै जाने हुन्छ। त्यसैगरी क्षयरोग मुक्त अभियानका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुसंग पनि मासिक बैठक बस्ने गरिएको छ।

- समुदायमा क्षयरोग मुक्त नेपाल घोषणा अभियान प्रभावकारी रूपमा सञ्चालनका लागि स्थानीय तहका हरेक वडामा १/१ जना क्षयरोग मुक्त अभियान स्वयंसेवकको व्यवस्था गरिएको छ । यी स्वयंसेवकहरूले समुदायस्तरमा हुने क्षयरोग पहिचान, निदान, उपचार तथा रोकथाम एवं समुदायमा जनचेतनाका क्रियाकलापहरु सञ्चालन गर्न सक्रिय रूपमा सहयोग गर्न यो कार्यक्रम गरिएको छ।




- युवा समूहलाई क्षयरोगको लक्षण, परीक्षण, निदान र उपचार सम्बन्धी अभिमुखिकरण गरिएको छ। युवाहरुलाई परिचालन गरी क्षयरोग पहिचान, निदान, उपचार, रोकथाम र सेवा तथा सहयोगमा प्रभावकारिता ल्याउन यो क्रियाकलाप गरिएको हो । अभियानलाई तिब्रता दिनका लागि आमा समूहलाई क्षयरोगको लक्षण, परीक्षण, निदान र उपचार सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिएको छ।
- नेपालमा आमा तथा बच्चाको स्वास्थ्यमा सुधार लूयाउन महिला स्वास्थ्य स्वयंसेविका र आमा समूहको महत्वपूर्ण भूमिका रहेको छ। सो कुरालाई मध्येनजर गर्दै क्षयरोग मुक्त नेपाल घोषणा अभियान कार्यक्रमलाई प्रभावकारी बनाउन, समुदायमा क्षयरोग सम्बन्धी जनचेतनामा वृद्धि ल्याउन, क्षयरोगका बिरामीलाई सेवा तथा सहयोग गर्न, बिरामी पहिचान तथा प्रेषण गर्न महिला स्वास्थ्य स्वयंसेविका र आमा समूहको संलग्नता आवश्यक भएकोले यो कार्यक्रम गरिएको हो।
- स्थानीय तह अन्तर्गत रहेका क्षयरोग निदान सेवा उपलब्ध नभएका सबै स्वास्थ्य संस्थाबाट खकार सँकलन गरी राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गतको खकार जाँच गुणस्तर संजालमा रहेको निदान केन्द्र विशेषतः molecular WHO Recommended Diagnostics (mWRD) विधि जस्तै जीनएक्सपर्टमा खकार ढुवानी गरी क्षयरोग निदान गर्न यो प्रणाली विकास गरिएको छ।
- त्यसैगरी क्षयरोगको बिरामी र बिरामीको परिवारको सदस्यसंग आधा दिने अन्तरक्रिया कार्यक्रम गरिएको छ। बिरामीको औषधी सेवन नियमितताका साथै क्षयरोग संक्रमण रोकथामका व्यक्तिगत उपायहरुको अवलम्बन गर्नु महत्वपूर्ण हुन्छ। सो कुरालाई मध्येनजर गर्दै बिरामी तथा अभिभावकको चेतनामा वृद्धि गर्नको लागि यो कार्यक्रम गरिएको हो।

## ईटीबी रजिस्टर अद्यावधिक

- स्वास्थ्य संस्थामा उपचाररत क्षयरोगका बिरामी सहितको क्षयरोग उपचार मास्टर रजिस्टर (HMIs\ 6.5A) तयार गरिएको छ। क्षयरोग उपचार माष्टर रजिष्टर अनुसारको अभिलेख विद्युतीय रजिष्टर (ETB Master register) मा अद्यावधिक गरिएको छ। eTB vs Dhis-2 मा क्षयरोग बिरामीको संख्या, रेफरल, रेजिम, कैटेगोरी, एचआईवी स्टेटस, धूम्रपानको अवस्था र अरु indicator सिमिलर यसले record match गरेको अवस्था जनाउँछ।
- TBFCHVs लाई ३ दिने Tuberculosis मोडुलर तालिम दिइएको छ। कार्यरत TBFCHVs स्वास्थ्यकर्मीहरुलाई क्षयरोग सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न मोड्युलर तालीम राखिएको हो।
- क्षयरोग बिरामीलाई सीप विकास तालिम दिइएको छ। क्षयरोग प्रभावित व्यक्तिहरु विशेषतः समाजिक आर्थिक अवस्था कमजोर भएका वर्गबाट आएको देखिएको साथै क्षयरोगको उपचार लामो अवधिको हुने हुनाले उनीहरुलाई मानसिक रुपमा पनि तनाव हुने हुँदा आय आर्जनका क्रियाकलापहरुमा कमि आउने र उपचार पश्चात् समुदायमा पुर्नस्थापना हुने समेत कठिनाई हुने भएकोले यस्ता व्यक्तिहरुलाई उपचारको अवधिमा सीप विकास क्रियाकलापमा संलग्न गराई क्षमता वृद्धि गराउन यो क्रियाकलाप राखिएको हो।



- सामाजिक लेखा परीक्षणः क्षयरोग मुक्त अभियानका क्रियाकलापहरु संचालन गर्दा विभिन्न चरणहरूबाट प्राप्त नतिजा, सेवाको गुणस्तर, सेवाग्राहीको सन्तुष्टि र सुधार गर्नुपर्ने कार्यहरूलाई आमनागरिक एवं विभिन्न सरोकारवालाको रोहवरमा सार्वजनिकिकरण गर्ने र त्यसउपर छलफल गरी उठेका विषयमाथि सम्बोधन गर्न यो कार्यक्रम राखिएको हो ।
- क्षयरोग बिरामीलाई पोषण सहयोग गरिएको छ । क्षयरोगका बिरामीहरुको उपचारमा सुधार ल्याउनको लागि पोषणयुक्त खानेकुराको महत्वपूर्ण भूमिका हुन्छा पोषणयुक्त खानेकुराले बिरामीको रोगसँग लड्न सक्ने क्षमता वृद्धि भई सफल उपचार हुने सम्भावना धेरै हुन्छ । त्यसैले क्षयरोगका बिरामीहरुलाई पोषणयुक्त खानेकुराको व्यवस्था गर्नका लागि यो कार्यक्रम राखिएको छ ।

## खानेपानी तथा सरसफाइ





थाहा नगरपालिकामा खानेपानी क्षेत्रलाई व्यवस्थित गर्नका लागि थाहा नगर खानेपानी व्यवस्थापन बोर्ड गठन गरिएको छ । वार्षिक रुपमा योजना निर्माण तथा कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि यसलाई बजेट व्यवस्था गर्ने गरिएको छ । आयोजना निर्माण गरिएको योजनाहरुलाई क्रमशः बोर्डमा हस्तान्तरण गर्दै एकीकृत रुपमा सेवा प्रवाह गर्ने नगरपालिकाको लक्ष्य समेत रहेको छ । नगरस्तरीय खानेपानी महशुल तथा अन्य सेवा शुल्कहरु समेत तोकिएको छ ।



थाहा नगरपालिकामा उपभोक्ता समितिले योजनाहरुको काम गर्ने तथ समितिकै सेवा क्षेत्रको खानेपानी वितरण सेवा समेत भिन्दा भिन्दै रुपमा हुँदै आएको छ । यसले गर्दा खानेपानी महशुल तथा अन्य विविध सेवा शुल्कमा एकरुपता नभएकोले पालिकास्तरबाट सेवा प्रवाह गर्नका लागि पालिकाले बोर्डको अवधारणा अघि सारेको हो । आयोजनाहरुलाई व्यवस्थापन तथा वितरण सेवा व्यवस्थित गर्नका लागि बोर्डमा आवद्ध नहुने आयोजनाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने गरिएको छ । साथै नयाँ आयोजनाहरु निर्माण गर्दा निर्माण सम्पन्न पश्चात् थाहानगर खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गर्ने गरी सम्झौता गरी कार्य गर्ने गरिएको छ । सरसफाइका कार्यक्रम अन्तर्गत थाहा नगरपालिकाले आगामि आर्थिक वर्ष २०८१/०८२ मा खानेपानी, सरसफाई तथा स्वच्छता योजना (**वास प्लान**) निर्माण गरी कार्यान्वयन गर्ने योजना रहेको छ ।

नगरपालिका क्षेत्रमा रहेका खानेपानी उपभोक्त समितिहरुलाई संस्थागत गर्नका लागि थाहा नगरपालिका जलश्रोत उपयोग कार्यविधि-२०७७ कार्यान्वयनमा ल्याइएको छ । कार्यविधि अनुसार खानेपानी मुहान दर्ता तथा नविकरण कार्यलाई समेत अघि बढाइएको छ। उपभोक्ता समितिहरुलाई संस्थागत गर्नका लागि साधारण भेला, वार्षिक लेखा परीक्षण लगायतका सूचकहरुलाई पनि कार्यान्वयनमा ल्याइएको छ। '**एक घर, एक धारा**' कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/०८१ मा संघ, प्रदेश र गैर सरकारी संस्थाहरुको सहकार्यमा तपसिलका योजनाहरुमा काम भएका छन् ।



**तपसिलः**

- पालुङ वृहत खानेपानी आयोजना, थाहा नगरपालिका वडा नम्बर १, २, ३, ४
- **Construct a water system in Liti Thaha-12**
- दामगाडे खानेपानी तथा सरसफाई आयोजना, थाहा-८
- चौबास मुलखोला खानेपानी योजना, थाहा-७
- गौथली खोला जन्तीबसे बाहुनगाउ टोल स्कूल खानेपानी, थाहा-८
- पोखरी थुम्की खानेपानी मर्मत संभार, थाहा-८
- तिनाल खानेपानी परियोजना, थाहा-६
- तल्लो महांकाल खानेपानी आयोजना, थाहा-११
- महांकाल खानेपानी आयोजना मर्मत, थाहा-११
- मेलखोला ठूलोखोला खानेपानी योजना मर्मत, थाहा-११
- नौखण्डे खानेपानी योजना मर्मत, थाहा-११
- गैरीगाउा चारटोल खानेपानी योजना, थाहा-१२
- दोभानखोला खानेपानी योजना, थाहा-१२
- पोखरी थुम्की तल्लो भन्ज्याङ खानेपानी मर्मत, थाहा-८
- चिसापानी खानेपानी योजना, थाहा-७

## सामाजिक सुरक्षा भत्ता

यस नगरपालिकाभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीहरुको विवरण अध्यावधिक गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउने प्रयासहरु गरिएको छ। नेपाल सरकारको नीति अनुरुप त्रैमासिक रुपमा लाभग्राहीहरुलाई भत्ता उपलव्ध गराउदै आएको छ। लाभग्राहीहरुलाई वडा कार्यालयमार्फत घर घरमा उपलव्ध गराउदै आएकोमा संघीय सरकारको नीति अनुसार यस पालिकाभित्र रहेका बैकहरुलाई परिचालन गरी बैंकिङ्ग प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य भएको छ।

| किसीम | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौथो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | २५५८ | ३०३४१८८० | २५५६ | ३०३१७८८० | २६०३ | ३०१७९१५८ | २५८७ | ३०८३८२०७ | २६१३ | ३१०२०२२८ | २६०४ | ३०१४३५३८ | २६५८ | ३१६०२०५० | २६४५ | ३१४८४९२६ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १०३ | ८०८६४० | १०३ | ८०८६४० | १०३ | ८०८६४० | १०३ | ८०८६४० | १०४ | ८२४६०० | १०४ | ८२४६०० | १०५ | ८२७२६० | १०५ | ८२७२६० |
| जेष्ठ नागरिक एकल महिला | ४९२ | ३९०९२५६ | ४९१ | ३९०१२७६ | ४८० | ३८०४५०९ | ४७७ | ३७८७८४० | ४७९ | ३८१७१०० | ४७७ | ३८०११४० | ४६१ | ३६७६१२० | ४६० | ३६६८१४० |
| विधवा | ७५७ | ५९६१०६० | ७५७ | ५९६१०६० | ७८२ | ६१४०२५५ | ७८२ | ६१४०२५५ | ८०० | ६३०८४६८ | ७९९ | ६३०४५६७ | ८०५ | ६३७९४५२ | ८०५ | ६३७९४५२ |
| पूर्ण अपाङ्गता भत्ता | ६३ | ७४४३९७ | ६३ | ७४४३९७ | ६४ | ७६६०८० | ६४ | ७६६०८० | ६५ | ७६६३४६ | ६५ | ७६६३४६ | ६६ | ७८६०३० | ६६ | ७८६०३० |
| अति अशक्त अपाङ्गता भत्ता | २१९ | १३६०१३५ | २१८ | १३५९७९२ | २२० | १४००२२४ | २२० | १४००२२४ | २२३ | १४००९५८ | २२२ | १४००२२४ | २२२ | १४१५१२० | २२२ | १४१५१२० |
| दलित बालबालिका | १०९ | १६५१९२ | १०९ | १६५१९२ | ११२ | १७२९७१ | १११ | १७२४३९ | ११७ | १८१८०० | ११७ | १८१८०० | ११५ | १७५०४६ | ११५ | १७५०४६ |
| जम्मा | ४३०१ | ४३२९०५६० | ४२९७ | ४३२५८२३७ | ४३६४ | ४४०७१८३७ | ४३४४ | ४३९१३६८५ | ४४०१ | ४४३१९५०० | ४३८८ | ४४२२२२१५ | ४४३२ | ४४८६१०७८ | ४४१८ | ४४७३५९७४ |

## व्यक्तिगत घटना दर्ता

स्थानीय तहहरुबाट सम्पादन गरिने कार्यहरु मध्ये पञ्जीकरण महत्वपूर्ण कार्य हो । आम नागरिकले व्यक्तिगत घटना दर्ता कानूनले तोकेको ३५ दिनभित्र गर्नुपर्दछ । ३५ दिनपछि दर्ता गर्दा जरिवाना तिर्नु पर्दछ । कार्यालयबाट मासिकरुपमा कार्य प्रगति नगरपालिकामा उपलब्ध हुने व्यवस्था रहेको छ । कानून त व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइ) दर्ता पञ्जीकरण अधिकारीको रुपमा वडा सचिवलाई जिम्मेवारी तोकिएको छ । आ व २०७९/०८० मा यस नगरपालिका भित्र व्यक्तिगत घटना दर्ता निम्नानुसार रहेको छ :

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | | | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | २८ | ३० | | ५८ | १४ | १५ | | २९ | ४ | २६ | १ | १ | २ | ८ | | १२० |
| २ | ४३ | ५१ | | ९४ | १८ | २७ | | ४५ | ५ | ५५ | २ | ४ | १४ | ४६ | | २१५ |
| ३ | ४९ | ३५ | | ८४ | १९ | १४ | | ३३ | ६ | ४५ | ७ | ३० | ५ | १३ | | १८० |
| ४ | ५४ | ३५ | | ८९ | १३ | १२ | | २५ | ६ | ३२ | २ | २ | २ | १२ | | १५६ |
| ५ | ५३ | ४० | | ९३ | १५ | १५ | | ३० | ४ | ४० | | | ७ | १६ | | १७४ |
| ६ | ५२ | ४१ | | ९३ | २३ | १० | | ३३ | ६ | ५४ | ३ | १२ | ५ | १२ | | १९४ |
| ७ | ९८ | ८२ | | १८० | २३ | १४ | | ३७ | ८ | ७७ | | | ५ | १३ | | ३०७ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ५२ | ३६ | | ८८ | १५ | १४ | | २९ | ३ | ३४ | ४ | ७ | ७ | ३० | | १६५ |
| ९ | ४१ | ३८ | | ७९ | २७ | २४ | | ५१ | १० | ५० | २ | ७ | ३ | ८ | | १९५ |
| १० | ३८ | २४ | | ६२ | २० | १४ | | ३४ | १ | ३० | | | ७ | २२ | | १३४ |
| ११ | ४० | ४० | | ८० | १७ | २२ | | ३९ | ५ | ३३ | | | १ | १ | | १५८ |
| १२ | २९ | ३६ | | ६५ | १४ | २३ | | ३७ | ४ | ४९ | | | १ | ६ | | १५६ |
| जम्मा | ५७७ | ४८८ | ० | १०६५ | २१८ | २०४ | ० | ४२२ | ६२ | ५२५ | २१ | ६३ | ५९ | १८७ | ० | २१५४ |

व्यक्तिगत घटना दर्ता वडा कार्यालयवाट सम्पादन हुने महत्वपूर्ण कार्य हो । समयमै व्यक्तिगत घटना दर्ता गराउनु आम नागरिकको दायित्व हो । यस कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नु वडा कार्यालयको महत्वपूर्ण जिम्मेवारी हो ।

## महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र

नेपालमा ग्रामीण क्षेत्रको महिलाहरुको आर्थिक सामाजिक रुपमा विपन्न तथा विकासका अवसरबाट वञ्चित हुनुपरेको यथार्थलाई मध्यनजर गरी कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । नेपालको संविधानले व्यवस्था गरे वमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनासँगै राज्यको पुन संरचना संघ, प्रदेश ,स्थानीय तह भएको हुँदा यस पालिकामा शाखा नै स्थापना गरेर कार्य गर्दै आएको छ । थाहा नगरपालिकामा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण शाखा मार्फत आर्थिक सामाजिक साँस्कृतिक, राजनितिक रुपले पछाडि परेका अवसरबाट वञ्चित विपन्न वर्गका महिला बालबालिका र समाजमा पछाडि परेका लक्षित वर्ग एवं ज्येष्ठ नागरिकहरुलाई विभिन्न चेतनामूलक, सीपमूलक कार्यक्रमको माध्यमबाट क्षमता अभिवृद्धि गरी आत्मानिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिदै आएको छ । जुन प्रचार प्रसार, सहभागिता विस्तार र स्रोत परिचालनका अर्थमा स्थानीय सरकारको अनुपम अवसर पनि हो ।

मुलतः आर्थिक, सामाजिक, साँस्कृतिक एवं राजनितिक रुपले पछाडि परेका अवसरबाट वञ्चित विपन्न वर्गका महिला, बालबालिका र समाजमा पछाडि परेका लक्षित वर्गलाई विभिन्न चेतनामूलक, सीपमूलक कार्यक्रमको माध्यमबाट क्षमता अभिवृद्धि गरी आत्मानिर्भर बनाउने, लैङ्गिक भेदभावको विरुदमा महिलाहरुमा सामाजिक सशक्तिकरण गर्ने, लक्षित वर्गलाई राज्यको मुल प्रवाहमा ल्याउन आयमूलक, सीपमूलक एवं चेतनामूलक, बालअधिकारको क्षेत्रमा काम गर्दै आएको छ ।

### जेष्ठ नागरिक धार्मिक अवलोकन भ्रमण




थाहा नगरपालिकाले नगरपालिका भित्रका ज्येष्ठ नागरिकहरुको लागि ज्येष्ठ नागरिक अध्ययन अवलोकन भ्रमण आयोजना गरिएको थियो । वि.सं. २०८० असोज ८ देखि १० गतेसम्म भ्रमण सञ्चालन गरिएको थियो । ३ दिने भ्रमणमा थाहा नगरपालिकाको १२ वटै वडाहरुबाट प्रति वडा ४ जना ज्येष्ठ नागरिकहरु, नगरस्तरीय ज्येष्ठ नागरिक समन्वय समितिका प्रतिनिधिहरु, कर्मचारी र जनप्रतिनिधिहरु गरी जम्मा जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा नेपालका धार्मिक स्थलहरु कालिञ्चोक भगवती, नमो वुद्ध र पशुपतिनाथको अध्ययन अवलोकन गरिएको थियो।

### महिला जनप्रतिनिधिहरुका लागि क्षमता अभिवृद्धि तालिम



थाहा नगरपालिकामा महिला जनप्रतिनिधिहरुको लागि उद्घोषण र भाषणकला तथा नेतृत्व विकास सम्वन्धी क्षमता अभिवृद्धि तालिम सम्पन्न गरिएको छ । महिला, वालवालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परितयपत्र वितरण शाखाको आयोजनामा २०८० मंसिर ११ देखि १४ गतेसम्म सञ्चालन गरिएको छ । तालिममा थाहा

नगरपालिकाका १२ वटै वडाका महिला जनप्रतिनिधिहरुको उपस्थिती रहेको थियो । तालिमबाट महिला जनप्रतिनिधिलाई उद्घोषण, भाषणकला, नेतृत्व, सञ्चार, तनाव व्यवस्थापन सम्वन्धी ज्ञानसीप प्रदान गरिएको थियो । तालिमबाट महिला जनप्रतिनिधिहरुमा नेतृत्व विकास सम्वन्धी क्षमता अभिवृद्धि हुने अपेक्षा लिइएको छ ।

## बालबिवाह सम्बन्धी विद्यालयस्तरीय सचेतनामूलक कार्यक्रम



थाहा नगरपालिकामा बालबिवाह सम्बन्धी विद्यालयस्तरीय सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परितयपत्र वितरण शाखाको आयोजनामा २०८१ जेठ ४ र ५ गते भएको कार्यक्रम थाहा नगरपालिकाका वडा नंम्बर ७, ८ र ९ मा रहेका श्री सुन्दरिदेवी माध्यमिक विद्यालय, श्री नाट्यश्वर माध्यमिक विद्यालय र श्री स्वच्छन्द भैरव माध्यमिक विद्यालयका विद्यार्थीहरुको उपस्थिति रहेको थियो । तालिमवाट विद्यार्थीहरुलाई बालविवाह तथा आफ्नो अध्ययनलाइ निरन्तर अगाडि बढाई जीवनको लक्ष्य निर्माण तथा गन्तब्यमा पुग्न उत्प्रेरित गराउने प्रयास भएको थियो ।

## ज्येष्ठ नागरिक सम्मान कार्यक्रम




थाहा नगरपालिकामा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गरिएको छ । थाहा नगरपालिकाका १२ वटै वडामा उक्त कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा प्रति वडा १० जनाको दरले जम्मा १ सय २० जना ज्येष्ठ नागरिकहरुलाई ब्लाङ्केट, थर्मस र लौरो वितरण गरिएको थियो । कार्यक्रमबाट ज्येष्ठ नागरिकहरुको आत्मबल र आत्मसम्मानको भावनामा अभिवृद्धि गराई सबल बनाउने ज्येष्ठ नागरिक समन्वय समितिलाई थप सक्रिय बनाउने र स्थानीय तहलाई ज्येष्ठ नागरिक मैत्री शासन कायम गर्ने कार्यमा सघाउ पुऱ्याउने अपेक्षा लिइएको छ ।

## एसइई दिएर बसेका विद्यार्थीहरुका लागि करियर काउन्सिलिङ तथा आर्ट अफ प्यारेन्टिङ कार्यक्रम




पालिका क्षेत्रका एसईई दिएर बसेका विध्यार्थीहरुका लागि करियर काउन्सिलिङ र आर्ट अफ प्यारेन्टिङ कार्यक्रम गरिएको छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परितयपत्र वितरण शाखाको आयोजनामा २०८१ जेठ २५ र २६ गते भएको कार्यक्रममा

थाहा नगरपालिकाका १२ वटै वडाका एसइई दिएर बसेका विद्यार्थीहरु र ६३ वटा विद्यालयका शिक्षक अभिभावक समिति र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको उपस्थिती रहेको थियो। कार्यक्रमबाट एइई दिएर बसेका विद्यार्थीहरुलाई परीक्षाको नतिजापछि आफ्नो अध्ययनलाई कसरी निरन्तरता गर्ने र जीवनको ठीक लक्ष्य निर्माण कसरी र कुन बाटो हिँडे कुन गन्तव्यमा पुगिन्छ साथै अभिभावकहरुलाइ आदर्श अभिभावककलाई कसरी निर्वाह गराउने सम्बन्धी ज्ञानसीप प्रदान गरिएको थियो। तालिमवाट एसइई दिएर बसेका विद्यार्थीहरुहरुमा स्पष्ट लक्ष्य निर्माण र अभिभावकमा आदर्श अभिभावककला सम्वन्धी क्षमता अभिवृद्धि हुने अपेक्षा लिइएको छ।

## अपाङ्गता परिचयपत्र वितरण

थाहा नगरपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न वर्गका गरी ४३ जना अपाङ्गता भएकाहरुलाई परिचयपत्र वितरण गरिएको छ। नगरपालिका स्थित शाखा तथा शिविर सञ्चालन गरेरै अपाङ्गता भएकाहरुका लागि परिचयपत्र वितरण गरिएको हो।

| क्र.सं | परिचय पत्र वितरणको सङ्ख्यात्मक विवरण | | | | जम्मा |
|---|---|---|---|---|---|
| | 'क' वर्ग | 'ख' वर्ग | 'ग' वर्ग | 'घ' वर्ग | |
| १. | ६ जना | १९ जना | १० जना | ८ जना | ४३ जना |

**यस शाखाबाट सञ्चालित अन्य गतिविधिहरु यसप्रकार छन्:**



- अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा अधारित पुर्नस्थापना कार्यक्रम (सि.वि.आर.),
- अपाङ्ग सहायक सामग्री खरिद तथा वितरण,
- जन्मनु भन्दा अगाडि, जन्मदा र जन्मिसकेपछि अपाङ्ग हुने कारणबारे चेतनामुलक कार्यक्रम,
- अपाङ्गता भएका व्यक्तिहरुका हक अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम,
- महिलाहरुका लागि सिपमुलक कार्यक्रम अन्तरगत फिनेल, हार्पिक र झोल साबुन बनाउने तालिम,
- विपन्न विद्यार्थीहरुका लागि आर्थिक सहयोग कार्यक्रम,
- नगर बाल भेला,
- ज्येष्ठ नागरिक समन्वय समिति बैठक।

## सामाजिक सुरक्षा तथा पञ्जीकरणसम्बन्धी कार्यक्रमहरु



### सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना सम्बन्धी सुचना पाटी राख्ने कार्यक्रम

थाहा नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाको आ.व. ०८०/०८१ को स्वीकृत कार्यक्रम बमोजिमको यस नगरपालिकामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता थप सुदृढ बनाउनको लागि यस नगरपालिकाको मुख्य बजारक्षेत्रमा सामाजिक सुरक्षा तथा

व्यक्तिगत घटना सम्बन्धी सुचना पाटी राख्ने कार्यक्रम सम्पन्न गरिएको छ।

- सामाजिक सुरक्षा भत्ता पहिलो, दोस्रो र तेस्रो र चौथो किस्ता १०० प्रतिशत EFT माध्यमबाट पठाइएको।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मृत्यु भएमा हकवालालाई भुक्तानी गर्न नगरपालिकाबाट सिफारिस गर्दै आएको।
- घटना दर्तामा आएको गुनासोहरुलाई फर्छौट गर्दै आएको।
- पुराना दर्ता किताबहरुलाई डिजिटाइज गरी सुरक्षीत गरिएको।

## राष्ट्रिय परिचयपत्र तर्फ :

जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट खटाइएको राष्ट्रिय परिचयपत्र शिविरमा शाखाबाट समन्वय गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु ८९२ जनाले राष्ट्रिय परिचय पत्र प्राप्त गरेको।

## पूर्वाधार विकास:



नेपाल सरकारले स्थानीय स्तरमा योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७५ जारी गरी स्थानीय तहको योजना निर्माण र स्वीकृत गर्ने प्रक्रियाको बारेमा स्पष्ट गरेको छ। सो दिग्दर्शनले तोकेको प्रक्रिया अवलम्वन गरी यस थाहा नगरपालिकाले टोल वस्तीका आवश्यकताहरु परिपूर्ति गर्ने सम्वन्धमा वस्ती स्तरबाटै योजनाहरुको छनौट गराउने, वस्ती स्तरवाट आएका योजनाहरु वडा समितिवाट प्राथमिकीकरण गरी नगरपालिकामा आउने प्रणालीको विकास गरिएको छ। नगरपालिकाको स्रोत साधनलाई वडाको जनसंख्या, भूगोल, राजश्वमा योगदान जस्ता सूचकहरुको आधारमा वडा सिलिङ्ग निर्धारण गरी योजनाहरुको व्यवस्थापन गर्दै आएको छ। आयोजना एवं कार्यक्रमहरु विशेष गरी पूर्वाधार निर्माणमा सार्वजनिक, निजी, सामूहिक लागत साझेदारी तथा वाह्य श्रोत परिचालनमा प्राथमिकता दिने, रोजगारी सिर्जना हुने, वातावरणमा कम असर पर्ने, कम लागतमा धेरै जनसंख्या लाभान्वित हुने तथा ठूला क्रमागत योजनाहरुमा प्राथमिकता दिने जस्ता नीतिहरु अख्तियार गरिएका छन्। यिनै नीतिहरुको आधारमा बजेट विनियोजन भई कार्यक्रमहरु सञ्चालन भएका थिए। योजना छनौट



टोल वस्तीबाट आवश्यकता पहिचान गर्न लगाई वडा समितिमार्फत प्राथमिकीकरण गरी नगरपालिकामा पेश भएका योजनाहरु कार्यपालिका हुँदै नगर सभावाट योजनाहरु स्वीकृत हुने गरेको छ।

| वडा नम्बर | योजना संख्या | सम्झौता संख्या | सम्पन्न | संझौता हुन बाँकी | इस्टिमेट भएको |
|---|---|---|---|---|---|
| १ | १५ | १४ | १४ | १ | १५ |
| २ | १० | १० | १० | ० | १० |
| ३ | २० | २० | २० | ० | २० |
| ४ | २० | १९ | १९ | १ | २० |
| ५ | २७ | २७ | २७ | ० | २७ |
| ६ | ९ | ९ | ९ | ० | ९ |
| ७ | १७ | १७ | १७ | ० | १७ |
| ८ | २१ | २० | २० | १ | २० |
| ९ | १२ | ११ | ११ | १ | १२ |
| १० | १३ | १२ | १२ | १ | १२ |
| ११ | १८ | १८ | १८ | ० | १८ |
| १२ | २३ | २३ | २३ | ० | २३ |
| जम्मा | २०५ | २०० | २०० | ५ | २०३ |

## नक्सा पास



थाहा नगरपालिकामा शहरीकरण हुँदै गएसँगै यसको व्यवस्थापन गर्न यस कार्यालयले भवन निर्माण तथा वस्ती विकास शाखाको व्यवस्था गरी सो सम्बन्धी काम गर्दै आएको छ। थाहा नगरपालिकालाई व्यवस्थित शहरको रुपमा विकास गर्नका लागि भवन निर्माण गर्दा भवन निर्माण मापदण्ड २०७२ एवं भवन निर्माण आचारसंहितालाई मध्यनजर गरिएको छ। यसको अलवा थाहा नगरपालिकाले आफ्नो कार्यविधि पनि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

भवन निर्माणका लागि नक्सापास गरेर मात्र भवन निर्माण कार्य गर्नुपर्ने व्यवस्था रहेको छ। विगतमा वनेका मापदण्ड पुगेका घरहरुको नक्सा पास गरिएको छ भने मापदण्ड नपुगेका घरहरु अभिलेखीकरण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। बनेका घरहरुको अनुगमन तथा मूल्याङ्कन गरेर मापदण्ड पुरा भएका घरहरुलाइ मात्र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्दै आएको छ।

**वस्ती विकास तथा भवन निर्माण सम्बन्धी कार्य प्रगतिको अवस्था:**

| क्र.स | विवरण | कुल जम्मा | | |
|---|---|---|---|---|
| | | निवेदन सख्या | पास/अभिलेखिकरण भएको | प्रक्रियामा रहेको |
| १. | नक्सा पास | १४ | ३ | ११ |
| २. | अभिलेखकिरण | १७ | ५ | १२ |

## उर्जा:

संघीय सशर्त बजेट निकासा हुने गरेको छ। उक्त बजेटबाट नगरपालिकाको विभिन्न सार्वजनिक स्थान, चोक, चौतारा, ऐतिहासिक तथा साँस्कृति क्षेत्रहरुमा सोलार जडान गर्ने गरिएको छ। पालिका क्षेत्रमा रहेका टोल विकास संस्था, बजार व्यवस्थापन समिति लगायतका संचरनाहरुबाट उक्त सोला बत्तीहरुको दिगो व्यवस्थापनको कामहरु भैरहेका छन् । आर्थिक वर्ष २०८०/०८१ मा नगर क्षेत्रका ७ स्थानमा सोलार बत्ती जडान गरिएको छ।

थाहा नगरपालिका क्षेत्रमा वडागत रुपमा ऊर्जाको प्रयोग अवस्था:

| वडा नम्बर | कुल घरधुरी | विद्युत | सोलार | मट्टितेल | बायोग्याँस | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ७८५ | ७६३ | १४ | ५ | ० | ३ |
| २ | १०१५ | ९७४ | ३८ | ० | ० | ३ |
| ३ | १०९६ | १०७८ | १६ | १ | ० | १ |
| ४ | ७८३ | ७७४ | १ | ४ | ० | ४ |
| ५ | ६३९ | ६३० | २ | ५ | ० | २ |
| ६ | १०७० | १०३४ | ३६ | ० | ० | ० |
| ७ | ९३४ | ९०९ | २३ | २ | ० | ० |
| ८ | ७३१ | ७१९ | ११ | १ | ० | ० |
| ९ | ६६३ | ६५० | १२ | ० | ० | १ |
| १० | ५११ | ५०९ | १ | ० | ० | १ |
| ११ | ८१६ | ७९३ | १३ | ८ | ० | २ |
| १२ | ७०६ | ६९४ | ८ | २ | ० | २ |
| जम्मा | ९७४९ | ९५२७ | १७५ | २८ | ० | १९ |

*स्रोत: २०७८ राष्ट्रिय जनगणना प्रतिवेदन*

# आर्थिक विकास:

## कृषि विकास

थाहा नगरपालिकाको कुल क्षेत्रफल ५ हजार १४८ हेक्टर क्षेत्रफल कृषि योग्य रहेको छ। उक्त क्षेत्रफल मध्ये हाल ३ हजार ३ सय हेक्टर क्षेत्रफलमा खेती गरिएको छ। खेतीयोग्य जमिनको करिब ६४.१० प्रतिशतमा खेती गरिदै आएको छ।

### बाली अनुसारको क्षेत्रफल:

| बालीहरु | एकाई | क्षेत्रफल |
|---|---|---|
| आलु | हे. | ७०० |
| तरकारी | हे. | १४०० |
| मकै | हे. | १२०० |
| धान | हे. | २०० |
| फलफुल | हे. | १३५ |
| कोदो | हे. | २०० |
| गहुँ | हे. | २०० |
| **जम्मा** | | ४०३५ |

### कृषिसंग सम्बन्धित संस्था वा फर्महरु:

| विवरण | संख्या |
|---|---|
| कृषि वा पशुपन्छी फर्म | ५१७ |
| कृषक समूह | ८९ |
| कृषि सहकारी | २१ |
| एग्रोभेट | २८ |
| फलफूल नर्सरी | ३ |

### कृषि फर्मको विवरण:

| वडा नं. | कृषि तथा पशुपन्छी फर्मको संख्या |
|---|---|
| १ | ११२ |
| २ | ४१ |
| ३ | ३४ |
| ४ | २४ |
| ५ | २४ |
| ६ | १०२ |
| ७ | २६ |
| ८ | २३ |
| ९ | २८ |
| १० | ६७ |
| ११ | १९ |
| १२ | १७ |
| **कुल संख्या** | ५१७ |

## कृषक समूहको विवरणहरु:

| वडा नं. | कृषक समूहहरुको संख्या |
|---|---|
| १ | १३ |
| २ | १२ |
| ३ | ६ |
| ४ | ४ |
| ५ | ५ |
| ६ | ७ |
| ७ | ७ |
| ८ | ४ |
| ९ | १ |
| १० | ८ |
| ११ | १४ |
| १२ | ८ |
| **कुल संख्या** | ८९ |

## कृषि सहकारीको विवरणहरु:

| वडा नं. | सहकारीहरुको संख्या |
|---|---|
| १ | १ |
| २ | १ |
| ३ | ६ |
| ४ | १ |
| ५ | १ |
| ६ | २ |
| ७ | ३ |
| ८ | - |
| ९ | १ |
| १० | २ |
| ११ | १ |
| १२ | २ |
| **कुल संख्या** | २१ |

## कृषि विकास शाखा अन्तर्गतका कर्मचारी विवरण:

| सि.न. | कर्मचारीको नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | संजय तिवारी | कृषि विकास अधिकृत (सातौं) | नगर कार्यपालिकाको कार्यालय |
| २ | बाल कुमारी भट्टराई | कृषि अधिकृत (छैंठौ) | नगर कार्यपालिकाको कार्यालय |
| ३ | प्रदिप गुरुङ | कृषि स्नातक (अधिकृत स्तर छैंठौ) | नगर कार्यपालिकाको कार्यालय |
| ४ | राज कुमार श्रेष्ठ | प्रा.स. | नगर कार्यपालिकाको कार्यालय |
| ५ | विनिता विष्ट | ना.प्रा.स. | वडा प्राविधिक १ र २ |

| | | | |
|---|---|---|---|
| ६ | रोहिणी स्याङतान | ना.प्रा.स. | वडा प्राविधिक ३ र ४ |
| ७ | प्रभा घलान | ना.प्रा.स. | वडा प्राविधिक ५ र ६ |
| ८ | उत्तम धिमाल | ना.प्रा.स. | वडा प्राविधिक ७ र ८ |
| ९ | कमला सुवेदी | ना.प्रा.स. | वडा प्राविधिक ९ र १० |
| १० | सिता नकाल | ना.प्रा.स. | वडा प्राविधिक ११ र १२ |
| | जम्मा | १० जना | |

## कृषि विकास शाखा संघीय सशर्त कार्यक्रम

### कृषि पकेट क्षेत्र विकास कार्यक्रमः



पालिका क्षेत्रमा स्थापना भएको तरकारी बाली साना व्यवसायिक केन्द्र (पकेट) विकास कार्यक्रम संचालन निरन्तरता दिइएको छ। यस कार्यक्रम सञ्चालनका लागि संघीय सरकारबाट रु. ५ लाख सशर्त अनुदान प्राप्त भएकोमा सबै बजेट खर्च भएको छ।

यस कार्यक्रम थाहा नगरपालिका वडा नम्बर २ मा संचालन भएको थियो। जनता कृषक समूहसंगको समन्वयमा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रम अन्तर्गत ७ एच.पी.को पेट्रोल प्रयोग हुने मिनिटिलर २२ वटा र पानि तान्ने मोटर १ गरी जम्मा २३ जना कृषकलाई सामाग्री वितरण गरेको थियो।

### तरकारी खेती प्रवर्द्धन कार्यक्रम



थाहा नगरपालिका वडा नंम्बर ८ मा यो कार्यक्रम सञ्चालन गरिएको हो। यस कार्यक्रममा प्लाष्टिक ३०० के.जी., काउली बीउ ३०० पाकेट १० ग्रामको, बीउ छोप्ने जाली ३०० मी., अकबरे ३०० पाकेट, स्प्रेयर २० थान, जम्मा ३३ वटा मिनिटिलर वितरण गरेको थियो। उक्त कार्यक्रमबाट जम्मा १ सय १९ जना कृषक लाभान्वित भएका थिए।

### साना सिँचाई कार्यक्रम



यो कार्यक्रमका लागि प्राप्त बजेटबाट २ ठाँउमा साना सिँचाई निर्माण तथा मर्मत कार्यक्रम संचालन भएको छ। रेबिका कृषक समूह थाहा-२ र विशेश्वर कृषक समूह थाहा-५ ले यस कार्यक्रम अन्तर्गत सिँचाई कुलो मर्मत गरेका थिए। कार्यक्रमबाट १ सय ५० जना कृषक लाभान्वित भएका छन् भने आयोजनाबाट हाल ५ सय रोपनी जमिनमा सिँचाई सुविधा पुगेको छ।

## मकै बाली प्रवर्द्धन कार्यक्रम



थाहा नगरपालिकाले सशर्त कार्यक्रम अन्तर्गत मकै बाली प्रवर्द्धन कार्यक्रम थाहा नगरपालिकाको वडा नम्बर ५ मा कृषि सामाग्री वितरण गरिएको छ । थाहा नगरपालिका वडा नम्बर ५ मा रहेको वसन्त कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन भएको हो। कार्यक्रम अन्तर्गत तपसिलका सामाग्रीहरु वितरण गरिएको थियो। कार्यक्रमबाट १ सय १० जना कृषकहरु लाभान्वित भएका थिए।

| | |
|---|---|
| १. मकैको बीउ (देउति) | : ३२० के.जी. |
| २. इमामेक्टिन बेन्जोएट ५% एस.जी. १० ग्राम | : ६०० पाकेट |
| ३. पोषण २५० मि.लि. | : १५० पाकेट |
| ४. पाइप १६ मि.मि. | : २४०० मि. |
| ५. पाइप २० मि.मि. | : ६६०० मि. |
| ६. पाइप २५ मि.मि. | : २००० मि. |
| ७. स्प्रीङकलर | : १०० थान |
| ८. पोखरी प्लाष्टिक ८x१२ मि.को २५० जी.एस.एम. | : ४ थान |
| ९. मिनिटिलर ७ एच.पी. डिजल | : ८ थान |
| १०. मकै पिस्ने मिल | : ३ |
| ११. मकै छोडाउने मेसिन | : १० |
| १२. मकै रोप्ने मेसिन | : १० |
| १३. स्प्रेयर १८ लि. | : २० |
| १४. त्रिपाल | : २१ |

## कृषि विकास शाखा प्रदेश सशर्त कार्यक्रम




### कुरिलो खेती प्रवर्द्धन कार्यक्रम

थाहा नगरपालिका वडा नंम्बर २ मा कुरिलो खेती प्रवर्द्धन कार्यक्रमका लागि स्थायी टनेल बनाई कुरिलोको बेर्ना उत्पादन गरी कुरिलो खेती विस्तार लक्ष्य राखिएको छ । वडा नम्बर २ मा उक्त कार्यक्रम सञ्चालन गरिएको हो।

## तरकारी विकास कार्यक्रम (बेर्ना, प्रविधि र बजार)

थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर, मकवानपुरको आ.व.०८०।८१को स्वीकृत कार्यक्रम अनुसार प्रदेश सशर्त कार्यक्रम अन्तर्गत तरकारी विकास कार्यक्रम थाहा-६ को कुन्छाल कृषि सहकारी संस्थाले संचालन गरिएको छ। कार्यक्रम अन्तर्गत ३ सय २४ वर्ग मि. स्थायी टनेल बनाई तपसिलका जातका तरकारीका बेर्ना उत्पादन गरी २ सय २४ जनालाई वितरण गरेको थियो। यस कार्यक्रमका लागि १५ लाख रुपियाँ बजेट विनियोजन भएकोमा १३ लाख रुपैयाँ खर्च भएको छ।



| | |
|---|---|
| १. काउलीको बेर्ना | : २३,००० बोट |
| २. बन्दा | : २७,१५० बोट |
| ३. भेडे खुर्सानी | : १,७६,३४५ बोट |
| ४.करेला | : ३६८ बोट |
| ५. अकबरे | : ७,५०० बोट |
| ६. गोलभेडा | : ९८,२३५ बोट |

## कृषि विकास शाखा निशर्त कार्यक्रम

### एक घर एक टनेल ५०% अनुदान



थाहा नगरपालिकाको निशर्ततर्फको 'एक घर एक टनेल' कार्यक्रम अनुसार थाहा वडा नंम्बर ३ मा ९० वटा र वडा नंम्बर ४ मा ६० वटा, अन्य कृषकलाई १० वटा गरी १ सय ६० वटा टनेल साझेदारीमा कार्यक्रम सञ्चालन गरेको थियो।

कार्यक्रमबाट १ सय ६० जना कृषक लाभान्वित भएका थिए। यस कार्यक्रमको उद्देश्य साना कृषकहरुले आफ्नो लागि स्वस्थ्य बेर्ना उत्पादन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु रहेको छ। कार्यक्रम गतवर्ष १ सय ८१ वटा ६x१२ मि.को गरी २६ रोपनी र यस वर्ष २३ रोपनी गरी जम्मा ४९ रोपनीमा साना टनेल निर्माण भएको छ।

## मल्चिङ प्लाष्टिक वितरण ५०% अनुदानमा



थाहा नगरपालिका कृषि विकास शाखाको आ.व.०८०।८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ५०% अनुदानमा मल्चिङ्ग प्लाष्टिक वितरण गरेको थियो । यस कार्यक्रमको उद्देश्य उत्पादन लागत घटाउने, स्वस्थ्य बाली उत्पादन गर्ने, मलजलको सही सदुपयोग गर्ने, उत्पादन बढाउने, रोग कीराको व्यवस्थापन गर्ने आदि छ । यस कार्यक्रममा यस बर्ष ६२९ रोल मल्चिङ्ग प्लाष्टिक ६२९ रोपनी क्षेत्रफललाई ढाक्ने र ४०० कृषक लाभान्वित भएको छ। गतबर्ष ५५६ रोल मल्चिङ्ग वितरण गरी जम्मा दुई बर्षमा ११८५ रोल मल्चिङ वितरण भएको हो।

## स्प्रेयर डियुल १६ लि. को ५०% अनुदानमा



बोट बिरुवामा लाग्ने रोगकीरा व्यवस्थापन तथा खाद्य तत्व व्यवस्थापनका लागि स्प्रेयर वितरण गरिएको छ। यस वर्ष १ सय ५९ थान र गत वर्ष २ सय १६ थान गरी २ वर्षमा जम्मा ३ सय ७५ थान स्प्रेयर वितरण भएको हो। यस वर्ष १ सय ५९ जना कृषकहरु यस कार्यक्रमबाट लाभान्वित भएका छन्।

## नमुना टनेल ५०% अनुदानमा ५०० वर्ग मि. र २५०० वर्ग मि.



तरकारी बाली उत्पादन र उत्पादकत्व वृद्धि तथा स्वस्थ्य बिषादी रहित बाली उत्पादन गर्ने उद्देश्यले यस आ.व.मा ५०० वर्ग मि.को ४९ वटा र २५०० वर्ग मि.को ५ वटा गरी जम्मा ७४ रोपनी क्षेत्रफलमा टनेल खेतिको लागि ५०% अनुदानमा बाँस, थोपा सिँचाई र यू.भी. प्लाष्टिकमा अनुदान दिइएको छ। कार्यक्रमबाट ५४ जना कृषकहरु लाभान्वित भएका थिए।

गतबर्ष ५४ वटा ५०० वर्ग मि. ५४ रोपनी र १००० वर्ग मि.को १८ वटा गरी ३६ रोपनी गरी ९० रोपनी गत आर्थिक वर्ष र यस आर्थिक वर्ष गरी जम्मा २ वर्षमा १ सय ६४ रोपनी टनेलको क्षेत्रफल विस्तार भएको छ।

## कृषि यान्त्रीकरणमा ५०% अनुदान



थाहा नगरपालिका क्षेत्रमा गोरु पाल्नेक्रम घट्दै गएपछि खनजोत गर्न कृषकहरुलाई कठिनाई गरी रहेको अवस्थालाई मध्यनजर गरी खनजोतका लागि ५०% अनुदानमा मिनिटिलर वितरण गरिएको हो।

यस वर्ष ६९ वटा मिनिटिलर वितरण गरी ६९ घरपरिवार लाभान्वित भएका छन् । गत आर्थिक वर्ष ७१ वटा वितरण गरेकोमा जम्मा २ वर्षमा १ सय ४० वटा मिनिटिलर वितरण गरिएको थियो।

## मेयर वडा स्तरीय तरकारी पकेट प्याकेज कार्यक्रम

आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निशर्ततर्फ मेयर वडास्तरीय तरकारी पकेट प्याकेज कार्यक्रम तपसिलका तीन (३) ठाँउमा संचालन गरेको थियो। कार्यक्रमको उद्देश्य सेवा नपुगेको स्थानमा कृषकहरुलाई कृषि सामाग्री वितरण गरी सेवा पुऱ्याउने हो। यस कार्यक्रमबाट ४ सय जना कृषक लाभान्वित भएका छन् । यस कार्यक्रम मिनिटिलर, सिँचाईका पाइप, हिल ट्याङ्क, बीउ, विषादी वितरण गरिएको थियो।

तपसिल

१. सुन्तला बारी कृषि सहकारी संस्था वडा नम्बर १२

२. नवप्रगतिशिल कृषक समूह वडा नम्बर ११

३. कुँच्बु एकिकृत कृषक समूह वडा नम्बर ९

**१. सुन्तला बारी कृषि सहकारी संस्था वडा नम्बर १२**

- मिनिटिलर ७ एच.पी. पेट्रोल : ३९ थान
- डिजिटल काँटा : १० थान
- पम्प स्प्रेयर : २२ थान
- पाइप एच.डि.पी.३० मि.मि. : २५ रोल
- मल्चिङ प्लाष्टिक रोल : २५ रोल १०
- स्प्रिङलर :१०० वटा
- एप्रोन सेट : १२ वटा



२. **नवप्रगतिशिल कृषक समूह वडा नम्बर ११**



- मिनिटिलर ७ एच.पी. पेट्रोल : ३८ थान
- पम्प स्प्रेयर : २५ थान
- डिजिटल काँटा : १० थान
- मल्चिङ्ग प्लाष्टिक : २५ रोल
- हिल ट्याङ्क २००० लि. : ५ थान
- हिल ट्याङ्क १००० लि. : २ थान
- गार्डेन पाइप : १०० के.जी.
- सिँचाई पाइप २० मि.मि., २५ मि.मि., ३२ मि.मि.र ५० मि.मि. : जम्मा ३६५० मि.
- ग्रिननेट : ९०० मि.
- स्प्रिङ्लर ठूलो : ८ वटा
- स्प्रिङ्लर साना : १० वटा
- हजारी १० लि. : १० वटा

३. **कुँच्चु एकिकृत कृषक समूह वडा नंम्बर ९**

- मिनिटिलर ७ एच.पी. पेट्रोल : १ थान
- मिनिटिलर ७ एच.पी. डिजेल : २५ थान
- बाँसको टनेल ५०० मि. : ३ सेट
- मल्चिङ्ग प्लाष्टिक : ३० रोल
- पम्प स्प्रेयर : ११ थान
- प्राङ्गारिक मल : ८० बोरा



## बायोटिन कृषि चुन वितरण ७५% अनुदान



यस कार्यक्रमबाट थाहा नगरपालिकामा माटो अम्लिय अवस्थामा रहेको माटोको अम्लियपना घटाउने र बिरुवाहरुलाई सहायक खाद्य तत्वको रुपमा प्राप्त हुने क्यालिसयम, म्याग्नेसियम र सल्फर आपुर्तिको लागि यो कार्यक्रम संचालन गरेको हो। यस कार्यक्रमबाट ३ हजार ३ सय ३३ के.जी. बायोटिन कृषि चुन ६ सय ६५ जना कृषकलाई वितरण गरिएको छ।

## फर्टिगेशन तथा आधुनिक तरकारी खेति तालिम



कृषकहरुले लगाएको तरकारी बालीमा कही बढी मलखाद प्रयोग गर्ने र कुनै ठाँउमा मलखादको प्रयोग कम गर्ने गरेकोले सन्तुलित रुपमा मलखादको प्रयोगका प्रणाली अन्तर्गत थोपा सिँचाईबाट मलखाद र बिषादीको प्रयोग गराई उत्पादन र उत्पादकत्व बृद्धिका लागि थाहा नगरका ६० जना कृषकहरुलाई तालिम दिइएको छ।

## एग्रोभेट संचालकलाई रिफ्रेसर तालिम



थाहा नगरपालिकामा संचालन भएको एग्रोभेटमा सेवा ग्राहीको पहुच बढि भएको एग्रोभेटबाट बिक्री भएको विषादीहरु अनियमित रुपले कृषकहरुले प्रयोग गरी राखेकोले मानव शरीरमा देखा परेको विषादीको असरलाई कम गराउने उद्देश्यले र जैविक बिषादीको प्रयोगलाई बढावा दिने उद्देश्यले यो तालिम संचालन गरेको र थाहा नगरको एग्रोभेट संचालक र कृषि प्राविधिक गरी जम्मा ३० जनालाई तालिम दिएको हो। यस तालिमबाट जैविक विषादीको प्रयोग बढेको छ।

## तरकारी खेती सम्बन्धी ३ दिने तालिम

थाहा नगरपालिकाका कृषकहरुले रोगकीराको पहिचान नगरी अनियमित रुपमा विषादीको प्रयोग गरी रहेकोले तरकारी बालीको उत्पादन लागत बढ्न गई कृषकहरुलाई तरकारी खेतिबाट हुने फाइदाहरु कम भई कृषकहरुको आम्दानी घट्न गएकोले थाहानगरका ७० जना कृषकहरुलाई ३ दिने तरकारी खेती तालिम दिइएको हो।



## बीउ आलु उत्पादन तालिम



थाहा नगरमा गतबर्ष ७०० हेक्टरमा आलु खेति भएको र यस बर्ष ५ सय हेक्टरमा मात्र खेती भएकोले आलुको क्षेत्रफल बीउको कारणले घट्ने र पुरानो बीउको कारण उत्पादन पनि घट्ने देखिएकोले ३ दिने बीउ आलु उत्पादन तालिम संचालन भएको छ। कार्यक्रममा थाहा नगरपालिका क्षेत्रका ३५ जना कृषक र कृषि प्राविधिकले प्रशिक्षण लिएका छन्।

## अगुवा कृषकलाई सम्मानित गर्ने कार्यक्रम

कृषि पेशाबाट कृषकहरु पलायन हुने र युवा जनशक्तिहरु विदेश आकर्षण घटाउने उद्देश्यले किसानहरुलाई सम्मान गरिएको छ। थाहा नगरका १५ जना कृषकहरुलाई सम्मान गरिएको थियो। पालिका क्षेत्रमा रहेका विभिन्न विधामा उत्कृष्टता हासिल गरेका किसानहरुलाई सम्मान गरिएको हो



## पशु–पंक्षी विकासः

पशुपंछीपालन व्यवसाय परापूर्वकालदेखि चलिआएको छ। नेपालको तराईदेखी हिमाली क्षेत्रसम्म फैलिएको यो व्यवसाय अधिकाँश स्थानमा परम्परागत शैलीको छ। कृषि प्रणालीमा पशुपालनको ठूलो योगदान रहेको र कुल कृषि ग्राहस्थ उत्पादनमा एक तिहाई हिस्सा पशुपालन क्षेत्रले ओगटेको छ। पशुपालन व्यवसायलाई जीवन निर्वाहमुखीबाट व्यवसायीकरण गर्न चुनौति एकातिर रहेको छ भने अर्कोतिर उपलव्ध श्रोतसाधनको उपयोग गरी प्रतिइकाई कम लागतमा पशु तथा पशुजन्य पदार्थ उत्पादन गर्नुपर्ने चुनौति विद्यमान छ।

**आर्थिक वर्ष २०८०/०८१ मा गरेका नियमित क्रियाकलापहरु देहाय बमोजिम रहेका छन्।**

| क्र.सं. | कार्य विवरण | कृषक संख्या | पशु संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गाई/गोरु | राँगा/भैंसी | भेडा/बाख्रा | बंगुर/सुगुर | कुकुर | अन्य | जम्मा | कैफियत |
| १. | पशु बन्ध्याकरण | ७७२ | – | – | ४१२० | १८८ | – | – | ४३०८ | |
| २. | पशु गर्भ परिक्षण | २८० | २९२ | ३५ | – | – | – | – | ३२७ | |
| ३. | पशु उपचार सेवा | १८३६ | ३४८ | १०६ | २५३५ | २८८ | १५० | | ३४२७ | |
| ४ | कृत्रिम गर्भाधान सेवा | ५४० | ४५० | १५० | – | – | – | – | ६०० | |

## ८० प्रतिशत अनुदानमा जै घाँसको बीऊ वितरण



थाहा नगरपालिका पशु विकास शाखाबाट ८० प्रतिशत अनुदानमा कृषकहरुलाई १० टन जै घाँसको बीऊ वितरण गरिएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार १२ वटै वडाका कुल ५ सय १८ जना किसानहरुलाई अनुदानको घाँसको बीऊ वितरण गरिएको हो।

थाहा नगरपालिकाले खरिद गरेर ल्याएको घाँसको बीऊ प्रत्येक वडाबाट जनप्रतिनिधिको रोहबरमा सम्बन्धित वडाका पशु प्राविधिकले किसानलाई वितरण गर्नुभएको हो। पशु विकास शाखाले थाहा नगरपालिका वडा नम्बर १ मा १ हजार ५२२ किलो, २ मा ५ सय १३ किलो, ३ मा ३ हजार ९ सय ३० किलो, ४ नम्बर वडामा १ हजार ६ सय ५० किलो, ५ नम्बर वडामा ५० किलो, ६ नम्बर वडामा ४ सय किलो वितरण गरिएको छ। त्यसैगरी वडा नम्बर ७ मा ३ सय ५ किलो, ८ नम्बर वडामा १ सय ८५ किलो, ९ नम्बर वडामा २ सय ३० किलो, १० नम्बर वडामा १ सय ५५ किलो, ११ नम्बर वडामा ९ सय ६० किलो र थाहा नगरपालिका वडा नम्बर १२ मा १ सय किलो घाँसको बीऊ वितरण गरिएको थियो।

**घाँसको विउ वितरणको वडागत विवरणः**

| वडा नम्बर | परिमाण (किलोमा) |
|---|---|
| १ | १५२२ |
| २ | ५१३ |
| ३ | ३९३० |
| ४ | १६५० |

| | |
|---|---|
| ५ | ५० |
| ६ | ४०० |
| ७ | ३०५ |
| ८ | १८५ |
| ९ | २३० |
| १० | १५५ |
| ११ | ९६० |
| १२ | १०० |
| **जम्मा** | १०,००० |

## विश्व पशुपंक्षी दिवसमा कृषि तथा पशुपंक्षी फामलाई भिटामिन र दाना सहयोग




थाहा नगरपालिका अन्तर्गत दर्ता भई सञ्चालनमा रहेका कृषि तथा पशुपंक्षी फर्मका लागि निःशुल्क भिटामिन वितरण गरिएको छ । विश्व पशुपंक्षी दिवसको अवसर पारेर पशु विकास शाखाबाट विभिन्न ४ वटा फर्मलाई निःशुल्क पोषिलो भिटामिन लगायतका सामान वितरण गरिएको हो ।

शाखाले मंजिला कृषि तथा पशुपंक्षी फर्म थाहा-३, डाडाघरे बाको कृषि तथा पशुपंक्षी फर्म थाहा-२, लामिछाने गाई फर्म, थाहा-१, पीपी कृषि तथा पशुपंक्षी फर्म थाहा-६ लाई उक्त सामाग्रीहरु वितरण गरिएको हो ।  फमहरुलाई ५ लिटरको १८ जार क्यालसियम, २५ किलोको १५ बोरा दाना निःशुल्क वितरण गरिएको थियो ।

## सप्ताहव्यापी पिपिआर खोप कार्यक्रम

भेडा बाख्राहरुमा लाग्ने  पिपिआर (हैजा) एक महामारीजन्य रोग हो  जुन रोगको संक्रामक दर र मृत्युदर अत्यधिक हुने गर्दछ । यसको एक मात्रै उपाय भनेको यसको बिरुद्ध खोप लगाउने हो । यसलाई मध्यनजर गर्दै यस थाहा नगरपालिकामा फागुन १६ गतेदेखि २२ गतेसम्म अभियान सञ्चालन गरिएको छ ।




जिल्ला पशु सेवा कार्यालय हेटौडाको आयोजना तथा पशु विकास शाखा थाहा नगरपालिकाको समन्वयमा सबै वडा कार्यक्रम सञ्चालन भएको हो । अभियानमा १६ हजार २०० भेडा बाख्राहरुमा पिपिआर विरुद्धको खोप लगाउने कार्यक्रम सम्पन्न गरिएको छ । निःशुल्क रुपमा संचालन गरिएको उक्त कार्यक्रमबाट बाख्रा पालक किसानहरु उत्साहित भएका छन् ।

## दुहुना गाइभैसी पालनमा ५० प्रतिशत अनुदान वितरण



यस थाहा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा दुहूना गाईभैसी पालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत अनुदान दिइएको छ। कार्यक्रमबाट विभिन्न पशुपालन फर्म तथा सहकारीका ३१ किसानहरुलाई अनुदान वितरण गरिएको छ।

मागमा आधारित उक्त कार्यक्रममा पशुपालन गर्ने किसानहरुले थाहा नगरपालिकाभन्दा बाहेकका स्थानीय तहहरुबाट खरिद गरी ल्याएका छन्। सो कार्यक्रमबाट पालिकामा दैनिक ३ सय लिटरभन्दा बढी बढी दुध उत्पादन हुने अनुमान गरिएको छ।

## ५० प्रतिशत अनुदानमा बाख्राको खोर सुधार कार्यक्रम

थाहा लनगरपालिकामा चार वटा कृषि तथा पशुपंक्षी फर्ममा आवद्ध किसानहरुको गोठ सुधार भएको छ। ५० प्रतिशत अनुदानमा भएको उक्त कार्यक्रमको कुल लागत ४ लाख रुपियाँ रहेको छ।




गोठ सुधार कार्यक्रम अन्तर्गत ढलान गर्ने, टाट हाल्ने, गारो निर्माण लागायतको काम भएका छन्। गोठ सुधारका कार्य अन्तर्गत थाहा ९ को नेपाल डेरी गोट फार्म, थाहा १ को गणेश कृषि तथा पशुपंक्षी फार्म, वडा नम्बर ८ को सुनौलो भविष्य कृषि तथा पशुपंक्षी फर्म र थाहा-१० को उत्तम पशुपंक्षी तथा कृषि फर्मले अनुदान पाएका छन्।

## कृषक समूह तथा फर्महरुमा परजीबी नियन्त्रण कार्यक्रम

थाहा नगरपालिका अन्तर्गतका किसानहरुले पालन गरेको पशुपंक्षीहरुलाई परवीजी नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिएको छ। नि:शर्त तर्फ स्वीकृत वार्षिक कार्यक्रम कृषक समूह तथा फर्महरुमा परजीबी नियन्त्रण कार्यक्रम अन्तर्गत विनियोजित रकम मध्येबाट ४ लाख बराबरको औषधि खरिद गरिएको हो।

कार्यक्रम अन्तर्गत सबै वडाका गरी ३० वटा कृषक समूह र २१ वटा पशुपंक्षी फर्मका किसानहरुका पशुवस्तुहरुलाई आन्तरिक तथा वाह्य परजीबी नियन्त्रण गर्नुको साथै औषधि प्रयोग गर्नु पर्छ भन्ने चेतनाको विकास प्रदान गरिदएको छ। नि:शुल्क रुपमा औषधि पाउँदा पशुपालक किसानहरुले खुसि ब्यक्त गर्नुको साथै यस्तो कार्यक्रमले निरन्तताको अपेक्षा गरेका छन्।

## किसानलाई दुध बिक्रीको अभिलेख राख्न पासबुक




दुध बिक्रेता किसानहरुलाई दुधको अभिलेख व्यवस्थित रुपले राख्नको लागि पासबुक वितरण गरिएको छ। नगरपालिका क्षेत्रका ४ सय ८ किसानहरुलाई नि:शुल्क पासबुक वितरण गरिएको हो। किसानको पासबुकमा दुधको परिमाणसहित दुधमा पाउने फ्याट, एस.एन. एफ., उत्पादन मितिलगायतको विवरणहरु अभिलेखीकरण गरिनेछ। आफूले वितरण गरेको दुधको विस्तृत विवरण आफ्नै पासबुकमा हुने भएपछि किसानहरुले खुशी व्यक्त गरेका छन्।

## गाई भैसीमा कृतिम गर्भाधान गर्ने संख्या बढ्यो



थाहा नगरपालिकामा पशुपालन गर्ने किसानहरु कृत्रिम गर्भाधानतर्फ आकर्षित भएका छन् । प्राविधिकले गोठमै आएर पशुहरुमा कितृम गर्भाधान गरिदिने भएपछि किसानहरु यसतर्फ थप आकर्षित भएका हुन् । आर्थिक वर्ष २०८०/८१ मा थाहा नगरपालिकाको ६०० ओटा गाई तथा भैसीमा कृतिम गर्भाधान गरिएको पशु विकास शाखामा तथ्याङ्क रहेको छ ।

## विश्व रेबिज तथा पशुपंक्षी दिवस



रेबिज एक मानिसमा समेत लाग्ने प्राण घातक रोग हो । रेबिज लागिसके पछी मृत्यु प्राय निश्चित छ । त्यसैले यसको रोकथाम बाहेक अरु विकल्प छैन । मानिसमा लाग्ने रेबिज मध्य ९९ प्रतिशत रेबिज लागेको कुकुरको टोकाईबाट लाग्ने हुँदा कुकुरहरुलाई रेबिजको बिरुद्धको खोप लगाउनु अनिबार्य छ । त्यसलाई मध्यनजर गर्दै यस थाहा नगरपालिकाको पशु विकास शाखाको आयोजनामा विश्व रेबिज दिबसको अवसरमा नगरपालिका क्षेत्र भित्रका ३ सय ९० सामुदायिक ( भुसिया/छाडा) घर पालुवा कुकुर तथा बिरालोहरुलाई रेबिज बिरुद्धको खोप लगाउने कार्य सम्पन्न गरिएको छ । जसबाट रेबिज जस्तो प्राणघातक रोगको नियन्त्रण र यसबाट हुने पशुपंक्षी तथा मानबिय क्षति न्यूनीकरण हुने विश्वास लिईएको छ ।

यस नगरपालिकाको ४ ओटा गाईरभैसी फर्महरु मंजिला कृषि तथा पशुपंक्षी फर्म थाहा ३, डाडाघरे बाको कृषि तथा पशुपंक्षी फर्म थाहा-२, लामिछाने गाई फर्म, थाहा-१, पीपी कृषि तथा पशुपंक्षी फर्म थाहा-६ मा विश्व पशुपंक्षी दिबसको अबसरमा ५लि. को १८ जार क्याल्सियम, २५ केजीको १५ बोरा दाना निःशुल्क रुपमा वितरण गरिएको छ ।

### पशु विकास शाखाबाट भएका अन्य कार्यक्रमहरु:

- माईक्रोस्कोप खरिद (वडा स्तरीय प्राविधिकको लागि),
- मोटरसाइकल खरिद,
- कार्यक्रम अनुगमन तथा मुल्यांकन,
- बाख्रा पालन(उन्नत जात) प्रबर्दन कार्यक्रम थाहा-७,
- दुग्ध पदार्थ यन्त्रीकरण(चिस्यान केन्द्र) सहयोग कार्यक्रम थाहा-१२,
- कृतिम गर्भाधान मिसन कार्यक्रम,
- महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम,
- थाहा- ६ बज्रबाराहीमा ६० ओटा भुसिया तथा घरपालुवा कुकुरहरुलाई निशुल्क रुपमा रेबिज बिरुद्धको खोप लगाउने कार्य,
- थाहा- १ कुलगाउँ स्थित २९ ओटा बाख्राको ५ पटक रेबिज खोप प्रभाबकारी परिक्षणको लागि नमुना संकलन गरि परिक्षण गरिएको,
- थाहा- २ अंगारे स्थित एकासी मरेको गाई/बाख्राहरूको रोग निदानको लागि नमुना संकलन गरि केन्द्रिय पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला,त्रिपुरेश्वर र रास्ट्रिय बिधि बिज्ञान प्रयोगशाला खुमल्टार पठाइएको,
- ५०% लागत साझेदारिमा दुहुना गाई/भैसी पालन प्रबर्दन कार्यक्रम अन्तर्गत छनोट भएका किसानहारुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको,
- प्रदेशबाट संचालन हुने कार्यक्रमहरुको लागि सहजीकरण गरिएको,

## सहकारी

सरकारले सार्वजनिक, निजी क्षेत्र र सहकारीको परिचालन गरी देशको अर्थतन्त्र सुदृढ गर्ने नीति अख्तियार गरेको छ। सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन र उत्पादकत्व अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउँने गर्दछन् । आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने गरी स्थापना भएका र हुने सहकारीहरुको व्यवस्थापन स्थानीय तहले गर्ने संवैधानिक व्यवस्था रहेको छ। राज्य पुन संरचना हुनु पूर्व डिभिजन सहकारी कार्यालयमा दर्ता भएका सहकारी संस्थाहरुको विवरण स्थानीय तहमा हस्तान्तरण भएका छन्। स्थानीय तह गठन भए पश्चात सरकारी ऐन जारी गरी संस्था दर्ता गर्ने प्रक्रिया शरु भएको छ।

### पल्स तथा COPOMIS सम्बन्धी तालिम

थाहा नगरपालिकामा आर्थिक वर्ष २०८०/०८१ मा पल्स तथा कोपोमिस सम्बन्धी तालिम गरिएको छ । सहकारी शाखाको आयोजनामा भएको तालिममा नगरपालिका भित्रका सहकारी संस्थाहरुको उपस्थिती रहेको थियो । तालिमबाट सहभागीहरुलाई एकीकृत व्यवस्थापन सूचना प्रणाली अर्थात कोपोमिसको सफ्टवेयर सञ्चालनको प्रक्रिया, सूचना आदानप्रदान, प्रयोग र पल्स सम्बन्धी ज्ञान प्रदान गरिएको थियो।

यस नगरपालिकामा अधिकार हस्तान्तरण भई आएका एवं आ.व. २०८०/०८१ मा अध्यावधिक र COPOMIS मा दर्ता भएका सहकारी संस्थाहरु निम्नानुसार रहेका छन्।

#### सहकारी संस्थाहरु

| क्र.सं. | सहकारीको नाम | कोपोमिस प्रयोग गरे/नगरेको |
|---|---|---|
| १ | सुन्तलाबारी कृषि सहकारी संस्था लि. | गरेको |
| २ | सुखी भविष्य बचत तथा ऋण सहकारी संस्था लि. | गरेको |
| ३ | साना किसान कृषि सहकारी संस्था लि. | गरेको |
| ४ | सहयोगी बचत तथा ऋण सहकारी संस्था लि. | गरेको |
| ५ | श्री सेती गणेश कृषि सहकारी संस्था लि. | गरेको |
| ६ | श्री शुभारम्भ कृषक सहकारी संस्था लि. | गरेको |
| ७ | श्री बागेश्वरी कृषि सहकारी संस्था लि. | गरेको |
| ८ | श्री दामन कृषि सहकारी संस्था लि. | गरेको |
| ९ | श्री जनशक्ती कृषक सहकारी संस्था लि. | गरेको |
| १० | श्री चन्द्रसूर्य महिला कृषि सहकारी संस्था लि. | गरेको |
| ११ | श्री गौतम बचत तथा ऋण सहकारी संस्था लि. | नगरेको |
| १२ | श्री कुटेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लि. | गरेको |
| १३ | शिखर वचत तथा ऋण सहकारी संस्था लि. | गरेको |
| १४ | ॐ शान्ती कृषि सहकारी संस्था लि. | नगरेको |
| १५ | लाली गुँरास महिला बहुउद्देशीय सहकारी संस्था लि. | गरेको |

| | | |
|---|---|---|
| १६ | मेत्राङ वचत तथा महिला सहकारी संस्था लि. | गरेको |
| १७ | मुक्तिनाथ हरियाली कृषि सहकारी संस्था लि. | गरेको |
| १८ | महिला शक्ति बचत तथा ऋण सहकारी संस्था लि. | गरेको |
| १९ | महिला जागृति उत्थान बचत तथा ऋण सहकारी संस्था लि. | गरेको |
| २० | भूतपूर्व सैनिक कृषि सहकारी संस्था लि. | गरेको |
| २१ | भालेश्वर कृषि सहकारी संस्था लि. | गरेको |
| २२ | बसन्त कृषि सहकारी संस्था लि. | गरेको |
| २३ | पुण्यश्री महिला बचत तथा ऋण सहकारी संस्था लि. | गरेको |
| २४ | देउखेल कृषि सहकारी संस्था लि. | नगरेको |
| २५ | थाहा कृषि सहकारी संस्था लि. | गरेको |
| २६ | टिस्टुङ साना किसान कृषि सहकारी संस्था लि. | गरेको |
| २७ | टिष्टुङ कृषि सहकारी संस्था लि. | नगरेको |
| २८ | चेतनशिल महिला बचत तथा ऋण सहकारी संस्था लि. | गरेको |
| २९ | चित्लाङ एकिकृत कृषि सहकारी संस्था लि. | नगरेको |
| ३० | चन्द्रागिरी महिला बचत तथा ॠण सहकारी संस्था लि. | गरेको |
| ३१ | कुन्छाल बचत तथा ऋण सहकारी संस्था लि. | गरेको |
| ३२ | कुन्छाल कृषि सहकारी संस्था लि. | गरेको |
| ३३ | कुण्डल देवी ब. उ.सहकारी संस्था लि. | गरेको |
| ३४ | ऋषेश्वर बहुउदेश्यीय सहकारी संस्था लि. | नगरेको |
| ३५ | उत्पिडित उत्थान बचत तथा ऋण सहकारी संस्था लि. | नगरेको |
| ३६ | उज्वल भविष्य कृषि सहकारी संस्था लि. | गरेको |
| ३७ | आग्रा कृषि सहकारी संस्था लि. | गरेको |
| ३८ | ग्रामिण पर्यटन ब्यबसायिक सहकारी संस्था लि. | गरेको |

<u>शाखाबाट सम्पादित अन्य कार्यक्रमहरुः</u>

- सहकारी संस्थामा वर्षमा १ पटक निरीक्षण अनुगमन
- सहकारी संस्थाहरुसँग छलफल

## उद्योग/वाणिज्य विकासः



उद्योग तथा व्यवसायहरु देशको अर्थतन्त्र सुदृढ गर्न निजी क्षेत्रको योगदानलाई नकार्न सकिदैन। सरकारले निजी क्षेत्रलाई आर्थिक विकासको अभिन्न अङ्गको रुपमा लिइएको छ। यस नगरपालिकाले पनि आर्थिक विकासका गतिविधिमा निजी क्षेत्रसँग हातेमालो गर्दै आएको छ। हाल ५ लाखसम्म पूँजी भएका उद्योगहरु नगरपालिकाले दर्ता गर्न सक्ने प्रावधान बमोजिम दर्ता गर्दै आएको छ। हालसम्म थाहा नगरपालिकामा १ हजार ४ सय १९ व्यवसायहरु प्रणालीमा आवद्ध भएका छन्। पालिका तथा वडा कार्यालयहरुबाट नयाँ व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यहरु भैरहेका छन्।

उद्योग वाणिज्य संघ र थाहा नगरपालिकाको सहकार्यमा आर्थिक वर्ष २०८०/०८१ मा उद्योग वाणिज्य संघको भवनमा ४ दिने कर शिविर सञ्चालन भएको छ। शिविरमा १२ वटै वडाका सेवाग्राहीले एकै ठाउँबाट व्यवसाय दर्ता/नवीकरण बापत कर बुझाई सेवा प्राप्त गरेका छन्। उद्योग वाणिज्य संघ र थाहा नगरपालिकाको सहकार्यमा वडा नम्बर १, २, ३, ४, ६, ११ र १२ मा घरदैलो कर शिविर सञ्चालन भयो जसबाट संस्थागत व्यवसायलाई करको दायरामा ल्याउन सफल भएको छ।

नगरपालिका स्थापना (२०७२) भए पश्चात् नै व्यवसाय कर लागु भए तापनि बैंक, सहकारी, लघुवित्त, बिमा कम्पनी, निजी विद्यालय जस्ता केही संस्थागत व्यवसायहरु करको दायरामा नआइरहँदा थाहा नगरपालिका उद्योग, व्यापार तथा व्यवसाय दर्ता कार्यविधि २०७७ को पहिलो संशोधन २०८० सँगै तपसीलका व्यवसायहरुलाई करको दायरामा आएका छन्।



तपसिल

| क्र.सं. | संस्थाको किसिम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | निजी विद्यालय | ५ | |
| २. | बैंक | ३ | |
| ३. | लघुवित्त | ७ | |
| ४. | बीमा कम्पनी | ५ | |
| ५. | सहकारी संस्था | १८ | |

त्यसैगरी आर्थिक वर्ष २०७५/०७६ देखि नै बहाल बिटौरी कर लागू भएता पनि विगतका वर्षहरुमा उक्त शिर्षकमा राजश्व नउठेकोमा यस आर्थिक वर्षमा उक्त शीर्षकमा मात्र रु. ५७,७००।- राजश्व संकलन भएको छ। प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ अनुसार तीन लाख भन्दा बढी पाँच लाख रुपैँयासम्मको २ (दुई) वटा प्राइभेट फर्म नगरपालिकामा दर्ता भएकाछन् भने अटो व्यवसायीलाई आर्थिक वर्ष २०८१।०८२ देखि थाहा नगरबाटै रुट परमीट दिने गरी कार्यविधि तयार भएको छ।

## पर्यटन विकास

नेपालमा पर्यटनका परम्परागत क्षेत्रहरु पर्वतारोहण पदयात्रा धार्मिक तीर्थाटन आदि बाहेक पछिल्लो समय विस्तारको क्रममा रहेको पर्या-पर्यटन, ग्रामिण पर्यटन, साहसिक पर्यटन, कृषि पर्यटन र सांस्कृतिक पर्यटनको सम्भावना रहेको छ। मौलिक पहिचानका उद्यमको विकास तथा पर्यटकीय क्रियाकलापहरु मार्फत प्रत्यक्ष र अप्रत्यक्ष रुपमा रोजगारी सृजना हुन्छ। यस नगरपालिकामा पनि पर्यटकलाई आकर्षण गर्न सक्ने प्राकृतिक सम्पदा साँस्कृतिक सम्पदा तथा धार्मिक सम्पदाहरु निम्नानुसार रहेका छन। नगरको पहिचानको रुपमा रहेको प्राकृतिक, सांस्कृतिक, धार्मिक सम्पदाहरुको संरक्षण र जगेर्ना गर्दै पर्यटन क्षेत्रको विकासमा आवश्यक ध्यान दिनु अपरिहार्य भएको छ।

### पर्यटक साङ्केतिक चिन्ह स्थापना



थाहा नगरपालिकाबाट पालिकाको १२ वटै वडामा पर्यटकहरुको जानकारीका लागि सूचना बोर्ड स्थापना गरिएको छ। प्रत्येक वडाबाट तोकिएको स्थानमा १२ वटै वडाको मुख्य बजार क्षेत्र वा जानकारी दिनका लागि सहज हुने स्थानमा बोर्ड स्थापना गरिएको हो। बोर्डमा प्रमुख पर्यटकीय क्षेत्रको फोटोसहित ६४ पर्यटकीय गन्तव्यको नामावली राखिएको छ। थाहा नगरपालिकामा भित्रने पर्यटकहरुलाई जानकारी दिने उद्देश्यले उक्त बोर्डहरु राखिएको हो।

### पदमार्ग पहिचान तथा म्यापिङ प्रचारप्रसार



थाहा नगरपालिकाको विभिन्न पदमार्गहरुलाई लक्षित गरी यस कार्यक्रम मार्फत प्रवर्द्धन गरिएको छ। प्रमुखतः स्थानीय पर्यटन प्रवर्द्धक गणेश विष्टको अगुवाइमा स्थानीय पदमार्ग पहिचान तथा प्रवर्द्धन भएको छ। यस कार्यमा थाहा नगरपालिकाले विष्टको कामप्रति प्रशंसा गरेको छ। थाहा नगरपालिकाको पदमार्गहरुमा आर्थिक वर्ष २०८०/०८१ मा मात्र १ हजार बढिले पदयात्रा गरेका छन्।

### पर्यटन प्रवर्द्धन सम्बन्धी भिडियो डकुमेन्ट्री निर्माण

थाहा नगरपालिकामा पर्यटकलाई आकर्षण गर्नका लागि पर्यटकीय क्षेत्रको पहिचान तथा परिचय समेटेर दुई वटा डकुमेन्ट्री निर्माण गरिएको छ। नेपाली भाषा र अंग्रेजी भाषामा दुई भिन्दाभिन्दै डकुमेन्ट्री निर्माण गरिएको हो। नेपाली भाषामा तयार गरिएको डकुमेन्ट्री थाहा फिल्म फेस्टिवलमा समेत प्रदर्शन गरिएको थियो। यसका अलवा अंग्रेजी भाषामा पनि डकुमेन्ट्री निर्माण गरिएको छ।

### थाहा फोटो प्रदर्शनी




थाहा नगरपालिकाको पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्ने उद्देश्यले बागमती प्रदेश राजधानी हेटौंडामा दुईदिने फोटो प्रदर्शनी गरिएको छ। हेटौंडा उपमहानगरपालिकासंग समेत सहकार्य गरी फोटो प्रदर्शनी गरिएको हो। कार्यक्रमको व्यवस्थापनमा फोटो पत्रकार संघ मकवानपुरले गरेको

थियो। फोटो प्रदर्शनीमा थाहा नगरपालिकाको विभिन्न पर्यटकीय क्षेत्र, मन्दिर, पार्क, जीवनशैली, सम्पदा र संस्कृति झल्कने फोटोहरु राखिएको थियो। फोटो प्रदर्शनी करिब १० हजार जनाले अवलोकन गरेका थिए।

## पर्यटकीय आकर्षणका लागि प्रतिबिम्व निर्माण

थाहा नगरपालिका वडा नम्बर २ पालुङमा पर्यटकलाई आकर्षण गर्ने उद्देश्यले प्रतिबिम्ब निर्माण गरिएको छ। स्थानीय उपभोक्ताहरुको सक्रियतामा निर्माण भएको प्रतिबिम्बमा 'फोटो सेसन गर्न मिल्ने गरी' बनाइएको छ। ऐतिहासिक पालुङ शहरमा बनाइएको प्रतिबिम्ब परिसरमा ढुङ्गेधारा, धरहराको नमुना संरचना तथा अन्य धार्मिक तथा ऐतिहासिक सम्पदाहरु समेत रहेको छ। उक्त क्षेत्रमा पुरानो नेवारी बस्ती रहेको छ।

## पर्यटन प्रवर्द्धन गर्न भिन्दै वेबसाइट




थाहा नगरपालिका पर्यटकीय नगरीको रुपमा परिचित भएको पालिका हो। यहाँको पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाले पर्यटन गुरुयोजना निर्माण गरी काम गरिरहेको छ। नगर क्षेत्रमा विभिन्न प्राकृतिक मनोरमताको साथै धार्मिक, साँस्कृतिक, सम्पदाहरु रहेका छन्। यसै कारण पनि यहाँ पर्यटकहरु घुमफिर तथा अध्ययन अनुसन्धानको लागि आउने गर्दछन्।

थाहानगरको पर्यटन प्रवर्द्धनका लागि पालिकाले भिन्दै प्रवद्धनात्मक वेवसाइट निर्माण गरेको छ। पालिकाले यहाँको धार्मिक तथा ऐतिहासिक सम्पदा, प्राकृतिक सौन्दर्यता, जात्रा तथा पर्वहरु, जीवनशैली र विभिन्न प्रचारात्मक तस्वीर झल्कने मेनुसहितको वेवसाइट सञ्चालनमा ल्याएको हो। यि सबै फोटो र जानकारीहरु www.tourism.thahamun.gov.np पोर्टल लगइन गरी हेर्न सकिन्छ। वेवसाइटमा नगर भरीको पर्यटकीय क्षेत्रको फोटोहरु नियमित अपलोड हुने गर्दछ। विश्वका जुनसुकै स्थानबाट पनि हेर्न र पढ्न सकिने भएपछि यस वेवसाइटबाट पर्यटन प्रवर्द्धनका लागि सहयोग पुगेको छ।

वेवसाइटमा नगर क्षेत्रका विभिन्न होटल, रिसोर्ट, होमस्टेहरुको समेत अभिलेख हेर्न सकिन्छ। थाहामा घुम्न आउने पर्यटकहरुले एकपटक यो वेवसाइट पढेर आउने हो भने घुमफिरका लागि थप सहज हुने गर्दछ। होटल, रिसोर्ट तथा होमस्टेहरुसंगको सहकार्यमा यसै पोर्टल मार्फत पर्यटकहरुको तथ्याङ्क व्यवस्थापन गर्ने थाहा नगरपालिकाको आगामि योजना रहेको छ।

### थाहा नगरपालिकाको पर्यटकीय क्षेत्रहरु

- कुन्छाल गाउँ थाहा नगरपालिका-१
- कोटथुम्की, कुटिप्वाकल थाहा नगरपालिका-१
- झम्केश्वरी थाहा नगरपालिका-१
- खानिगाउँ गुम्बा थाहा नगरपालिका-१
- कुलगाउँ कुमारी माई थाहा नगरपालिका-१
- कोटथम्की (भाङखोरिया) थाहा नगरपालिका-२
- पाण्डुकेश्वर मन्दिर (अंगारे) थाहा नगरपालिका-२
- ऐतिहासिक पालुङगढी, थाहा नगरपालिका-२
- आकाशदेवी मन्दिर (गैरीगाउँ) थाहा नगरपालिका-२
- पाथिभरा मन्दिर (सोल्टु) थाहा नगरपालिका-२
- पाःल्वः ढुंगा (पालुङ) थाहा नगरपालिका-२

- इन्द्रायणीमाई मन्दिर थाहा नगरपालिका-३
- शंखमुल त्रिवेणी दिव्य धाम थाहा नगरपालिका-३
- गोरखनाथ मन्दिर थाहा नगरपालिका-३
- सेति गणेश मन्दिर थाहा नगरपालिका-३
- काला भैरब मन्दिर थाहा नगरपालिका-३
- ऋषेश्वर मन्दिर थाहा नगरपालिका-४
- दाम भ्यू टावर थाहा नगरपालिका-४
- सिमभञ्ज्याङ थाहा नगरपालिका-४
- थाहा पार्क, नयाँ गाउँ थाहा नगरपालिका-४
- मुक्तिनाथ मन्दिर दोबाटो थाहा नगरपालिका-४
- गुम्बा डाँडा थाहा नगरपालिका-५
- खम्रु भन्ज्याङ थाहा नगरपालिका-५
- सुनगाभा ट्रेकिङ रुट थाहा नगरपालिका-५
- ढोकचा तसर वडा कार्यालय दामन भ्यू टावर साइक्लिङ रुट थाहा नगरपालिका-५
- गुराँसे (भट्टीडाँडा/कल्याण प्रा.वि) थाहा नगरपालिका-५
- बाराही मन्दिर थाहा नगरपालिका-६
- मुलाबारी चौर, मनकामना मन्दिर थाहा नगरपालिका-६
- कोत दरबार, शिलालेख थाहा नगरपालिका-६
- नन्दिकेश्वर मन्दिर थाहा नगरपालिका-६
- उन्मत्तेश्वर मन्दिर थाहा नगरपालिका-६
- कुटेश्वरी महादेव मन्दिर थाहा नगरपालिका-७
- डाँडाबास शहीद पार्क थाहा नगरपालिका-७
- उन्युचौर, थाहा नगरपालिका-७
- डाँडाबास पार्क, थाहा नगरपालिका-७
- कैलाश डाँडा थाहा नगरपालिका-७
- गालेश्वर महादेव मन्दिर थाहा नगरपालिका-७
- गौखुरेश्वर महादेव मन्दिर थाहा नगरपालिका-६
- बाथानचुली भग्नावशेष थाहा नगरपालिका-८
- खानिखोला गुफा थाहा नगरपालिका-८
- हाँडिदह थाहा नगरपालिका-८
- दामगाडे, भकुण्डे थाहा नगरपालिका-८
- श्री कालाकठ्ठेश्वर महादेव परिसर थाहा नगरपालिका-८
- चन्द्रागिरी भन्ज्याङ्ग थाहा नगरपालिका- ९
- सातधारा थाहा नगरपालिका- ९
- भैरव मन्दिर थाहा नगरपालिका-९
- अशोक चैत्य थाहा नगरपालिका- ९
- शिवालय थान थाहा नगरपालिका- ९
- तलेजु भवानी मन्दिर थाहा नगरपालिका- ९

- महाचुनी स्थान थाहा नगरपालिका- ९
- सितापाईला थाहा नगरपालिका-१०
- चम्पाकेश्वर महादेव मन्दिर थाहा नगरपालिका-१०
- चित्लाङ भेडा फार्म (बाख्रा फर्म) थाहा नगरपालिका-१०
- टौखेल अंशुवर्मा शिलालेख थाहा नगरपालिका-१०
- हिमालयन प्लान्टेसन थाहा नगरपालिका-१०
- नर्वे ढुंगा थाहा नगरपालिका-११
- राष्ट्रिय विभूति पार्क टिष्टुङ थाहा नगरपालिका-११
- लेन्खु चिया बगान थाहा नगरपालिका-११
- ताराखोला पार्क निर्माण थाहा नगरपालिका-११
- कोटथुम्की दरबार डाँडा थाहा नगरपालिका-११
- पोखरी चौर थाहा नगरपालिका-१२
- राष्ट्रिय विभुती पार्क टिष्टुङ थाहा नगरपालिका-१२
- जगडाँडा होमस्टे थाहा नगरपालिका-१२
- गैरीगाउँ झरना थाहा नगरपालिका-१२
- गैरीगाउँ पोखरी चौर मुलबारी चौर ट्रेकिङ थाहा नगरपालिका-१२

## वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन



यस थाहा नगरपालिकाका अधिकांश समुदायमा आधारित सामुदायिक वन उपभोक्ता समितिहरुले वन संरक्षण गर्दै आएका छन् । वन संरक्षण तथा वनमा आधारित कार्यक्रम संचालनका लागि नगरस्तरीय सामुदायिक वन उपभोक्ता महासंघले नगरपालिकासंग समन्वय गर्दै आएको छ । नगरपालिकाकै सहयोगमा स्थानीय सामुदायिक वन उपभोक्ता महासंघले आर्थिक वर्ष २०८०/०८१ मा वन विकास र संरक्षणसम्बन्धी काम समेत सम्पन्न गरेको छ। नगरपालिकाको १२ वटै वडामा गरी कुल ५६ वटा सामुदायिक वनहरु रहेका छन्।




यस नगरपालिका भित्र हुने आगलागी, ढँडेलो, बाढी पहिरो, भुकम्प, चट्याङ जस्ता महत्वपूर्ण विपद्हरु हुन । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ संग नवाभिने गरी यस थाहा नगरले कानून वनाइ विपद् व्यवस्थापनको क्षेत्रमा कार्य गरिरहेको छ । यस नगरपालिकाले विपद् व्यवस्थापनका लागि वारुणयन्त्र, व्याकलोडर, एम्वुलेन्स, जस्ता सामग्रीहरु तयारी अवस्थामा राखिएको छ । विपद् व्यवस्थापनको लागि प्रकोप व्यवस्थापन कोषको रुपमा रु. ५० लाखको व्यवस्था गरिएको छ।

फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन सम्बन्धी ऐन, २०६८ का आधारमा नगरले कार्यविधि निर्माण गरी सोको आधारमा कार्यहरु गरिरहेको छ। थाहाका बजारलाई फोहोर, धुलो र हिलो रहित बनाउने, सरसफाई अभियानमा टोल सुधार समिति तथा बजार व्यवस्थापन समितिहरुलाई क्रियाशील बनाउने, फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको निर्माण प्रक्रिया अगाडि बढाउने जस्ता नीतिहरु निर्धारण गरिएका छन्। हाल फोहोर संकलन गरी वडा नम्बर २ र ६ मा दुई वटा सेग्रिगेशन हाउस सञ्चालनमा ल्याइएको छ। ट्रिपर र ट्याक्टरको व्यवस्था गरिएको छ।




## स्वच्छ घर स्वच्छ शहर हराभरा थाहानगर अभियान

यस अभियान अन्तर्गत थाहा नगरपालिकाको मुख्य बजार क्षेत्रहरुमा आवश्यकताका आधारमा दैनिक फोहर उठाउने फोहरलाई वर्गिकरण गर्ने स्थलमा पुऱ्याउने व्यवस्था गरिन्छ र सो कार्यका लागि टोल विकास संस्था तथा बजार व्यवस्थापन समितिहरुको क्रियाशिलता र सहभागिता समेतलाई प्रवद्धन गरिएको छ। साथै नगरपालिकाले माग र आवश्यक्ताका आधारमा टोल विकास संस्था तथा बजार व्यवस्थापन समितिहरुलाई डष्टविन लगाएत सरसफाई सामाग्री वितरण गर्दै आईरहेको छ।

## दुई स्थानमा सेरिगेशन हाउस

संकलन भएका फोहरमैलालाई प्रकृति अनुसारको वर्गिकरण गर्नका लागि थाहा २ इन्द्रायणी चौर तथा थाहा १ शंखेलमा २ सेरिगेशन हाउस निर्माण गरिएको छ र उक्त स्थानहरुबाट छुट्याईएको फोहरलाई मोहरमा परणित गर्दै थाहा नगरपालिकाले आम्दानी समेत गरिरहेको छ।

## सरसफाइले रोजगारी

थाहा नगरपालिकाको सरसफाई अभियान अर्न्तगत गठन भएका बजार व्यवस्थापन समितिहरु ,टोल विकास संस्वथाहरु तथा नगरपालिका कार्यालयले काममा लगाएका सरसफाई तथा सो सँग सम्बन्धीत कम्तीमा २५ जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। यसका साथै देहाय बमोजिमका कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा समन्वय सम्बन्धी कार्य शाखाबाट भएको छ।

## विपद्मा नगर प्रहरी

- विपद् व्यवस्थापन कोष र सञ्चालक समिति
- वातावरण दिवश र वृक्षरोपन
- फोहर व्यवस्थापन असल अभ्यास अवलोकन
- वातावरण संरक्षण कार्यक्रमका लागि संस्था सहकार्य
- विपद् पूर्वतयारीका अवस्था

## न्यायिक तथा विधेयक समिति

नेपालको संविधानको धारा २१७ मा प्रत्येक नगरपालिकामा नगर उपप्रमुखको संयोजकत्वमा र प्रत्येक गाउँ पालिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्सीय न्यायिक समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि दफा ५३ सम्म न्यायिक समितिले गर्ने न्यायिक कार्यको बारेमा स्पष्ट व्यवस्था गरिएको छ। नेपालका प्रचलित यिनै कानूनको अधिनमा रहेर स्थानीय पालिकाहरुले न्यायिक समितिको कार्य सम्पादनका लागि आफैले ऐन नियमहरु बनाउन सक्नेछन्।



थाहा नगरपालिकाले पनि न्यायिक समितिको कार्य सम्पादनका लागि न्यायिक समितिको कार्यविधि ऐन, २०७४ जारी गरिसकेको छ । न्यायिक समितिलाई शुरु अदालतले मुद्दा हेर्ने सरहको कार्यविधिहरु जस्तै उजुरी दर्ता गर्ने, म्याद जारी गर्ने, लिखित जवाफ दर्ता गर्ने, साक्षी प्रमाण बुझ्ने, मिलापत्र गराउने, निर्णय दिन, निर्णय कार्यान्वयन गराउने, अल्पकालीन आदेश जारी गर्ने, सम्पति बैंक खाता रोक्का गराउने जस्ता कार्यविधिगत अधिकार छन् । तर न्यायिक समितिले सबै किसिमका उजुरी भने हेर्न सक्ने अवस्था विद्यमान ऐनमा छैन। सामान्य खाले घरायसी विवाद, साँध सीमाना विवाद, पानी मुहानको विवाद, कुलो विवाद, ज्याला सम्बन्धी विवाद, पशु चौपाया, भरण पोषण, सामान्य कुटपिट, गाली बेइज्जती लगायतका देवानी प्रकृतिका मुद्दा हेर्ने अधिकार न्यायिक समितिलाई छ। यस बाहेकका प्रचलित कानून वमोजिम मिलापत्र गराउन मिल्ने देवानी मुद्दा र एक वर्षसम्म कैद सजाय हुन सक्ने फौजदारी मुद्दा न्यायिक समितिले हेर्न मिल्दछ। न्यायिक समितिलाई निर्णय वा फैसला नै गराउन सक्ने र मिलापत्र मात्र गराउन सक्ने गरी दुई प्रकारका न्यायिक अधिकार रहेको छ। यिनै कानूनी प्रावधानमा रहेर थाहा नगरपालिकामा गठित न्यायिक समितिले कार्य गर्दै आइरहेको छ।



यसैगरी नगरपालिकाको न्यायिक समितिको काममा सहयोग गर्न एवं नगरपालिकाका लागि आवश्यक ऐन कानून निर्माण तथा परिमार्जन, नगरपालिकाबाट सम्पादन हुने कार्यसम्पादनमा कानूनी राय परामर्श प्रदान गर्न, नगरपालिकाका विरुद्ध विभिन्न निकायमा पर्न सक्ने उजुरीको प्रतिवाद गर्न, भिन्दै कानून शाखाको व्यवस्था गर्नुपर्ने देखिन्छ।

**हालसम्म निर्माण भएको ऐन नियम कार्यविधि र निर्देशिकाहरुको विवरण (आर्थिक ऐन र विनियोजन ऐन बाहेक):**

**राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७४ भन्दा पहिले:**

१. नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४
२. नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४
३. नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४
४. नगरपालिकाका पालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४
५. थाहा नगरपालिकाको निर्णय वा आदेश र अधिकार-पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४
६. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

**राजपत्रमा प्रकाशित:**

*ऐनहरु:*

१. थाहा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५
२. नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५
३. थाहा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७५
४. थाहा नगरपालिकाको संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
५. थाहा नगरपालिका सहकारी ऐन, २०७४
६. थाहा नगर शिक्षा ऐन, २०७४
७. न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४
८. एफ.एम. रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि ऐन, २०७५
९. थाहा नगरपालिकाकवातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६
१०. थाहानगर खानेपानी व्यवस्थापन बोर्डको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६
११. स्थानीय वन ऐन  २०७९

*कार्यविधिहरु:*

१. हेभी इक्युपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०७४
२. विपद् जोखिम व्यवस्थापन तथा राहत वितरण कार्यविधि २०७४
३. थाहा नगरपालिकाको टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि, २०७४
४. थाहा नगरपालिकामा करार कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५
५. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५
६. नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५
७. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि २०७५
८. चालुकोष स्थापना तथा बीउपूँजी परिचालन कार्यविधि, २०७५
९. बजार व्यवस्थापन तथा परिचालन कार्यविधि २०७५
१०. थाहा नगरपालिकाको ढुङ्गा, बालुवा, गिट्टीको अमानतमा कर उठाउने सम्बन्धी कार्यविधि, २०७५
११. थाहा नगरपालिकाको ठुला सवारी साधन परिचालन र व्यवस्थित गर्न बनेको कार्यविधि, २०७६
१२. स्थानीय संस्था दर्ता नियमावली, २०७६
१३. कोसेली घर संचालन व्यवस्थापन कार्यविधि, २०७६
१४. थाहानगर खानेपानी व्यवस्थापन बोर्ड कर्मचारी सेवा सर्त सम्बन्धि विनियमावली, २०७६

१५. काममा आधारीत राहत वितरण सम्वन्धी कार्यविधि, २०७७
१६. कृषक समुह गठन तथा व्यवस्थापन निर्देशिका, २०७७
१७. थाहा नगरपालिका क्षेत्रभित्रको बाँझो जग्गा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७
१८. थाहा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७७
१९. थाहा नगरपालिका उद्योग, व्यापार तथा व्यवसाय दर्ता कार्यविधि, २०७७
२०. आर्थिक रुपले विपन्न अति सिमान्तकृत समुदाय तथा परिवारको स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७६
२१. थाहा नगरपालिका सहकारी नियमावली, २०७७
२२. थाहा नगरपालिका जलश्रोत उपयोग कार्यविधि, २०७७
२३. करार शिक्षक छनोट सम्बन्धी कार्यविधि, २०७७
२४. बाल क्लब समुह परिचालन निर्देशिका, २०७७
२५. लैङ्गिक हिंसा निवारणण् कोष (संचालन) कार्यविधि २०७७
२६. विषयगत पत्रकारिता लेखन तथा प्रसारण वृत्ति कार्यक्रम सञ्चालन सम्बन्धी कार्यवधि, २०७९
२७. थाहा नगरपालिका अनुदान तथा आर्थिक सहायता परिचालन कार्यविधि, २०७९
२८. 'आन्तरिक पर्यटन काज सम्बन्धी कार्यविधि, २०७९
२९. पर्यटकीय स्थल, पार्कहरु लिजमा दिई सञ्चालन गराउने सम्बन्धी कार्यविधि, २०७९
३०. विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०
३१. नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
३२. भवन निर्माण अनुमति तथा नक्सापास सम्बन्धी कार्यविधि, २०८०

## आर्थिक वर्ष २०८०/०८१ मा समितिको उजुरी र फछ्यौंटको अवस्था

| सि.नं. | मुद्दाको किसिम | कुल जम्मा | | | |
|---|---|---|---|---|---|
| | | मेलमिलाप | अदालत गएका | विचारधिन | जम्मा उजुरी संख्या |
| १. | जग्गा विवाद | ११ | २ | ८ | २५ *(४ वटा उजुरी डिसमिस भएको)* |
| २. | घरयासी विवाद (श्रीमान श्रीमती) | ४ | – | १ | ६ *(१ डिसमिस भएको)* |
| ३. | साँध सिमाना विवाद | १ | – | १ | २ |
| ४. | ज्याला विवाद | ४ | – | – | ४ |
| ५. | बाटो विवाद | २ | – | १ | ३ |
| ६. | घरभाडा विवाद | – | १ | १ | २ |
| ७. | आीर्थक लेनदेन | ५ | १ | – | ६ |
| ८. | जग्गा रोक्का/फुकुवा | १ | | २ | ३ |
| ९. | नागरिकता नबनाई लिएको विवाद | १ | | | १ |
| १०. | बलेसीको पानी सार्वजानिक जग्गामा झारेको विवाद | १ | | | १ |
| ११. | खानेपानी विवाद | | | १ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | गाली बेइज्जती/सामान्य कुटपिट | ५ | | | ५ |
| १३. | ज्येष्ठ नागरिकको पालन पोषण नगरेको सम्बन्धमा | २ | | | २ |
| **जम्मा** | | ३७ | ४ | १५ | ६१ |

## रोजगार सेवा केन्द्र

थाहा नगरपालिकामा आ. व. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम/रोजगार सेवा केन्द्रबाट कायान्वयन हुनेगरी आन्तरिक श्रोतको बजेटसमेत समावेश गरिएको थियो । संघीय सशर्त अनुदानबाट कुल ६४,००,०००।- (चौसट्टी लाख) बजेट बिनियोजन भएकोमा आन्तरिकतर्फ श्रम तथा रोजगार शाखाको लागि ४,००,०००।- (चार लाख) छुट्याइएको थियो । संघीय सशर्तबाट प्राप्त बजेटलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको आ. व. २०८०।८१ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम हुनेगरी कार्यान्वयन गरिएको थियो भने आन्तरिक श्रोतको निशर्त बजेटलाई थाहा नगरपालिकाको आन्तरिक रोजगारी एवम् मानव संसाधनको नक्शाङ्कनका लागि तय गरिएको थियो । दुबै (सशर्त र निशर्त) बजेटलाई थाहा नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका (रातो किताब)मा समावेश गरिएको थियो ।

### भौतिक प्रगति


थाहा नगरपालिकामा आ. व. २०८०।०८१ मा भौतिकतर्फ सत्प्रतिशत प्रगति देखिएको छ। सशर्त र निःशर्त सबै कार्यक्रमहरु सम्पन्न भएका छन्।

#### वित्तीय प्रगति

आर्थिक वर्ष २०८०।८१ मा थाहा नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत् कूल ९८ प्रतिशत वित्तीय प्रगति भएको छ। संघीय सशर्तका सबै कार्यक्रमहरु सम्पन्न हुँदा पनि खर्चमा मितव्ययिताका कारण वित्तीय प्रगति भौतिक प्रगतिको तुलनामा दुई प्रतिशतले कमी हुन गएको हो। वित्तीय प्रगतिलाई संघीय सशर्त नेपाल सरकार श्रोतको खर्च हेर्दा १००५ नै देखिएको छ भने आइडिए श्रोततर्फको खर्च केही कम देखिएको छ। आन्तरिकतर्फ पनि सय प्रतिशत नै खर्च देखिएको छ।

### सञ्चालित आयोजना र रोजगारीको विवरण

आर्थिक वर्ष २०८०।८१ मा जम्मा ७ वटा आयोजनाहरु सञ्चालन गरिएको थियो । जसमा सूचीकृत बेरोजगार ४९० जना व्यक्तिहरुमध्ये प्राथमिकतामा परेका ६५ जनालाई खटाइएको थियो । युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनाअन्तर्गत् ४० जना खटाइएकोमा ४० जनाले १०० दिनका दरले ४००० दिन काम गरेका थिए भने नेपाल सरकारतर्फ २५ जनालाई खटाइएको थियो। २५ जनामध्ये २४ जनाले १०० दिनका दरले कुल २४०० दिन काम गरेका थिए भने एक जनाले ११ दिनमात्र काम गरेका थिए । समग्रमा रोजगारी सिर्जनाअन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित आयोजनामा कूल ६५ जनाले ६४११ दिन काम गरेका छन् । विश्व बैंक




श्रोतबाट ३ वटा र नेपाल सरकार श्रोतबाट ४ वटा गरी कूल  ७ वटा आयोजनामा बेरोजगार व्यक्तिहरुलाई खटाइएको थियो।

रोजगारी सिर्जना अन्तर्गत् रोजगार आयोजना बैंकबाट आयोजना लिएर कार्यक्रम कार्यान्वयन गरिएको थियो। स्थानीय सरकार सञ्चालन ऐनबमोजिम वडाबाट नै योजना तर्जुमा भई आएका योजनाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कार्यान्वयन हुनेगरी आयोजना बैंक स्थापना गरिएको छ। आयोजना बैंकमा रहेका आयोजनाहरुमध्ये प्राथमिकताको आधारमा वडा कार्यालयहरुको सिफारिसमा बेरोजगार व्यक्तिहरुलाई पायक पर्नेगरी आयोजना छनोट गरी श्रमिकहरुलाई काममा खटाइएको थियो।


युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनाअन्तर्गत् ४० जनाले काम गरेकोमा औसत रोजगार दिन १०० मा १०० नै रहेको छ। त्यसैगरी नेपाल सरकार अनुदानतर्फ २५ जनाले काम गरेकोमा औसत रोजगारी दिन ९६.६६ रहेको तथ्याङ्कले देखाएको छ।




साउन-भदौ महिना थाहा नगरपालिकामा तरकारी खेती अत्याधिक मात्रामा हुने भएकोले रोजगारीका आयोजना सञ्चालन गर्न प्रायः कठीन हुने गर्दछ। त्यसैले आर्थिक वर्ष २०८०।८१ मा बेरोजगार व्यक्तिहरुले दशैंतिहार पछि नै काम गरेका थिए। काममा खटाइएका व्यक्तिहरुमध्ये ३७ जनाले कात्तिकबाट काम शुरु गरेका थिए भने ११ जनाले पुसबाट र १६ जनाले माघबाट  रोजगार आयोजनाको काम शुरु गरेका थिए। एक जनालाई २०८१ जेठमा १२ दिन काममा लगाइएको थियो।





आर्थिक वर्ष २०८०।८१ मा थाहा नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत् बेरोजगार व्यक्तिहरुले प्रतिदिन रु. ६८८।(छ सय अठासी) का दरले पारिश्रमिक पाएका थिए। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको दफा २७ मा श्रमिकको कामको वापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दरेटको ८० प्रतिशतले हुन आउने रकममध्ये जुन बढी हुन्छ, सोही दर कायम हुनेछ भन्ने उल्लेख छ। सोही दफाबमोजिम मकवानपुर जिल्लाको अदक्ष कामदारको ज्याला रु. ८६० रहेको र नेपाल सरकारले तोकेको ज्याला रु. ६६८ रहेकोमा स्थानीय दरेटको ८० प्रतिशत रकम नै बढी भएकोले रु. ६८८।- कायम गरिएको थियो। सो बमोजिम थाहा नगरपालिकामा बेरोजगार व्यक्तिहरुलाई रोजगारमूलक काममा खटिएवापत कुल ४४ लाख ११ हजार ४३ रुपिया भुक्तान गरिएको थियो। यसमा नेपाल सरकार अनुदान रु. १९,२२००० र आइडिए विश्व बैंक श्रोतबाट रु. २४,८९,०००।- भुक्तान गरिएको थियो।





लैङ्गिक कोणबाट हेर्दा थाहा नगरपालिकामा पुरुषको तुलनामा बढी महिलाहरुले रोजगारी प्राप्त गरेका छन्। आर्थिक वर्ष २०८०।८१ का लागि सूचीकृत कूल ४९० बेरोजगार व्यक्तिहरुमध्ये २६२ महिलाहरु थिए। पुरुषहरुको सङ्ख्या २२८ मात्र रहेको थियो। प्रतिशतमा महिलाहरु ५३ प्रतिशत र पुरुषहरु ४७ प्रतिशत थिए। रोजगारीमा खटिएका सङ्ख्या हेर्दा अधिकाँश महिलाहरु रहेको देखिएको छ। रोजगारीमा खटिएका/खटाइएका ६५ जनामध्ये ४८ जना महिलाहरु रहेका थिए जुन प्रतिशतका हिसाबले ७४ प्रतिशत हुन आउँछ। जम्मा २६ प्रतिशत पुरुषमात्र पारिश्रमिकमा आधारित रोजगार आयोजनामा खटिएका छन्। पुरुषको तुलनामा महिलाहरु लाभग्राहीको प्राथमिकतामा पर्ने र काम गर्ने बेलामा पनि पुरुषको तुलनामा महिलाहरु नै अघि सर्ने भएकोले महिलाहरुको सङ्ख्या अधिक देखिएको हो। थाहा नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट पुरुषको तुलनामा महिलालाई लाभ पुगेको छ।

जातीय आधारमा दृष्टिगोचर गर्दा थाहा नगरपालिकामा आर्थिक वर्ष २०८०|०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत् न्यूनतम रोजगार कार्यक्रममा अधिकाँश जनजातिको सहभागिता रह्यो । सूचीकृत बेरोजगारहरुको सङ्ख्याको अधिकाँश हिस्सा पनि जनजातिकै रहेको थियो । रोजगारीका लागि आयोजनामा खटिएका ६५ जना व्यक्तिहरुमध्ये ६० जना जनजातिका थिए। जनजातिमा पनि अधिकाँश तामाङ र गुरुङहरु रहेका छन् । बाँकी ५ जनामा ४ जना क्षेत्री र १ जना दलित जातिका बेरोजगार व्यक्तिहरुले काम गरेका थिए।




थाहा नगरपालिका पर्यटनका दृष्टिले महत्वपूर्ण नगरपालिका हो । पछिल्ला वर्षहरुमा यहाँ पदयात्राको क्रम बढेको छ । साथै नयाँ पदमार्गहरुको पहिचानसमेत हुन थालेको छ। यसै पृष्ठभूमिमा थाहा नगरपालिकामा प्रधानमनत्री रोजगार कार्यक्रमले पर्यटन प्रवर्धनमा टेवा पुग्नेगरी रोजगार आयोजनाहरु सञ्चालन गरेको छ।

थाहा नगरपालिकामा आ. व. २०८०|८१ मा सञ्चालित आयोजनाहरुमध्ये ४२ प्रतिशत पर्यटन प्रवर्द्धनसँग सम्बन्धित रहेको छ भने सामुदायिक पूर्वाधारसँग सम्बन्धित २९ प्रतिशत र सडक यातायातसँग सम्बन्धित २९ प्रतिशत रहेका छन्। यहाँ ७ वटा आयोजनाहरुमध्ये ३ वटा पर्यटन प्रवर्द्धनसँग सम्बन्धित आयोजनाहरु रहेका छन् । सामुदायिक पूर्वाधार र सडक यातायातसँग सम्बन्धित २/२ आयोजना सञ्चालन गरिएको छ।




यस आ. व. मा ऋषेश्वर मन्दिर पुग्ने परम्परागत प्राचीन मार्ग (शिखरकोटदेखि खोला हुँदै जाने बाटो) मर्मतसम्भार भई बर्खायाममा पनि सहजै मन्दिर पुग्न सकिनेगरी तयार गरिएको छ । मकवानपुरकै सबैभन्दा उच्च स्थल सीमभञ्याङबाट पनि ऋषेश्वरसम्मको पदमार्ग निर्माण गरिएको छ। त्यसैगरी ऐतिहासिक पालुङ गढीमा रोजगार आयोजना सञ्चालन गर्दा एकातिर रोजगार सिर्जना भएको छ भने अर्कोततर्फ पालुङ गढी पर्यटकीय क्षेत्रको विकास भएको छ । यहाँबाट उन्युचौरसम्मको पदमार्ग राष्ट्रिय रुपमै चर्चा कमाउन सफल भएको छ।

थाहा नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समग्र नगरको विकासमा सहयोगी कार्यक्रमको रुपमा लिइएको छ । यसले एकातिर रोजगारी सिर्जना गर्दछ भने अर्कातिर स-साना पूर्वाधार निर्माणमा सहयोग पुग्दछ । यहाँ नगरपालिका र वडा कार्यालयमा जनस्तरबाट अध्याधिक विकास निर्माणका माग आउने तर सीमित श्रोतको कारण सम्बोधन गर्न नसकिने वर्तमान परिप्रेक्ष्यमा वडा तथा नगर कार्यपालिकाले स-साना पूर्वाधारका आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सञ्चालन गर्नेगरी जनतालाई आस्वस्त पार्ने गरेको पाइन्छ। त्यस्ता कार्यक्रमहरु सञ्चालन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाबमोजिम रोजगारी सिर्जनाका लागि संघीय शसर्त अनुदानबाट प्राप्त रकमलाई श्रमिकको ज्यालामा मात्र खर्च गर्न सकिने भएकोले बाँकी औजार तथा अन्य निर्माण सामग्रीहरु खरिद गर्नुपर्ने भएमा वा दक्ष कामदारहरुको आवश्यकता पर्ने भएमा नगरपालिका र वडा कार्यालयहरु आफैले व्यवस्था गर्ने गरेका छन्।





आर्थिक वर्ष २०८०।८१ मा सञ्चालन भएका आयोजनाहरुमध्ये पालुङ गढीमा वडा कार्यालयबाट रु. १५ लाखको बजेट विनियोजन भई निर्माण सामग्री तथा दक्ष कामदारका लागि खर्च गरिएको थियो भने निर्माण सामग्री बाक्ने, दक्ष कामदारलाई सघाउने, निर्माण स्थल क्लियर गर्ने, झाडी सरसफाइ, माटो तान्ने, रंगरोगन गर्ने आदि अदक्ष श्रमिकले गर्ने कार्य प्रधानमन्त्री रोजगार कार्यक्रमबाट गरिएको थियो । त्यसैगरी शिखरकोट-ऋषेश्वर-समिभञ्ज्याङ पदमार्ग निर्माण तथा मर्मत्मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत् ८ जना बेरोजगार व्यक्तिहरुले १०० दिनका दरले काम गरेकोमा निर्माण सामग्री, कामदारलाई खाजा, दक्ष कामदारको ज्याला, हेरालुको व्यवस्था आदि वडा नं. ३ र ४ कार्यालयले गरेका थिए। यस कार्यमा उक्त वडाहरुले दुई/दुई लाख बजेट विनियोजन गरेका थिए।


नगरपालिकामा रोजगारका कार्यक्रमहरु सञ्चालन गर्दा नगरपालिका र वडा कार्यालयहरुको समेत साझेदारी हुन थालेपछि आयोजनाको दिगोपनामा काफी हदसम्म सघाउ पुगेको छ। यसरी साझेदारी हुँदा विकासमा स्थानीय तह र अझ वडा तहको अपनत्व देखिएको छ। वडा कार्यालयहरुले लागतमा मात्र होइन, काममा पनि साझेदारी गरेका छन् । जस्तोकि वडा नम्बर २ का जनप्रतिनिधिहरुले काम नसकिन्जेल नियमितरुपमा रोजगार कार्यक्रमका आयोजनास्थल पुग्न छाडेनन् । उनीहरुले स्थानीय बासिन्दालाई श्रमदानमा पनि खटाएका थिए। प्रधानमन्त्री रोजगार कार्यक्रमले होस्टे गर्दा जनप्रतिनिधिहरुले हैंसे गरे, अनि काम पनि राम्रो भयो र बेरोजगारहरुको चुलो पनि बल्यो। विकासको काम पछिसम्म टिक्ने भयो।

वडा नम्बर ५ मा वडा अध्यक्ष आफै रोजगार आयोजनास्थलमा खटिएका थिए। आयोजना स्थलमा खटाइएका २८ जना बेरोजगार व्यक्तिहरुको रोजगार उपभोक्ता समूह बनाएर उनीहरुको पनि ससाना समूह बनाई उपसमूहहरुको समेत नाइके बनाई काममा खटाउने काममा वडा अध्यक्षको भूमिका रहेको थियो। वडा नम्बर ३ र ४ मा दुई घण्टासम्म हिँडेर वडा अध्यक्षहरु दर्जनौंपटक आयोजना स्थल पुगेका थिए। वडा नम्बर ४ को सीमभञ्ज्याङ-ऋषेश्वर खण्डको पदमार्ग निर्माणमा स्थानीय बासिन्दालाई श्रमदानमा समेत लगाइएको थियो। वडा नम्बर १२ मा दुई जना बेरोजगार महिलाहरुको सहभागिता र वडा कार्यालयको सहकार्यमा स्लाब ढलानसहितको गोरेटो निर्माण गरिएको छ।

समग्रमा थाहा नगरपालिकामा सञ्चालित ७ वटा आयोजनाहरुमध्ये २ वटामा स्थानीय तहको लागत सहभागिता रहेको थियो। साथसाथै २ वटामा जनसहभागिता रहेको थियो। रोजगार सेवा केन्द्र, जनप्रतिनिधि, वडाका कर्मचारी, स्थानीय बासिन्दा, बेरोजगार व्यक्ति सबैको सहभागिता र सहकार्यबाट आयोजनाहरु सञ्चालन गरिएका थिए।

## प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत् सञ्चालित अन्य कार्यक्रमहरु र प्रगति

### रोजगारीको नक्शाङ्कन तथा पार्श्वचित्र निर्माण




आर्थिक वर्ष २०८०।८१ मा थाहा नगरपालिकामा पहिलोपटक आन्तरिक रोजगारीको नक्शाङ्कन गरिएको छ। यसअघि अघिल्लो आर्थिक वर्षमा वैदेशिक रोजगारीको पाश्वृचित्र तयार पारिएको थियो। समग्रमा नगरको रोजगारीको आवस्था समेटेर पार्श्वचित्र तयार पारिएको छ। य; पार्श्वचित्रले थाहा नगरपालिकाको रोजागारीको ढाँचाको समग्र परिदृश्य प्रतिबिम्बित गर्दछ। जसबाट यस क्षेत्रको वर्तमान अवस्था, अवसर, समस्या तथा सवालहरु पहिचान गरी उक्त समस्या तथा सवालहरुलाई समुचित ढंगले सम्बोधन गर्न मद्दत पुग्नेछ।

थाहा नगरपालिकाको वर्तमान रोजगारीको समग्र अवस्था, अवसर तथा सवालहरुको पहिचान गरी आन्तरिक रोजगारीको क्षेत्र प्रवर्द्धन, सेवा प्रवाहको लागि उचित नीति, योजना तथा रणनीतिहरु तर्जुमाको लागि तथ्यगत आधार निर्माण गर्ने उद्देश्यले नगरपालिकाको आन्तरिक श्रोततर्फको रु. ४ लाख बजेटबाट आन्तरिक रोजगारीको पार्श्वचित्र निर्माण गरिएको हो । आन्तरिक रोजगारीको

पार्श्वचित्रमा रोजगारीमा संलग्न जनसाङ्ख्यिक विवरण, रोजगारीको क्षेत्र, किसिम लगायत उक्त क्षेत्रको समस्या तथा सवालहरुको विवरणहरु सङ्कलन गरिएको छ। साथसाथै यस कार्यले थाहा नगरपालिकाभित्र रोजगारमा संलग्नताको लागि योग्य उमेर(१८-५९) समूहमा शैक्षिक योग्यताको अवस्था, प्राविधिक दक्ष नागरिकहरुको विवरण, व्यवसायिक तालिम र स्वरोजगारको अवस्थालाई समेत उजागर गरेको छ। स्वरोजगार व्यक्तिहरुले आफ्नो उद्यम/व्यवसायमार्फत् अन्य व्यक्तिहरुलाई दिइरहेको रोजगारीको अवस्थालाई समेत पार्श्वचित्रले समेटेको छ।

तथ्याङ्क सङ्कलनको लागि प्रत्येक वडाबाट एक जना गणकको छनोट गरी तोकिएको मितिभित्र वडा कार्यालयले थाहा नगरपालिकाको रोजगार सेवा केन्द्रमा सिफारिस गरी पठाएका थिए । वडाबाट सिफारिस भई आएका गणकहरुसँग उनीहरुले पाउने सेवा, सुविधा तथा शर्तसहित सम्झौता गरिएको थियो। आन्तरिक रोजगारीको समग्र पक्षलाई समेट्ने गरी प्रश्नावलीको निर्माण गरी उक्त प्रश्नावलीबमोजिम तथ्यांक सकलन प्रक्रिया अघि बढाइएको थियो । आन्तरिक र वैदेशिक रोजगारको आयामहरुको अवधारणागत स्पष्टता, प्रश्नावलीहरुको गहणता र तथ्याङ्क संकलन विधि, फिल्ड अभ्यास तथा प्रक्रिया लगायतका विषयवस्तुहरुमा साझा बुझाइ निर्माणको लागि गणकहरुलाई दुई दिने दिने तालिम प्रदान गर्नुका साथै फिल्ड अभ्यास समेत गरिएको थियो।




गणकहरुले स्वदेशमा नै रोजगारी गरिरहेका व्यक्तिहरुको घरमा नै पुगेर निर्धारित प्रश्नावली अनुसार परिवारको आधिकारिक सदस्यबाट सूचना तथा तथ्यांक संकलन गरिएको थियो। रोजगारीसम्बन्धी समग्र पक्षलाई समेटेर तयार गरिएको प्रश्नावलीलाई समावेश गरी छपाई गरिएको फारमको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरिएको थियो । गणकहरुद्वारा सम्बन्धित घरधुरी भ्रमण भए नभएको लगायतको विषयहरुको अनुगमन गरिएको थियो। तथ्यांक संकलनको लागि समग्र संयोजनको कार्य थाहा नगरपालिकाको रोजगार सेवा केन्द्रले गरेको थियो।

## श्रमको सम्मान राट्रको अभियान

नेपाल सरकारले श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी रणनीति २०७८ जारी गरेको छ । उक्त रणनीति अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमले आर्थिक वर्ष २०८०।८१ मा रोजगार सेवा केन्द्रबाट श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम तथा सञ्चार क्रियाकलाप सञ्चालन गर्न रु. ६०,०००।(साठी हजार) बजेट विनियोजन गरी पठाएको थियो । श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम तथा सञ्चार क्रियाकलाप सञ्चालन गर्ने सम्बन्धमा मन्त्रालयले गरेको निर्देशात्मक परिपत्रको आधारमा यस नगरपालिकामा क्रियाकलाप सञ्चालन गरिएको थियो।



उक्त कार्यक्रमबाट बेरोजगार व्यक्तिले न्यूनतम रोजगारीमा संलग्न हुन आवेदन दिएको, यस वर्ष अघिल्लो वर्षभन्दा २०० बढीले आवेदन दिएको जस्ता उपलब्धीहरु देखिएका छन् । साथसाथै विपन्न लक्षित योजना तर्जुमा प्रक्रियामा सहजीकरण हुनुका साथै सामाजिक संरक्षणको दायरा समेत अभिवृद्धि भएको छ। वास्तविक बेरोजगार व्यक्तिको न्यूनतम रोजगारीमा सहभागिता अभिवृद्धि र कार्यक्रमको उद्देश्यबमोजिम बेरोजगार व्यक्तिको चयन, उपयोगी पूर्वाधार निर्माणका लागि श्रोतको साझेदारीको प्रतिवद्धता यस कार्यक्रमको उपलधीको रुपमा रहेको छ।

## स्थानीय तहको रोजगार रणनीति तर्जुमाको थालनी

स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने कार्यमा सहयोग गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रायलयको मिति २०८०।०१।०७ को मा. मन्त्रीस्तरको निर्णयबाट स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० जारी भएको छ। उक्त मार्गदर्शनमा आधारित भई स्थानीय तहमा रोजगार रणनीति तर्जुमा गर्न मिति २०८०।०१।१०, च. नं. ४८० को पत्रबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् परिपत्र गरेको थियो। यसरी थाहा नगरपालिकामा नगरको समग्र आर्थिक विकास, रोजगारी सिर्जना तथा गरिवी न्यूनीकरणका लागि रोजगार रणनीति तर्जुमा गर्न प्रस्ताव तयार भई सोको स्वीकृतिसँगै प्रक्रिया अघि बढेको भए पनि आर्थिक वर्ष २०८०।८१ मा रोजगारीको तथ्याङ्क सङ्कलनमा बढी केन्द्रित भएकोले पूर्ण आकारमा स्थानीय रोजगार रणनीति तयार हुन सकेन।

थाहा नगरपालिकामा रोजगार रणनीति  तर्जुमा भई कार्यान्वयनमा आएमा संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुयाउँदै देहायका नतिजाहरु प्राप्त गर्न सक्षम हुने उद्देश्य लिइएको छ :

(क) स्थानीय तहमा रहेक सीप विकास, उद्यमशिलता र रोजगारीको तथ्यांक संकलन र विश्लेषण गरी अवसरको पहिचान गर्ने।

(ख) स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गर्ने।

(ग) श्रम बजारको माग बमोजिम जनशक्तिको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने।

(घ) स्थानीय तहमा दक्ष, प्रतिष्पर्धी र उद्यमशील मानवीय श्रोतको विकास गर्ने।

(ङ) स्थानीय तहबाट नागरिकलाई व्यवसायिक सीप विकास, रोजगारी प्रवर्धन, उत्पादनशील रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्धन, रोजगारीमा पदस्थापना, स्वरोजगारी, वैदेशिक रोजगारीमा जानेलाई दिइने सेवा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारवारिक रुपमा पुनर्स्थापना तथा पुनः एकीकरण लगायतका सेवा वा लगायतका एकीकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्ने।

स्थानीय तहको रोजगार रणनीतिको लागि थाहा नगरपालिकामा आ. व. २०८०।८१ मा सर्वेक्षकरुको परिचालन गरी मार्गदर्शनको अनुसूची-२ बमोजिम थाहा नगरपालिकामा रहेका रोजगारदातालाई श्रमिकको आपूर्ति तथा सीप र क्षमता विकासको माग सङ्कलनका बारेमा सर्वेक्षण र मार्गदर्शनको अनुसूची-३ बमोजिम थाहा नगरपालिकामा रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनका लागि केकस्ता क्षेत्रमा ध्यान दिनुपर्ने र कसरी स्थानीय तहको रोजगारी(स्वरोजगारीसहित) अभिवृद्धि गर्ने भन्ने विषयमा सरोकारवालाहरुको धारणा/सुझाव सङ्कलन गर्ने कार्य सम्पन्न भएको छ। त्यसको आधारमा तथ्याङ्कहरुको विश्लेषण गरी प्रस्तुतीकरण र सरोकारवालाहरुको छलफलको लागि तयारी गरिएको छ।

## श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको लागि सहजीकरण

वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली, २०६४ मा बैदेशिक रोजगारमा जाने कामदारले वैदेशिक रोजगारमा जानुपूर्व श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ। वैदेशिक रोजगारमा जान चाहने वा गएका व्यक्ति आफैले वैदेशिक रोजगार विभागद्वारा सञ्चालित www.feims.dofe.gov.np मा लगअन गरी श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको लागि अनलाइन आवेदन दिन सक्नेछन्।



यस कार्यलाई सहजीकरण गर्न नेपाल सरकारले स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई थप जिम्मेवारी दिएकोमा थाहा नगरपालिकामा यो सेवा गत २०८० बैशाख १ गतेदेखि नै सञ्चालन भइरहेको छ। आ. व. २०८०।८१ मा २५जनाले

पुनः श्रम स्वीकृतिका लागि सहजीकरण सेवा लिएका छन् । उनीहरुमध्ये २२ जना पुरुष र ३ जना महिला रहेका थिए ।

पुनः श्रम स्वीकृतिको लागि सिधै नगरपालिकाबाट नै स्टिकर प्रिन्ट हुनेगरी सेवा प्रदान गरिएको अवस्था छ भने श्रम स्वीकृतिका लागि अभिमुखीकरण, मेडिकल परीक्षण र बायोमेट्रिक समेत लिनु पर्ने भएकोले परामर्शसहित काठमाडौँस्थित बैदेशिक रोजगार कार्यालय पठाउने गरिएको छ । यसअघि भिजिट भिसामा गएर कम्पनीमा काम गरेका र नेपाल फर्किएर पुनः सोही देश वा कम्पनीमा काम गर्न जाँदा नयाँ श्रम स्वीकृति लिनुपर्ने भएकोले उनीहरुलाई समेत उचित परामर्श दिएर काठमाडौं पठाउने गरिएको छ ।

## बोर्डबाट उपलब्ध हुने आर्थिक सहायतामा सहजीकरण




थाहा नगरपालिकाले वैदेशिक रोजगारीमा रहेका व्यक्ति र परिवारको लागि वैदेशिक रोजगार बोर्डबाट उपलब्ध हुने सेवा तथा सुविधाका लागि अनलाइन प्रणाली https://fewims.feb.gov.np/ मा पहुँच स्थापित गरेको छ । जसको मद्दतबाट थाहा नगरपालिकाबाट वैदेशिक रोजगारको सन्दर्भमा शब झिकाउने, छात्रवृत्ति कार्यक्रम, शब ढुवानी, पारिवारिक स्वास्थ्य उपचार, विरामी र अंगभंग, उद्धार तथा खोजतलास, क्षतिपूर्ति आदिमा प्रणालीमार्फत् सहजीकरण हुँदै आएको छ । आर्थिक वर्ष २०८०।८१ मा यहाँबाट उद्धार तथा खोजतलासमा ५ जना, अंगभंगमा ४ जना र स्वास्थ्य उपचार सहयोगमा १ जनाको सहजीकरण भएको छ ।

## रोजगार संवाद मञ्चको सञ्चालन



थाहानगरको रोजगारीको सन्दर्भमा अन्तरक्रिया गर्न रोजगार संवाद मञ्चको सञ्चालन गर्न आवश्यक भएकोले संघीय सशर्त अनुदानबाट यो कार्यक्रम सञ्चालन गरिएको थियो । थाहा नगरपालिकाको हालको रोजगारीको अवस्था र भविष्यमा रोजगारी सिर्जना हुन सक्ने सम्भावनाहरुको बारेमा छलफल गर्न सञ्चालन गरिएको मञ्चमा रोजगार सेवा केन्द्रको तर्फबाट स्थानीय स्तरमा रोजगारीको अवस्था र भविष्यमा सिर्जना हुनसक्ने रोजगारीको सम्भावनाबारे प्रस्तुती गरिएको थियो भने सहभागीहरुले व्यवसाय सञ्चालन गर्दा भोग्नुपरेका समस्या, कठिनाइ, चुनौति, अवसर र सम्भावनाहरुको बारेमा आआफ्नो कुरा राखेका थिए । रोजगारदाताहरुले रोजगारीमा आउन चाहने युवाहरुले सबैभन्दा पहिले आफूमा सम्बन्धित कामको अनुभव, सीप, आत्मविश्वास, टिमवर्क, कार्यव्यवहार आदि हुनुपर्नेमा जोड दिएका थिए । पढेर मात्र हुँदैन, रोजगारीका लागि आवश्यक अन्य जीवनोपयोगी सीप पनि चाहिन्छ, त्यसका लागि युवाहरु आफै सक्रिय हुनुपर्छ, रोजगारदाताहरुको भनाइ रहेको थियो ।

कार्यक्रममा सहभागीहरुलाई थाहा नगरपालिकाको व्यवसाय दर्ता तथा करसम्बन्धी, कर सहुलियतसम्बन्धी व्यवस्था, उपलब्ध हुने रोजगारमूलक सेवाहरु आदिको बारेमा स्पष्ट पारिएको थियो । साथै थाहा नगरपालिकामा सञ्चालन शुरु गरिएको अल्लोको कपडा उत्पादन गर्ने व्यवसाय प्रवर्द्धनको लागि उत्पादन स्थलको अभावको बारेमा छलफल हुँदा यसमा सबैको चासो हुनुपर्नेमा जोड दिइएको थियो । सहभागीहरुले नियमितरुपमा थाहा नगरपालिकाको शाखाहरुसँग सम्पर्कमा रहने बताएका थिए । सहभागी उद्यमीहरुले प्रविधि प्राप्तिका लागि प्रदेश सरकारले जारी गर्ने सुचनाप्रति अब चनाखो हुने बताएका थिए । उद्यमी सहभागीहरुलाई व्यवसायबाट नाफा भइरहेको छैन भने विशेष ढंगले विश्लेषण गरी व्यवसायको निरन्तरता वा व्यवसाय परिवर्तनको निर्णय गर्न सुझाइएको थियो ।

## लघु उधम विकास कार्यक्रम (मेड्पा)



- लघु उद्यम विकास कार्यक्रम अन्तर्गत् आर्थिक वर्ष २०८०।८१ मा थाहा नगरपालिका वडा नं. ५ मा २९ जनालाई ८ दिनको उद्यमशिलता तालिम प्रदान गरिएको छ।
- थाहा ५ मा १० जना सहभागीहरुलाई १० दिनको बाँसको मुढा तथा च्याक बनाउने तालिम सञ्चालन गरियो।
- गत आ.व. २०७९।८० मा अचार बनाउने सिप विकास तालिम लिएका थाहा ३ का ७ जना लघु उद्यमी महिलाहरुलाई ३ दिनको अचार बनाउनेसम्बन्धी स्तरोन्नति तालिम प्रदान गरिएको छ।
- थाहा ५ मा १४ जना महिलाहरुलाई ३ महिनाको सिलाइकटाइसम्बन्धी आधारभूत तालिम दिइएको छ।
- गरिबी निवारणको लागि लघु उघम विकास अन्तर्गतको सम्भाव्य उत्पादनको उत्पादकत्व र बजारको प्रतिस्पर्धा वृद्धि गर्नका लागि समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम सम्पन्न गरिएको छ। जसअन्तर्गत् आ व २०७९।८०मा अल्लोको कपडा बनाउने





थाहा ३ का १० जना उघमीहरु आवद्ध दामन महिला अल्लो ह्याण्डीक्राफ्ट लघु उघमी समूहलाई प्रविधि हस्तान्तरण गरिएको छ।

- अघिल्लो वर्ष डलकुशनको आधारभूत तालिम लिएका थाहा ३ का ७ जना महिलाहरुलाई १० दिनको डलकुशन बनाउनेसम्बन्धी स्तरोन्नति तालिम सम्पन्न गरिएको छ।

## सुरक्षित आप्रवासन(सामी) कार्यक्रम





| सि.नं. | क्रियाकलाप | उपलब्धी | कैफियत |
|---|---|---|---|
| १ | वित्तीय साक्षरता समूह गठन | ४ | |
| २ | कक्षा सुरु भएका समूहहरुको संख्या | ४ | |
| ३ | आधारभूत सर्वेक्षण फारम अनुसार वेववेसमा ईन्ट्री गरेको (बेसलाईन फर्म) संख्या | १०० | |
| ४ | कक्षा अनुगमनः बित्तीय साक्षरता क्षेत्रीय संयोजकबाट | २ | |
| ५ | अन्य अनुगमनः  बित्तीय साक्षरता क्षेत्रीय संयोजकबाट प्राबिधिक सहयोग र अन्य गतिविधिहरूको लागि | २ | |
| ६ | कक्षा अनुगमनः थाहा नगरपालिका | २ | |
| ८ | औषत कक्षा समापन | २१ | |
| ९ | बित्तीय साक्षरता समुहलाई प्रमाणपत्र वितरण | २०० | |
| १० | अन्य संस्थाबाट बित्तीय साक्षरता कार्यक्रम संचालन | २ | |
| ११ | अन्तिम रेखा सर्वेक्षण फारम अनुसार वेब इन्ट्रि | १०० | ^ |
| १२ | समुदाय र गहन अभिमुखिकरण कार्यक्रम | ६ | |
| १२ | आप्रवासी संजाल अभिमुखिकरण कार्यक्रम | १ | |
| १३ | वै.रो मनोसामाजिक परामर्श सेवाप्रवाह | ३२ | |
| १४ | नयाँ सूचना | १५०० | |
| १५ | फलोअप | ७५० | |
| १६ | उद्दार केश | २१ | |
| १७ | नेपाल झिकाएको केश स्थानीय सरकार समन्वयबाट | ९ | |
| १८ | आप्रवासी संजाल गठन | १ | |
| १९ | मनोसामाजिक परामर्श कक्षा सञ्चालन | ५ | |
| २० | पशु , स्वास्थ्य, बाली र जीवन बीमा सम्बन्धी अभिमुखिकरण कार्यक्रम | ४(समुह) | |
| २१ | सरोकारवालासंगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम | २ | |
| २२ | स्थानीय व्यवस्थापन समिति बैठक | २ | |
| २३ | मनोसामाजिक समस्या भएका आर्थिक अवस्था कमजोर रहेका व्यक्तिलाई उपचार खर्च बापत आर्थिक सहयोग | २ जना | |





## नगर प्रहरी



थाहा नगरपालिकामा पहिलो पटा आर्थिक वर्ष २०८०/०८१ मा नगर प्रहरी राखिएको छ। प्रहरीको भिन्दै युनिट नै बनाइ सेवा प्रवाह भइरहेको छ। विपद व्यवस्थापन सहितको काम गर्ने गरी नगर प्रहरीले काम गर्दै आएको छ।

थाहा नगरपालिकामा आर्थिक वर्ष २०८०/०८१ बाट नगर प्रहरी नियुक्ति गरिएको छ। अ.स.इ. को नेतृत्वमा रहेको प्रहरी युनिटमा १० जना रहेका छन्। नगरपालिका क्षेत्रको विपद व्यवस्थापन, बजार अनुगमनलगायतको कार्यमा नगर प्रहरी मार्फत सहयोग हुने गरेको छ।

## आगलागी नियन्त्रण सम्बन्धी कार्य

क. नगर प्रहरीको स्थापनादेखि हालसम्म थाहा नगरको बिभिन्न वडाहरुमा गरेर जम्मा १८ पटक यस थाहा नगर प्रहरी टोलीले आगलागी नियन्त्रण गरेको छ।

ख. आगोलागी नियन्त्रणमा चुस्त दुरुस्त कार्य गर्न बेला बेलामा पायर फाईटिङको अभ्यास, डेमो गर्ने गरेको।

ग. प्रत्येक महिना फायर फईटिङका सामानहरुको inspection गर्ने गरेको।

घ. कार्यालय भित्र रहेको fire extinguisher को मासिक inspection गर्ने गरेको।

ङ. वन तथा डडेलो नियन्त्रण गर्न गाउ तथा टोल आदिमा सुचना बजाउने कार्य गरेको।

## वडागत आगलागी सम्बन्धी घटनाको विवरण:

| वडा नम्बर | विवरण | क्षति | घटनाको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | घर आगालगी भई क्षति भएको | घर पूर्ण रुपमा क्षति भएको | विद्युत सर्ट | |
| १ | सामुदायक बनमा लागेको डढेलो | आंशिक रुपमा क्षेति भएको | नजिकैको बारीमा बालेको आगोलागेको | |
| २ | बारीमा लागेको डढेलो | क्षेति नभएको | घासको लागि लगाएको आगो | |
| ३ | घर आगोलागि | आंशिकरुपमा क्षेति भएको | गोठमा बालेको आगो सल्किएको | |

| | | | | |
|---|---|---|---|---|
| ४ | सामुदायक बनमा लागेको डढेलो | आंशिक रुपमा बोट बिरुवाहरु क्षेति भएको | नजिकैको बारीमा बालेको आगो हावाले उडाएर लागेको | सबैभन्दा लामो समयसम्म लागेको डढेलो |
| ७ | बनमा लागेको डढेलो | वडा कार्यालय क्षेति भएको | घासको लागि लगाएको आगो | |
| ९ | नजिकैको बारीमा बालेको आगो सरेको | साधारण बोटबिरुवाहरु क्षेति भएको | जथाभावि आगो बाल्नाले | |
| ११ | बनमा लागेको डढेलो | साधारण बोटबिरुवाहरु क्षेति भएको | साधारण बोटबिरुवाहरु क्षेति भएको | |

## विपद व्यवस्थापन

क. यस नगर प्रहरीले एक बर्षमा बिभिन्न ठाउँमा गरेर २ पटक बिपत ब्यवस्थापन सम्बधि कार्य गरेको छ।

ख. विभिन्न ठाउमा बर्षाको कारण बन्द भएको आवागमनलाई सुचारु गर्ने कार्य गरेको।

## वन तथा वातावरण संरक्षण

क. बातावरण दिवसको अवसरमा छोडेका माछाका भुरा संरक्षणको लागि खोलाहरुमा प्रहरी गस्ती लाई बढाएको।

ख. खोलामा बल्छी थाप्ने भाडा थापेर माछा मार्नेहरुलाई नियन्त्रणमा लिई उनिहरुको सामान सहित जफत गर्ने गरेको।

ग. असला माछा संरक्षणको लागि गुनासाको आधारमा तुरुन्त काम गर्ने गरेको।

घ. वडा नं २ मा पर्ने थाहा पार्कमा बिश्व बातावरण दिवस बृक्षरोपन गर्ने काम गरेको।

ङ. उक्त पार्कमा बेला बेलामा पार्कको अनुगमन र बृक्षरोपन गरियको बिरुवाहरु लाई मलजल गर्ने कार्य गरेको।

च. बजार ब्यवस्थापन समिति र स्थानियहरुको समन्वय र सहकार्यमा सरसफाई कार्यक्रम गर्ने गरेको।

## नगर प्रहरीको आन्तरिक र बाह्य सुरक्षा सम्बन्धी

क. कार्यालयको गेटमा प्रहरी पोसाकमा ड्युटी गर्ने गरेको।

ख. बिहानको समयमा कार्यालयको गेटमा नगर प्रहरी पोसाकमा ड्युटी गर्ने गरेको।

ग. रातीको समयमा नगर प्रहरी हवल्दारको कमाण्डमा गस्ती गर्ने गरेको।

घ. नगर सभा,कार्यपालिका बैठक आदिमा सुरक्षा प्रदान गर्ने गरेको।

ङ. नगरको बिभिन्न कार्यक्रमहरुमा सुरक्षा दिने गरेको।

च. न्यायिक समितिको बैठक बसेको समयमा आन्तरिक सुरक्षा प्रदान गर्ने।

छ. नगरबासीको सुरक्षाका लागि २४ घण्टा स्टाण्डबाइ सेवा प्रवाह गर्ने गरेको।

ज. सार्बजनिक कार्यक्रमहरुमा नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको सुरक्षालाई मध्यनजर गरी कार्य गर्ने गरेको।

झ. नगर तथा विभिन्न वडाहरुले सञ्चालन गरेको विभिन्न शिविरहरुमा सहजीकरण र सुरक्षा प्रदान गर्ने गरेको।

## राजस्व तथा कर सम्बन्धी

क. अनधिकृत रुपमा भएका उत्खलनलाई रोकी कार्यालयको निर्देशन अनुसार कार्य गर्ने गरेको ।

ख. ढुङ्गा,गिट्टी,बालुवा आदिको चेकजाँच गरी नियमअनुसार करको दायरामा ल्याउने काम गरेको ।

ग. नयाँ ब्यवसायलाई दर्ता र नवीकरणको लागि पहल गर्ने गरेको ।

घ. नगर भित्रका घुमन्ते ब्यवसाय गर्नेको रेर्कड राखी म्याद नाघेकालाई फोनबाट जानकारी गराई करको दायरामा ल्याउने काम गरेको ।

ङ. बाहिरबाट सामान बेच्न आएका घुमन्ते ब्यपारीहरुको सामानको गुणस्तर चेक गरी राजस्व तिर्न लगाउने कार्य गरेको ।

## बजार अनुगमन सम्बन्धी

क. प्रत्येक दिन नगर प्रहरीबाट बजार अनुगमन गर्ने गरेको ।

ख. स्थानीयको गुनासाको आधारमा सम्बन्धित ठाउँमा पगेर कार्य गर्ने गरेको ।

ग. होटल तथा मासु पसलहरुको गुणस्तर र सरसफाइ चेक गर्ने कार्य गरेको ।

घ. घुमन्ते ब्यवसायीहरुको सामानको गुणस्तर चेकजाँच गर्ने गरेको ।

ङ. चाडपर्वलाई लक्षित गरी मिठाई तथा फलफूल पसलहरुमा अनुगमन गर्ने गरेको ।

## क्षमता विकास

क. प्रत्येक तीनतीन महिनामा फिजिकल टेस्ट गर्ने गरेको ।

ख. प्रत्येक छ महिनामा पुनर्ताजगी तालिम गर्ने गरेको ।

ग. नगर प्रहरीको अनुशासनलाई कायम राख्न हप्ताको दुई पटक न.प्र.स.नि बाट रोलकल गर्ने गरेको ।

घ. प्रत्यक महिनामा आफूले गरेको कामको समिक्षा गर्ने गरेको ।

ङ. प्रत्येक गस्ती जानुभन्दा पहिले नेपाल प्रहरीसंग समन्वय गरी कार्य गर्ने गरेको ।

च. नगर प्रहरीले गरेका कामको बारेमा थाहा नगर प्रहरी फेसबुक पेज मार्फत् सबैमा जानकारी गराउने गरेको ।

छ. प्रत्यक दिन कार्यालय पेरिमिटर सरसफाई गर्ने गरेको ।

ज. महिनाको एक पटक कार्यालय पेरिमिटरमा रोपेका बोटबिरुवाहरुको गोडमेल गर्ने गरेको ।

झ. नगरपालिकाबाट संचालन भएको बिभिन्न खेलकुदका कार्यक्रमहरुमा सहयोग र सहजीकरण गर्ने गरेको ।

ञ. नगर प्रहरीको हरेक काम कारबाहीको रेकर्ड राख्ने गरेको ।

ट. नगर प्रहरीको अनुशासन तथा आचरणको नियमन गर्ने गरेको ।

## सार्बजनिक सम्पत्ति सम्बन्धी

क. प्रत्यक महिनाको दुईपटक स्थानिय स्तरमा भएको मन्दिरको सरसफाई गरी फेसबुकमार्फत् सबैमा जानकारी गराउने गरेको ।

ख. सार्वजनिक सम्पत्ति माथि पूर्णरुपमा निगरानी गर्ने गरेको ।

ग. बिभिन्न ठाउमा अस्तव्यस्त रहेका नगरपालिकाको सम्पत्तिको खोजी गरी त्यसको संरक्षण तथा सदुपयोग गर्ने गरी काम गरेको ।

घ. सार्वजनिक  सम्पत्तिको प्रयोग गरी भइरहेको अनैतिक गतिविधिहरुलाई तत्काल रोक्ने कार्य गरेको ।

ङ. नगरपालिकाभित्र देखिएका कामहरुको प्रतिबेदन बनाई पेश गर्ने गरेको ।

## ढल निकास सम्बन्धी

क. नगरभित्र रहेका अव्यवसथित ढलहरुको पहिचान गरी रेर्कड राख्ने काम गरेको ।

ख. अब्यवसथित ढलको बारेमा नगरको बजार क्षेत्रमा माइकिङ गरी सूचना गर्ने कार्य गरेको ।

ग. बर्षाको समयमा पानीसँगै ढल छोड्ने गरेकोले नगर प्रहरीबाट नियमित रुपमा अनुगमन गर्ने गरेको ।

## बजार ब्यवस्थापन सम्बन्धी

क. बजार ब्यवस्थापन समितिसंग सहकार्य गरी मोटरसाइकल पार्किङको ब्यवस्था गरेको ।

ख. बजार क्षेत्रमा नियमित गस्ती गर्ने गरेको ।

ग. बजार क्षेत्रमा अव्यवस्थित रुपमा राखिएको मदिराजन्य होडिङ बोर्डहरु हटाउने कार्य गरेको ।

घ. चाडपर्बमा बजार क्षेत्र अस्तव्यस्त हुनेगरी राखिएका सामानहरु तत्काल हटाउने कार्य गरेको ।

ङ. बजार क्षेत्रको सडकमा राखिएको निर्माणका सामाग्रीहरु तत्काल हटाइएको ।

च. नगर प्रहरी गस्तीको साथै मोटर साइकल पार्किङको अनुगमन गर्ने गरेको ।

## सुधार गर्नुपर्ने पक्षहरु

क. बजार अनुगमन गर्दा एउटै पसलमा धैरै प्रकृतिका सामानहरु बेच्ने गरेको ।

ख. ग्रामिण क्षेत्रमा कुखुरा, हाँस जस्ता पशुपंक्षिहरु छाडा सडकमा छोडी पाल्ने गरेको जसले गर्दा सडक दुर्घटनाको जोखिम बढाउने गरेको ।

ग. बजार क्षेत्रका केही ब्यवसायीहरु बारम्बार सम्झाउँदा पनि ब्यवसाय दर्ता गर्न अटेर गर्ने गरेको पाइएको छ ।

घ. वडा नं ३ मा पर्ने सडकको केही टर्निङ साघुरो भई सडक दुर्घटना समेत हुने गरेकोले उक सडकका मोडहरु तत्काल बढाउनुपर्ने देखिन्छ ।

ङ. खेतीपातीमा प्रयोग गर्ने बिषधीहरुको खोल, मल्चिङका प्लास्टिकहरु जथाभावी  खोलामा फाल्ने गरेकोले उक प्लास्टिकजन्य फोहोर फाल्ने माथि जरिवानाको ब्यवस्था गर्नुपर्ने देखिन्छ ।

च. थाहा नगरमा स्थानीय तथा बाह्य तरकारी ब्यापारीहरुले मनोमानी ढंगबाट तरकारीको बजार भाउ तोक्ने गरेको र  बिचौलियाहरु बढेको भनी जनगुनासाहरु बारम्बार आइरहेकाले उक्त ब्यापारीहरु माथि अनुगमन र्गनुपर्ने देखिन्छ ।

छ. नगरपालिकामा दर्ता नभई संचालान भएका अटो ब्यवसायीहरुलाई तत्काल जरिवानाको ब्यवस्था गर्नुर्पने देखिन्छ ।

ज. सार्वजनिक एरियामा खुल्ला चरिचरण रहेकोले यसलाई तत्काल रोक्नुपर्ने देखिन्छ ।

## थाहा नगरपालिका वडागत प्रगति विवरण:

थाहा नगरपालिकामा १२ वटा वडा कार्यालयहरु रहेका छन् । पालिका अन्तर्गतका १२ वटै वडाका आफ्नै भवनहरुबाट सेवा प्रवाह भैरहेको छ । प्रत्येक वडामा अ. सव-इन्जिनियरहरुको व्यवस्था गरिएको छ भने प्रत्येक २ वटा वडा कार्यक्षेत्र रहने गरी एक/एक जना सव इन्जिनियरहरुको व्यवस्था गरिएको छ । प्रत्येक २ वटा वडा कार्यक्षेत्र रहने गरी कृषि र पशु विकासका प्राविधिक जनशक्ति समेत वडा कार्यालयमै व्यवस्था गरिएको छ । वार्षिक स्वीकृत कार्यक्रम अनुसार आर्थिक वर्ष २०८०/०८१ का ५ लाखसम्मका योजनाहरु वडाबाटै सम्झौता गरी कार्यान्वयन गरिएको छ ।

### थाहा नगरपालिका वडा नम्बर-१

#### सेवाप्रवाह सम्बन्धी कार्य:

| सिफारिस सम्बन्धी विवरण (संख्या) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नम्बर** | नयाँ नागरिकता | प्रतिलिपी नागरिकता | चार किल्ला प्रमाणित | घरबाटो सिफारिस | नाता प्रमाणित | आम्दानी खर्च प्रमाणित | अंग्रेजीमा सिफारिस | जग्गा नामसारी सिफारिस | विद्युत मिटर सिफारिस | व्यवसाय दर्ता सिफारिस | अन्य सिफारिस |
| १ | ७९ | ६३ | ९३ | ८८ | ४२ | ६३ | १९१ | १२ | ५ | ९ | ८१५ |

#### दर्ता चलानी संख्या

| वडा नम्बर | पत्र दर्ता संख्या | पत्र चलानी संख्या |
|---|---|---|
| १ | १२३० | १३०९ |

#### सुसासन सम्बन्धी भएका कार्यहरु:

- सेवाग्राहीहरुको कार्य छिटोछरितो सम्पादन भएको,
- वडाबाट फाटोकपी र निवेदनहरु उपलब्ध गराउने गरिएको,
- सेवाग्राहीहरुको गुनासोहरु सुनुवाई भएको ।

#### शाखाबाट अनुकरणीय कार्यहरु :

- नयाँ बस्ती आधारभुत स्वास्थ्य केन्द्रमा नियमित स्वास्थ्य जाँच गराउने गर्भवती महिलाहरु लाई रेफर गरेर अन्य अस्पताल लैजानु पर्ने भएमा वडाबाट एम्बुलेन्स भाडा वापत रु. ५,०००/- उपलब्ध गराएको,
- ऐतिहासिक बाह्र वर्षे कुन्छाल सांस्कृतिक नाच र झम्केश्वर महादेव पार्वता जात्रा सम्पन्न भएको,
- छिटो काम, शत प्रतिशत काम सम्पन्न गर्ने उपभोक्ता समिति पदाधिकारीहरुलाई सम्मान कार्यक्रम गरिएको,
- कुलगाउँ महिला बासुरी समुहलाई क्षमता अभिवृद्धि तालिम अन्तर्गत बासुरी तालिम सञ्चालन गरिएको,
- सुनौला सामुदायिक सिकाई केन्द्रमा कर्मचारी व्यवस्थापन गरी सेवा दिइएको ।

## थाहा नगरपालिका वडा नम्बर-२

### सेवाप्रवाह सम्बन्धी कार्य:

| क्र.सं. | विवरण | कूल संख्या | कै. |
|---|---|---|---|
| १. | घरबाटो सिफारिस | ८२ | |
| २. | चार किल्ला सिफारिस | ७२ | |
| ३. | जग्गा नामसारी सिफारिस | १९ | |
| ४. | नागरिकता सिफारिस | ११४ | |
| ५. | नागरिकता प्रतिलिपि सिफारिस | १०० | |
| ६. | नाता प्रमाणित सिफारिस | ६२ | |
| ७. | अग्रेजी सिफारिस | ४०० | |
| ८. | विद्युत मिटर सिफारिस | १२ | |
| ९. | आम्दानी  खर्च प्रमाणित | ४७ | |
| १०. | अन्य | ८६६ | |

### दर्ता तथा चलानी सम्बन्धी विवरण

| वडा नं. | चलानी संख्या | दर्ता संख्या | कै. |
|---|---|---|---|
| २ | १५६० | १३५२ | |

### साझेदारी कार्यक्रम सम्बन्धी विवरण

- आ.व. ०८०।०८१ मा वडा कार्यालयको पहलमा थाहा नगरपालिका कृषि शाखा तथा वडा कार्यालयको संयुक्त लगानी ५० प्रतिशत (कूल रु. ५ लाख ९९ हजार मात्र ) मा थप कृषकको ५० प्रतिशतको अनुदानमा कृषि सामाग्री यसै टोलबासी कृषकहरुलाई नगर प्रमुख ज्यूको अध्यक्षतामा वितरण कार्यक्रम सम्पन्न गरिएको ।

### अनुकरणीय कार्यहरु

- वडा कार्यालयको खर्चमा यस वडाका ४ विद्यालय मध्ये २ विद्यालय (मत्स्य नारायण मा.वि.र सरस्वति आ.वि.) मा सि.सि.टिभी क्यामरा जडान गरिएको,
- वडा कार्यालयको खर्चमा यस वडावासी जेष्ठ नागरिकहरुलाई चियापान कार्यक्रम सम्पन्न गरिएको,
- अनिवार्य तथा निशुल्क शिक्षा वडा घोषणा गरिएको,
- आर्थिक विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रावृत्ति कार्यक्रम सम्पन्न गरिएको,

## थाहा नगरपालिका वडा नंम्बर–३

### सिफारिस सम्बन्धी विवरण

| क्र.सं. | विवरण | कूल संख्या | कै. |
|---|---|---|---|
| १. | घरबाटो सिफारिस | १०० | |
| २. | चार किल्ला सिफारिस | १२० | |
| ३. | घरजग्गा नामसारी सिफारिस | १५ | |
| ४. | नागरिकता सिफारिस | ७७ | |
| ५. | नागरिकता प्रतिलिपि सिफारिस | ८९ | |
| ६. | नाता प्रमाणित सिफारिस | ८० | |
| ७. | अन्य | १३५१ | |
| | जम्मा | १७६९ | |

### दर्ता तथा चलानी सम्बन्धी विवरण

| क्र.सं. | चलानी संख्या | दर्ता संख्या | कै. |
|---|---|---|---|
| १. | १७६९ | ४४७ | |

### आ.व. ०८०।०८१ मा भौतिक पूर्वाधार बाहेक अन्य कार्यक्रमहरु:

- ९० थान प्लास्टिक टनेल,
- ७५ थान स्प्रेयर पम्प
- २१ थान मिनिटिलर ट्र्याक्टर वितरण, जनकल्याण माध्यमिक विद्यालयका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई ८,५००। का दरले नगद छात्रवृत्ति वितरण तथा जनता प्रा.वि र सेती गणेश आधारभुत विद्यालयको जम्मा ८६ विद्यार्थीहरुलाई छात्रवृत्तिको रुपमा विद्यालय पोसाक वितरण गरिएको ।

### गैरसरकारी सँस्थाहरुको सहकार्यमा भएको राम्रो काम:

- पाटन स्वास्थ्य विज्ञान प्रतिस्थानकोद्धारा संचालित प्रशामक सेवा केन्द्रसँग सहकार्य गरि वडा न. ३ मा रहेका दम रोगी तथा अपांगता भएका व्यक्तिहरुलाई अक्सिजन कन्सन्ट्रेटर तथा हिलचेयर प्रदान गरिएको ।

### वडा कार्यालयका अनुकरणीय कार्यहरु

- पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको आकस्मिक कोठामा वडा कार्यालयको बजेटबाट ए.सी. जडान गरिएको,
- स्वास्थ्य प्रवर्द्धन शीर्षकबाट वडा न. ३ का सुत्केरी महिलाहरुलाई पोषण सामग्री वितरण गरिएको,
- थाहा नगरपालिका वडा न. ३ को सार्वजनिक जग्गा नापजाँच गरी संरक्षण गरिएको,
  - थाहा नगरपालिका वडा न. ३ र प्रदेश युवा परिषदसंग सहकार्य गरी महिलाहरुलाई गाँजा र अल्लोबाट कपडा बनाउने तालिम दिई २० जना महिलालाई दक्ष जनशक्तिको रुपमा उत्पादन गरिएको ।

## थाहा नगरपालिका वडा नंम्बर-४

### सिफारिस सम्बन्धी विवरण

| वडा नं | नयाँ नागरिकता | प्रतिलिपि नागरिकता | चार किल्ला प्रमाणित | घरबाटो प्रमाणित | नाता प्रमाणित | आम्दानी खर्च प्रमाणि | अँग्रेजीमा सिफारिस | जग्गा नामसारी सिफारिस | विधुत मिटर सिफारिस | अन्य सिफारिस |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ८५ | ६६ | ५९ | ६१ | ३५ | ४९ | ४८ | १८ | १७ | ७७५ |

### वडा कार्यालयबाट भएका अन्य कार्यहरु

क. थाहा नगरपालिका वडा नं ४ स्थित दामन शहरी स्वास्थ्य केन्द्रबाट प्रत्येक महिनाको पहिलो हप्ताको आइतबार अनलाईन घटना दर्ता गर्ने कार्यक्रम सञ्चालन गरेको,

ख. अपाङ्गता भएका व्यक्तिलाई घरैमा परिचय पत्र वितरण गर्ने कार्यक्रम अन्तर्गत दुई जना व्यक्तिहरु ओम बहादुर घले र देविका बि.क.लाई घरैमा गई अपाङ्ग परिचय पत्र वितरण गरिएको,

ग. वडा कार्यालयकै सहयोगमा अपाङ्गता भएका दुई जना व्यक्तिहरु ओम बहादुर घले र प्रज्वल अधिकारीलाई सम्बन्धित जिल्ला प्रशसान कार्यालय मकवानपुरमा लगि नागरिकता प्राप्तीको काम गरेको,

घ. वडा भित्र रहेको तिन वटा सामुदायिक विद्यालयहरुमा अध्ययनरत जम्मा ११७ जना विद्यार्थीहरुलाई न्यानो कपडा वितरण कार्यक्रम अन्तर्गत १ थान ट्र्याक सुट वितरण गरिएको,

ङ. ६० जना कृषकहरुलाई अनुदानमा प्लाष्टिकको टनेल बितरण गरिएको ।

## थाहा नगरपालिका वडा नं. ५

### सेवाप्रवाह सम्बन्धी कार्यः

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १ | पत्र दर्ता संख्या | ६७० |
| २ | पत्र चलानी संख्या | ६५८ |
| ३ | दर्ता भएका कृषि फर्म | ३३ |
| ४ | दर्ता भएका पशुफर्म | २४ |
| ५ | दर्ता भएको कृषि तथा पशुपंक्षि समूह | ७ |
| ६ | दर्ता भएका टोल बिकास समिति | ४ |
| ७ | बजार ब्यबबस्थापन समिति | ० |

### उपलब्धीहरुः

#### सडक यातायात तर्फ

- ५ नं. वडा विकट भौगोलिक अवस्थाको वाबजुत पनि संघ, प्रदेश तथा स्थानीय तहको तर्फबाट साना ठूला गरी १७ वटा सडकहरुको स्तरोन्नत्री गर्ने कार्य सम्पन्न भइ करिब २ तिहाई सडकहरुमा बाह्रै महिना सवारी साधनहरु संचालन गर्न सकिने भएकोछ।
- सडक स्तरोन्नत्तीबाट कृषकहरुले आफ्नो कृषि उत्पादन सहज रुपमा बिक्री गर्न पाएकाछन भने वडाबासी हरुले आफ्नो दैनिक जीवनयापन गर्न आबश्यक सरसामानहरु सहज रुपमा ढुवानी गर्न सहज,

#### अन्य भौतिक पूर्वाधार निर्माण तर्फ

- दुर्ठो लुङतेन इयाछोन गुम्बा पूर्वाधार निर्माण अन्तर्गत आरसिसी फाउण्डेशन निर्माण गरी १८ वटा पिल्लर र बिम निर्माण कार्य सम्पन्न भएको छ भने उक्त गुम्बाको D.P.R. अनुसार अन्तिम निर्माण कार्य सम्म बाग्मति प्रदेश सरकार र संघिय सरकार समेत बाट बजेट प्राप्तहुने आश्वासन समेतले निकट भबिष्यमै गुम्बा निर्माण सम्पन्न हुने अपेक्षा गरिएको छ।
- ५ नं. वडाको पर्यटकिय क्षेत्र मोहिनी झरनाको मास्टर प्लान गर्ने कार्य सम्पन्न भएको छ।
- तसर स्थित कालेदेवी मन्दिर पुननिर्माणका लागि मास्टर प्लान गर्ने कार्य सम्पन्न भएको छ।
- गहते खोला खर्क र माखु खोलामा मोटरेवल पुल निर्माणका लागि D.P.R. सम्पन्न भई निर्माण सम्झौताका लागि संघीय सरकारबाट केहि बजेट समेत बिनियोजन भैसकेको छ।
- वडा कार्यालय भवनमा तल्ला थप गर्ने कार्य सम्पन्न भई वडा कार्यालयको दैनिक कार्य सम्पादनमा सहजता आएको छ।
- वडामा चौबिसै घण्टा बिधुत आपूर्ति हुनेगरी इन्भर्टरको जडान गरिएकोले सेवा प्रबाहमा बिद्युत आपूर्तिमा समस्या हुँदा समेत कुनै प्रभाव परेको छैन।
- बिशेस्वर सिंचाई कुलो मर्मत कार्य सम्पन्न भएपश्चात् कुलो प्रभावित क्षेत्रका करिब ७० घरपरिवारहरुको लगभग ५०० रोपनी कृषियोय जमिनमा बाह्रै महिना सिंचाई सुबिधा प्रप्त भएको छ।
- वडामा गोरेटो बाटो निर्माण, मन्दिर निर्माण, खानेपानी योजना, खेल मैदान निर्माण,स्वास्थकेन्द्र भवन स्तरोन्नत्ती, तटबन्ध निर्माण, बिद्यालय रंगरोगन तथा प्रारम्भिक बाल बिकास कक्षाका बिद्यार्थिका निम्त्ति भुईखाट निर्माण,सामुदायीक भवन निर्माण जस्ता प्रत्यक्ष परिणाममुखी भौतिक निर्माण कार्यले वडाबासी हरुले केहि मात्रामा भएपनि भौतिक सहजता र सुबिधा उपभोग गर्न पाएकाछन।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडाका ११५ जना बेरोजगार ब्यक्तिहरुले प्रत्यक्ष रोजगार पाई नयाँ सडक खन्ने र पुरानो सडक मर्मत कार्य गरिएको छ।
- अनिवार्य तथा निशुल्क वडा घोषण कार्यक्रम औपचारिक रुपमा सम्पन्न भएको।

## थाहा नगरपालिका वडा नम्बर ६

### सेवाप्रवाह सम्बन्धी कार्य:

| सिफारिस सम्बन्धी विवरण (संख्या) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नम्बर | नयाँ नागरिकता | प्रतिलिपी नागरिकता | चार किल्ला प्रमाणित | घरबाटो सिफारिस | नाता प्रमाणित | आम्दानी खर्च प्रमाणित | अंग्रेजीमा सिफारिस | जग्गा नामसारी सिफारिस | विद्युत मिटर सिफारिस | व्यवसाय दर्ता | अन्य सिफारिस |
| ६ | १२६ | ९४ | १५५ | १६९ | १२९ | ६९ | १८० | ३१ | २३ | ३३ | ९७४ |

### दर्ता चलानी संख्या:

| वडा नम्बर | पत्र दर्ता संख्या | पत्र चलानी संख्या |
|---|---|---|
| ६ | २१०४ | १७३० |

### सुसासन सम्बन्धी भएका कार्यहरु:

- सेवाग्राहीमैत्री वातावरण निर्माण,
- कागजपत्र फोटोकपी गर्न बाहिर जानुनपर्ने,
- सेवाग्राहीलाई आवश्यक पर्ने निवेदन (धेरै प्रयोगमा आउने खालको) फर्मेट कार्यालयबाट प्राप्त हुने,
- सम्भव भएसम्म सेवा लिन आउने सेवाग्राही कार्य सम्पादन नभई फर्किने वातावरण नबनाएको,

### अनुकरणीय कार्यहरु :

- वडा भित्र रहेका सामुदायिक विद्यालयमा कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीलाई निशुल्क ट्र्याकसुट वितरण,
- विद्यार्थी पोषण कार्यक्रम सञ्चालन गरी वडा भित्र रहेका सामुदायिक विद्यालयमा कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीलाई दैनिक १०० मि.लि. शुद्द दुध वितरण,
- नगरपालिका स्थापना भए पश्चात हालसम्म कुनै पनि वडाबाट एक आ.व. मा संकलीत सबैभन्दा बढि राजश्व रकम यस आ.व. मा संकलन गरिएको ।

## थाहा नगरपालिका वडा नम्बर–७

### सेवाप्रवाह सम्बन्धी कार्य:

| सिफारिस सम्बन्धी विवरण (संख्या) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नम्बर | नयाँ नागरिकता | प्रतिलिपी नागरिकता | चार किल्ला प्रमाणित | घरबाटो सिफारिस | नाता प्रमाणित | आम्दानी खर्च प्रमाणित | अंग्रेजीमा सिफारिस | जग्गा नामसारी सिफारिस | विद्युत मिटर सिफारिस | व्यवसाय दर्ता सिफारिस | अन्य सिफारिस |
| ७ | १५६ | ४७ | ३५ | २६ | ४५ | २५ | १०२ | ३ | २ | ३ | ४५७ |

### दर्ता चलानी संख्या:

| वडा नम्बर | पत्र दर्ता संख्या | पत्र चलानी संख्या |
|---|---|---|
| ७ | ३९३ | ९०१ |

### सुसासन सम्बन्धी भएका कार्यहरु:

- निष्पक्ष र कुनै सेवा वापत केही अपेक्षा नगरी कार्य गरेको ।

## थाहा नगरपालिका वडा नम्बर ८

### सेवाप्रवाह सम्बन्धी कार्य:

| सिफारिस सम्बन्धी विवरण (संख्या) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नम्बर | नयाँ नागरिकता | प्रतिलिपी नागरिकता | चार किल्ला प्रमाणित | घरबाटो सिफारिस | नाता प्रमाणित | आम्दानी खर्च प्रमाणित | अंग्रेजीमा सिफारिस | जग्गा नामसारी सिफारिस | विद्युत मिटर सिफारिस | व्यवसाय दर्ता सिफारिस | अन्य सिफारिस |
| ०८ | १३४ | ४८ | ११ | ३१ | ५३ | ३ | ६० | ३ | ९ | १ | ६१७ |

### दर्ता चलानी संख्या:

| वडा नम्बर | पत्र दर्ता संख्या | पत्र चलानी संख्या |
|---|---|---|
| ८ | २५ | ७८८ |

### शाखाबाट अनुकरणीय कार्यहरु :

- सामाजिक सुरक्षा लाभग्राहीलाइ बैंक सँग समन्वय गरी वडा भित्रै सामाजिक सुरक्षा भत्ता उपलब्ध।
- जिल्ला प्रशासन संग समन्वय गरी अशक्तलाइ वडा भित्रै नागरीकता उपलब्ध।

## थाहा नगरपालिका वडा नम्बर ९

### सेवाप्रवाह सम्बन्धी कार्य:

| क्र.सं. | विवरण | कूल संख्या | कै. |
|---|---|---|---|
| १. | घरबाटो सिफारिस | २०३ | |
| २. | चार किल्ला सिफारिस | ७० | |
| ३. | घरजग्गा नामसारी सिफारिस | २८ | |
| ४. | नागरिकता सिफारिस | ११२ | |
| ५. | नागरिकता प्रतिलिपि सिफारिस | ७४ | |
| ६. | नाता प्रमाणित सिफारिस | १८१ | |
| ७. | अन्य | १२९५ | |
| | जम्मा | १७७७ | |

### दर्ता तथा चलानी सम्बन्धी विवरण

| क्र.सं. | चलानी संख्या | दर्ता संख्या | कै. |
|---|---|---|---|
| १. | १७७७ | १४५१ | |

आ.व. ०८०।०८१ मा भौतिक पूर्वाधार बाहेक शिक्षा तथा स्वास्थ्य शीर्षकमा रु. १० लाख बजेट विनियोजन गरिएको र सो बजेटबाट यस वडाका ५ वटा सरकारी विद्यालयहरुमा एक/एक जना अङ्ग्रेजी शिक्षक नियुक्ति गरी सोही बजेटबाट तलब भत्ता वितरण गरिएको छ।

### गैरसरकारी सँस्थाहरुको सहकार्यमा भएको राम्रो काम:

- आ.व. ०८०।०८१ मा यस वडा कार्यालयको पहलमा च्वाईस ह्युम्यानेटेरियन नेपाल तथा डोटेरा नेपालको सहकार्य तथा थाहा नगरपालिकाको संयुक्त लगानीमा यसै वडास्थित टुपिखेलमा चित्लाङ्ग स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न गरिएको।

### वडा कार्यालयका अनुकरणीय कार्यहरु

- वडा कार्यालयको खर्चमा यस वडाका एक विद्यार्थीलाई यसै वडास्थित थाहा पोलिटेक्निक ईन्स्टिच्यूटमा सिभिल ईन्जिनियरिङ्ग विषय पढाइएको,
- वडा कार्यालयबाट शिक्षा तथा स्वास्थ्य शिर्षकमा रु. १० लाख बजेट विनियोजन गरी सोही बजेटबाट तलब प्रदान गर्ने गरी यस वडाका ५ वटा विद्यालयहरुमा एक/एक जना शिक्षक उपलब्ध गराईएको र आगामी आ.व. मा समेत त्यसलाई निरन्तरता दिईने,
- मिति २०८०।०४।२५ गते यसै वडाका श्री धनलाल पोडेको घरमा आगलागी भएको र आगलागीबापतको भएको क्षतिको लागि यस वडाबाट आवश्यक रकम क्षतिपूर्ति स्वरुप उपलब्ध गराइएको,
- गणेशमान सिं मार्ग (चित्लाङ्ग-चन्द्रागिरी-थानकोट सडक) को मर्मत सम्भारका लागि यस वडा कार्यालयको उल्लेखनीय भूमिका रहेको साथै उल्लेखित सडकखण्डका बारेमा समय समयमा सार्वजनिक सूचना जारी गरी सर्वसाधारणलाई सूचित गरिएको,
- राणाकालिन समयमा तराईबाट भिमफेदीहुँदै काठमाडौंसम्म गाडि बोकेर लगेका मानिसहरुमध्ये यस वडाका स्थायी वासिन्दा श्री धनदेव गोलेको सम्झनामा **धनदेव गोले पार्क** निर्माणको लागि डिपिआर तयार गरी यसै आ.व. मा रु १० लाख बजेट विनियोजन गरी आवश्यक संरचनाहरु निर्माण गर्न सुरु गरिएको

## थाहा नगरपालिका वडा नम्बर–१०

### सेवाप्रवाह सम्बन्धी कार्य:

| क्र.सं. | विवरण | कूल संख्या | कै. |
|---|---|---|---|
| १. | घरबाटो सिफारिस | ९७ | |
| २. | चार किल्ला सिफारिस | ४० | |
| ३. | घरजग्गा नामसारी सिफारिस | १५ | |
| ४. | नागरिकता सिफारिस | ८० | |
| ५. | नागरिकता प्रतिलिपि सिफारिस | ३७ | |
| ६. | नाता प्रमाणित सिफारिस | ११२ | |
| ७. | अन्य | १००१ | |
| | जम्मा | १३८२ | |

### दर्ता तथा चलानी सम्बन्धी विवरण

| क्र.सं. | चलानी संख्या | दर्ता संख्या | कै. |
|---|---|---|---|
| १. | १३८२ | २८५ | |

## थाहा नगरपालिका वडा नम्बर–११

### सेवाप्रवाह सम्बन्धी कार्यः

| सिफारिस सम्बन्धी विवरण (संख्या) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नम्बर | नयाँ नागरिकता | प्रतिलिपी नागरिकता | चार किल्ला प्रमाणित | घरबाटो सिफारिस | नाता प्रमाणित | आम्दानी खर्च प्रमाणित | अंग्रेजीमा सिफारिस | जग्गा नामसारी सिफारिस | विद्युत मिटर सिफारिस | व्यवसाय दर्ता सिफारिस | अन्य सिफारिस |
| ११ | १३५ | ३५ | १७ | १५ | ५४ | ७ | ८७ | ८ | १० | ४ | ४४१ |

### दर्ता चलानी संख्याः

| वडा नम्बर | पत्र दर्ता संख्या | पत्र चलानी संख्या |
|---|---|---|
| ११ | ११३ | ६५० |

### वडाबाट सञ्चालन भएका कार्यक्रमहरुः

- सुधारिएको फलामे चुल्हो वितरण
- कृषि विउविजन वितरण
- विपद व्यवस्थापन निर्माण सामाग्री खरीद
- सिलाइ कटाइ तालिम संचालन

### सुसासन सम्बन्धी भएका कार्यहरुः

- नियमित रुपमा कार्यसम्पादन
- सूचना पाटी, उजुरी पेटिका, नागरिक बडापत्रको व्यवस्था
- जनप्रतिनिधि र टोल विकास संस्थासँग समन्वय आदि ।

### गैरसरकारी संस्था तथा अन्य संस्थाहरुसंगको सहकार्यमा भएको राम्रा काम

- च्वाइस नेपालसँगको साझेदारीमा कृषि विउविजन वितरण,
- ट्रिनिटी कार्लस्टार्ड स्वीडेनको साझेदारीमा सुधारिएको फलामे चुल्हो वितरण,
- Being Youth संगको सहकार्यमा सिलाइ कटाइ तालिम संचालन,

### अनुकरणीय कार्यहरु

- छिटो छरितो सेवाप्रवाह
- समयमै कार्यसम्पादन

## थाहा नगरपालिका वडा नम्बर–१२

### सेवाप्रवाह सम्बन्धी कार्य:

| सिफारिस सम्बन्धी विवरण (संख्या) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नम्बर** | नयाँ नागरिकता | प्रतिलिपी नागरिकता | चार किल्ला प्रमाणित | घरबाटो सिफारिस | नाता प्रमाणित | आम्दानी खर्च प्रमाणित | अंग्रेजीमा सिफारिस | जग्गा नामसारी सिफारिस | विद्युत मिटर सिफारिस | व्यवसाय दर्ता सिफारिस | अन्य सिफारिस |
| १२ | ११ | ११० | १३ | १४ | ४३ | ५ | १४२ | ७ | १३ | ७ | ५६७ |

### दर्ता चलानी संख्या

| वडा नम्बर | पत्र दर्ता संख्या | पत्र चलानी संख्या |
|---|---|---|
| १२ | १३० | ८०८ |

### सुशासन सम्बन्धी कार्यहरु :

- नीतिगत, कानून अनुसार कार्य सम्पादन

### गैरसरकारी संस्था सहकार्य:

- च्वाइस नेपालसंगको साँझेदारीमा खानेपानी परियोजना निर्माण

### अनुकरणीय कार्य:

- प्रत्येक टोलमा पुगेर व्यक्तिगत घटना दर्ता तथा सचेतनामुलक कार्यक्रम गरिएको ।

## निष्कर्ष

नेपालको संविधानमा राज्यको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीन तहको वीचमा आपसी सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित शासन व्यवस्था सञ्चालन हुने प्रावधान रहेको छ। संघ, प्रदेश र स्थानीय तह समग्र नेपालका शासकीय इकाईहरु हुन् । यी सबैको उद्देश्य आर्थिक सामाजिक विकास गर्दै सामाजिक न्याय कायम गर्नु हो । संविधानमा उल्लेखित प्रावधान अनुसार स्थानीय तहहरुमा व्यवस्थापिकाको रुपमा नगरसभा , कार्यपालिकाको रुपमा नगर कार्यपालिका र न्यायपालिकाको रुपमा न्यायिक समिति गठन हुने व्यवस्था रहेको छ। संविधानको व्यवस्था वमोजिम तीन वटै अङ्गहरुले नियमित रुपमा कार्य सम्पादन गर्दै आएका छन्। सार्वजनिक सेवा प्रवाहलाई नागरिकको आवश्यकता अनुरुप सञ्चालन गरी अपनत्व महसुस हुने गरी विकास निर्माण प्रक्रियामा सहभागिता गराई दिगोपना कायम गराउने प्रयत्नहरु भइरहेका छन्।

मुख्यतः राज्यका अङ्गहरुका वीचमा एक आपसमा समन्वय गर्दै संविधानमा गरिएको व्यवस्थाहरु कार्यन्वयन गर्नु आजको आवश्यकता हो । यस नगरपालिकाले शासन प्रणालीलाई पारदर्शी, जवाफदेही बनाउन, सुशासन कायम गर्न र आम नागरिकलाई हरेक विकास निर्माण प्रक्रियामा सहभागी गराउन विभिन्न ऐन, नियमावली , कार्यविधिहरु जारी गरी कार्यान्वयन गरिरहेको छ। सोही वमोजिम नागरिकलाई नगरबाट सञ्चालित हरेक कार्यक्रमको बारेमा जानकारी होस भन्ने हेतुले सम्पूर्ण सूचना तथा जानकारी यस नगरपालिकाको वेबसाइट www.thahamun.gov.np मा राख्नु, फेसवुक पेजमार्फत सार्वजनिक गर्नु, कार्यालयमा नागरिक वडापत्र, गुनासो पेटिका, चौमासिक एवं वार्षिक रुपमा सार्वजनिक सुनुवाई, सूचनाको हकको ऐन, २०६५ ले व्यवस्था गरे वमोजिम तीन/तीन महिनामा अध्यावधिक विवरण नियमितरुपमा सार्वजनिक गर्नु, स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गर्ने र स्थानीय रेडियो, पत्रिपत्रिका तथा अनलाइन सञ्चार माध्यमहरु मार्फत नागरिकको सूचनाको हकको प्रत्याभूति गर्न सक्ने अवस्था सृजना गरेको छ । १९१.१२ वर्गकिलोमीटर क्षेत्रफलमा फैलिएको, १२ वटा वडामा विभाजित थाहा नगरपालिकामा शिक्षा, स्वास्थ्य, पूर्वाधार, सञ्चार, विद्युत लगायत अन्य क्षेत्रका कार्यक्रमहरु सञ्चालनमा छन्। सार्वजनिक प्रशासनलाई व्यवसायिक प्रतिस्पर्धी बनाउँदै प्रशासनिक क्षेत्रमा आउने नयाँ अवधारणा र सूचना प्रविधिको प्रयोग गर्दै सेवाग्राहीको आवश्यकतामा आउने परिवर्तनसँगै विद्युतीय शासन मार्फत सुशासन प्रवर्द्धन गर्नुपर्ने हुन्छ। समयको परिवर्तनसँगै चुनौती र अवसरहरु थपिँदै गइरहेका छन्।

कुशल व्यवस्थापन मार्फत (प्रभावकारी प्रशासन संयन्त्र) चुनौतीलाई सामना गरी अवसरको रुपमा रुपान्तरण गर्न सक्ने हुनुपर्छ। शहरतर्फ उन्मुख नागरिकहरुलाई आफ्नै गाउँ घरमा बस्ने वातावरण निर्माणका लागि कृषि एवं पशु क्षेत्रको विकासमा आधुनिकीकरणको माध्यमवाट रोजगार तथा स्वरोजगार सिर्जना गर्ने गरी कार्यक्रमहरु सञ्चालन भएका छन् । बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन विद्यालय शिक्षामा सुधारका अभियानहरु सञ्चालन गरिएको छ। यस नगरपालिकाले सम्मृद्ध नगर स्थापनाका लागि सहकारी, निजी र सामुदायिक क्षेत्रलाई परिचालन गर्दै आर्थिक विकासका क्रियाकलापहरुमा सहभागी गराउँदै आएको छ। दिगो र भरपर्दो योजनाहरु सञ्चालन गरेर नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने गरी कार्यक्रमहरु सञ्चालन हुन आवश्यक छ। आगामी दिनमा नगरलाई थप सुदृढ र सम्वृद्ध बनाउन नगरको सम्रग विकासको मार्ग चित्र सहितको आवधिक योजनाले तय गरेको ठोस लक्ष्यहरु प्राप्तितर्फ उन्मुख रहने गरी नीति तथा बजेट र कार्यक्रमहरु निर्माण, अत्याधुनिक डम्पिङ साइट, अत्याधुनिक बस पार्कको विकास, थाहा पार्क, थाहा शीतभण्डारको निर्माण विभिन्न सडकहरु स्तरोन्नती, पार्क, चिल्ड्रेन पार्क, ज्येष्ठ नागरिक दिव सेवा केन्द्रहरुको निर्माण र स्थापना, विश्राम स्थलहरुको निर्माण, औद्योगिक ग्रामहरुको निर्माण, हरेक वडाहरुमा कम्तिमा एउटा नमूना विद्यालयको विकास जस्ता महत्वपूर्ण आयोजनाहरु सञ्चालन गर्ने ध्येयका साथ यस नगरपालिकाले आफ्ना गतिविधिहरु सञ्चालन गर्नु पर्छ। यसतर्फ भावी योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका आधारमा सम्पादन गर्दै जानुपर्ने देखिन्छ।